# वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ९ पूर्णाङ्क ४३५ | २०८२ भदौ १६ गते सोमबार | Monday 1 Sept;, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।–


## क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको ललितपुरको जिल्ला सम्मेलन सम्पन्न

❑ कुमार भट्टराई

काठमाडौँ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको एकताको ९ औ ललितपुर जिल्ला सम्मेलन शनिबार सम्पन्न भएको छ । पार्टीका कार्यवाहक महासचिव सीपी गजुरेल गौरवको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनले विश्वासको नेतृत्वमा २५ सदस्यीय जिल्लाका कार्यसमिति निर्वाचित गरेको छ । शनिवार लगनखेलमा सम्पन्न सम्मेलनको उद्धाटन गर्दै कार्यवाहक महासचिव बाँकी ७ पेजमा



# चीनको जिएसआईमा नेपालको समर्थन ?

काठमाडौँ । नेपालका प्रधानमन्त्री केपी शर्मा ओली अहिले चीन भ्रमणमा छन् । उनले एकातिर चिनियाँ राष्ट्रपति सि जिनपिङसँग चीन भारतबिचको लिपुलेक पास सम्झौताप्रति कडा आपत्ति जनाएको भन्दै सकारात्मक टिप्पणी भइरहेको छ भने अर्कोतिर चीनको रणनीतिक सुरक्षा अवधारणा ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई)लाई नेपालले समर्थन गरेको चीनको दावीसहितको समाचार बाहिरिएपछि त्यसको विरोध भइरहेको छ। चिनियाँ विदेश मन्त्रालयको वक्तव्य र समाचारहरूमा प्रधानमन्त्री केपी शर्मा ओली र चिनियाँ राष्ट्रपति सी चिनफिङबीचको वार्तामा लिपुलेक सम्झौताको विषयमा आपत्ति प्रकट गरेको विषय कतै उल्लेख गरिएको छैन । तर नेपाल सरकारका परराष्ट्र सचिव अमृतबहादुर राईले भिडियो सन्देशमार्फत् यसको एकतर्फी दावी गरेका छन् र बेइजिङस्थित नेपाली दूताबासले पनि वक्तव्य निकालेर लिपुलेक सम्झौताको विषयमा आपत्ति प्रकट गरेको दावी गरिएको छ । त्यस्तै चिनियाँ पक्षले नेपालले चीनको जिएसआईमा समर्थन गरेको एकपक्षीय दावीलाई नेपाली अधिकारीहरूले भने खण्डन गरेका छन् । त्यस्तो विषयमा द्विपक्षीय वार्तामा कुरै नभएको दावी गरिरहेका छन् । शनिबार तियानजिनमा द्विपक्षीय वार्ता भएको थियो, लगत्तै चीनले जारी गरेको विज्ञप्तिमा नेपालले जीएसआईलाई समर्थन गरेको दाबी गरिएको छ ।

नेपालले विगत लामो समयदेखि असंलग्न परराष्ट्र नीतिको पक्षमा आफूलाई उभ्याउँदै आएको छ। कुनै पनि सैन्य गठबन्धनमा आबद्ध नहुने जनाउँदै आएको छ । नेपालको अहिलेको संविधानको धारा ५१ मा 'राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व' अन्तर्गत नेपालको परराष्ट्र नीति असंलग्नता र पञ्चशीलका आधारबाट निर्देशित हुने व्यवस्था गरिएको छ। तर अमेरिकाको इन्डो-प्यासिफिक रणनीति (आईपीएस)को अभिन्न अंगको रूपमा रहेको एमसीसी सम्झौतालाई नेपालको संसदबाट अनुमोदन गरेपछि र सन् २०१९ बाट नेपाली सेनालाई इन्डो-प्यासिफिक अन्तर्गत जमिनी रणनीतिक सैन्य साझेदारको रूपमा हरेक सैन्य अभ्यासमा संलग्न गराउँदै आएको छ। हालै थाइलैण्डमा सम्पन्न भएको इन्डो प्यासिफिक राष्ट्रका सेना प्रमुखहरूको सम्मेलनमा पनि नेपाली सेनाका प्रमुख अशोक सिंग्देल सहभागी भएका थिए । यसका साथै नेपालले युक्रेन-रुस युद्ध र इजरेल-प्यालेस्टाइन युद्धमा अमेरिकाको पक्षमा उभ्याएर असंलग्न परराष्ट्र नीतिको सन् २०१८ डिसेम्बरमा नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको अमेरिका भ्रमणका क्रममा आईपीएसका विषयमा छलफल भएको थियो। ज्ञवाली र उनका अमेरिकी समकक्षी माइक पोम्पिओबीचको भेटमा यस विषयमा छलफल भएको विषय अमेरिकी स्टेट डिपार्टमेन्टले नै वक्तव्य निकालेर दावी गरेको थियो । यसको चर्को आलोचना भएको थियो भने ओली नेतृत्वको तत्कालीन सरकारले आईपीएसमा सहभागिता नजनाउने निर्णय गरेको थियो। त्यसपछि शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारले ६ असार २०७९ मा आईपीएसअन्तर्गत रहेको अमेरिकी कार्यक्रम स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) मा पनि सहभागिता नजनाउने निर्णय गरेको थियो । तर नेपाली सेनाले भने आइपीएअन्तर्गतका संयुक्त सैन्य अभ्यासहरूमा भने भाग लिदै आएको छ ।

१५ मार्च २०२३ मा भएको चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को विश्वका राजनीतिक दलहरूसँगको उच्चस्तरीय संवादमा पनि राष्ट्रपति सीले जीएसआईमा सहभागी हुन प्रस्ताव गरेका थिए। १०० भन्दा बढी देशले समर्थन गरिसकेको भनिएको जीएसआईमा नेपाललाई समेत जोड्न चीनले बारम्बार प्रयत्न गर्दै आए पनि नेपाल आफ्नो प्रतिबद्धतामा अडिग रहँदै आएको छ। चीनको विदेश मन्त्रालयअन्तर्गत एसिया मामिला विभागका महानिर्देशक लिउ जिनसङले चीनका लागि नेपालका तत्कालीन राजदूत श्रेष्ठसँग १४ पुस २०७९ मा भएको भेटवार्तामा जीएसआईमा नेपालले सहभागिता जनाइदिओस् भनेर आग्रह गरेका थिए। भेटको भोलिपल्ट चिनियाँ विदेश मन्त्रालयले विज्ञप्ति जारी गर्दै बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई), ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जीडीआई) र ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) कार्यान्वयनमा संयुक्त प्रवर्द्धन र साझा अवधारणाका साथ अघि बढाउन चाहेको उल्लेख थियो ।

त्यस्तै २९ जेठ २०८० मा राष्ट्रिय सभाका तत्कालीन अध्यक्ष गणेश तिमल्सिनाको चीन भ्रमणमा पनि चिनियाँ राष्ट्रिय जनकंग्रेसका अध्यक्ष चाओ लचीले जीएसआईमा सहभागिता जनाउन नेपाललाई आग्रह गरेका थिए। प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार रहेका बेला असोज २०७९ मा राष्ट्रपति विद्यादेवी भण्डारीले जीएसआईसम्बन्धी भर्चुअल सम्मेलनमा सहभागिता जनाएकी थिइन् । उनले चाइनिज पिपुल्स एसोसिएसन फर पिस एन्ड डिसआर्मामेन्ट (सीपीएसपीडी) द्वारा आयोजित कार्यक्रममा भिडियो सम्बोधन पनि गरेकी थिइन्। संयुक्त राष्ट्रसंघले सन् १९८१ देखि मनाउँदै आएको अन्तर्राष्ट्रिय 'पिस डे' को सन्दर्भमा बेइजिङमा 'विश्वमा शान्ति र स्थायित्व कायम राख्नका लागि ग्लोबल सेक्युरिटी इनिसिएटिभ' शीर्षकमा साथ भएको थियो। सुरक्षा रणनीतिसम्बन्धी कार्यक्रममा बोलेका कारण त्यति बेला राष्ट्रपति भण्डारीको देशभित्र आलोचना भएको थियो ।

***नेपाली अधिकारीहरूको खण्डन***

शनिबार तियानजिन ओर्लेलगत्तै प्रधानमन्त्री ओलीले राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गरेका थिए। परराष्ट्र सचिव अमृतबहादुर राईका अनुसार प्रधानमन्त्री बाँकी ७ पेजमा

## महानगरको एकता सम्मेलन सम्पन्न



❑ विवेक शर्मा

काठमाण्डौ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, काठमाडौं महानगरको एकताको सम्मेलन पोलिटब्युरो सदस्य एंवम ९ न.ब्युरो सेक्रेटरी चिन्तामणि पौडेलको प्रमुख आथित्यतामा ,जिल्ला सचिव केदार खतिवडा र महानगर इन्चार्ज बन्धुदेव पान्डेको आतिथ्यतामा २०८२ भदौ १४ गते सिद्धेश्वर मावि.तिनकुनेमा सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पौडेलले पार्टी संगठनलाई मजबुत बनाउन एकता र संगठन विस्तार अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो। उहाँले पार्टी कार्यकर्ताले जनताबीच पुगेर क्रान्तिकारी विचार र संगठनलाई विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। त्यस्तै, जिल्ला सचिव खतिवडा र महानगर इन्चार्ज पान्डेले संयुक्त रूपमा आगामी दिनमा पार्टीलाई जनतामुखी बनाउन एकताबद्ध भएर काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। बाँकी ७ पेजमा

# ऊखु किसानको आन्दोलनप्रति क्रान्तिकारी किसान महासंघको ऐक्यबद्धता

नवलपरासी । क्रान्तिकारी किसान महासंघ नेपालले ऊखु उत्पादक किसानको आन्दोलन प्रति ऐक्यबद्धता जनाएको छ। ऊखु उत्पादक किसानको माग पूरा गर्न र भुमि बिद्येयक खारेज गर्न महासंघले माग गरेको हो ।

महासंघका जिल्ला संयोजक रामचन्द्र पोखरेलले आइतवार एक प्रेस बिज्ञप्ति जारी गर्दै उक्त माग पूरा गर्न ध्यानकर्षण गराएका हुन् । पोखरेलद्वारा हस्तक्षरित बिज्ञप्तिमा भनिएको छ - 'अतः यतिबेला ऊखु किसानहरू आन्दोलत छन् । कृषि प्रधान देश भनिएपनि सबै प्रकारका किसानले समयमा मल बीउ सिंचाई पाउन सकिराखेका छैनन् । किसानको कृषि उपजले उचित मुल्य पाउन सकेको छैन। यो बिकराल अवस्था प्रति क्रान्तिकारी किसान महासंघ नेपाल जिल्ला संगठन समितिको गम्भिर ध्यानाकर्षण भएको छ। तसर्थ हाम्रो संगठन उखु किसानलाई दिइदै आएको प्रतिक्विन्टल ७० रूपैया अनुदान हटाउने वा घटाउने दुवै हर्कत नगर्न र किसानलाई थप अनुदान प्रदान गर्न सरकारलाई चेतावनी दिन चाहन्छ । साथै श्रमजिवी उखुँ उत्पादक किसानको आन्दोलन प्रति ऐक्यबद्धता जाहेर गर्दछ ।'



महासंघले भारतबाट आयात हुने बिषादीयुक्त कृषिजन्य उत्पादन जस्तैः तरकारी, फलफूल, माछा, मासु र दुधजन्य आयातमा रोक लगाउन, कृषकलाई मल बीउ समयमै उपलब्ध गराई त्यसको बैज्ञानिक वितरण गर्न र सिंचाईको उचित ब्यवस्थापन, कृषि उपजको समयमै उचित सर्मथन मुल्य तोक्न समेत माग दोहोर्याएको छ। बिज्ञप्तिको अन्त्यमा थप भनिएको छ - 'सरकारले किसान बिरोधी एंव बहुराष्ट्रिय कम्पनी पोस्ने भुमि बिद्येयक ल्याएको हुदाँ किसानमारा उक्त बिद्येयकको खारेजीको लागि संर्घषमा उत्रन हाम्रो संगठन किसान बर्ग तथा सबै सरोकारवालासंग आग्रह गर्दछ ।'

यसैबीच सरकारले अनुदान कटौती गरेको विरोधमा देशैभरिका उखु किसानले आजदेखि काठमाडौँको माइतीघरमा बाँकी ७ पेजमा

## घोराही उपमहानगरपालिकालाई क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालद्वारा बुझायो २८ बुँदे ज्ञापन पत्र




दाङ । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले घोराही उपमहानगरपालिकालाई २८ बुँदे ज्ञापन पत्र बुझाएको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल घोराही नगर समितिले घोराही उपमहानगरपालिका कार्यालय पुगेर नगर भित्र तत्काल गर्नुपर्ने दिर्घकालिन योजना सिमेन्ट उद्योगले नागरिकको स्वास्थमा पारेको वातावरणीय प्रभाव , भारतीय फलफूल तथा तरकारी अत्याधिक बिषादी प्रयोग, त्यसको गुणस्तरीयता, घोराहीमा पर्यटनको विकास, घरेलु उद्योगका बिषयमा, शिक्षा , स्वास्थ्य प्रति पालिकाको कमजोरी पक्ष , स्थानीय मुद्दाका साथै बाँकी ७ पेजमा

## लिपुलेक पास सहमति खारेज गर्नका लागि दुवै देशसँग कुटनीतिक पहल गर्न भन्दै प्रधानमन्त्रीलाई नौ वामको ज्ञापनपत्र

काठमाडौं । नेपाली भूमि लिपुलेकमा व्यापारिक मार्ग सञ्चालन गर्ने चीन र भारतको सहमति खारेजीका लागि पहल गर्न भन्दै प्रधानमन्त्री केपी ओलीलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायतका नौं वटा वाम घटकले ज्ञापन पत्र बुझाएका छन् । भदौ १२ गते बुझाइएको ज्ञापन पत्रमा भनिएको छ, "नेपालका दुई ठूला र शक्तिशाली निकटतम् छिमेकीहरूद्वारा यस प्रकारको कार्य हुनु अत्यन्त खेदजनक विषय हो । अतः हामी निम्न अनुसारका दलहरूले उक्त सहमति खारेज गर्नका लागि दुबै देशसँग कुटनीतिक पहल गर्न सम्माननीय प्रधानमन्त्रीज्यु तथा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन यो ज्ञापनपत्र प्रस्तुत गरेका छौ

***यस्तो छ ज्ञापन पत्रको पूर्णपाठ :***

*सम्माननीय प्रधानमन्त्री*
*मन्त्रीपरिषदको कार्यालय*
*सिंहदरबार, काठमाडौं ।*
*सम्माननीयज्यु*
*विषयस् ज्ञापनपत्र*

*मितिः २०८२/०५/१२*

१- चीनका विदेशमन्त्री वाङ्ग यीले यही २०२५ अगस्त १८(१९ सम्म गरेको २ दिने भारत भ्रमणको क्रममा भारत र चीन बीच नेपाली भूमि लिपुलेक भञ्ज्याङबाट द्विदेशीय व्यापार पुनः सञ्चालन गर्ने भनी सहमति भएको भन्ने विषय प्रति हाम्रो गम्भीर ध्यान आकृष्ट भएको छ ।

नेपाल र ईष्ट इन्डिया कम्पनी बीचमा ४ मार्च १८१६ मा भएको सुगौली सन्धिको मर्म र भावना, ब्रिटीश नेपाल बीचका ऐतिहासिक दस्तावेजहरू, ऐतिहासिक तथ्य र प्रमाणहरू, जनगणनाका तथ्यहरू, नागरिकहरूले मालपोतमा बुझाएका बाँकी ७ पेजमा

## छिमेकीसँग सीमा विवाद: पाखण्ड र प्रभूत्वको पराकाष्ठा



● परी थापा ●

भारतका प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदीले एक दशक अगाडि सन् २०१५ मा छिमेकी देश चीनको औपचारिक भ्रमण गरेका थिए । त्यस दौरानमा भारत र चीनका बीचमा नेपालको सहमति बिना नै नेपाली भूमि लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने सम्झौता गरेको प्रकाशमा आएको थियो । त्यसपछि भारत र चीनका बीचमा पूर्वमा दोक्लाम र पश्चिममा गलवान क्षेत्रका सीमा रेखामा घटेका झडपका घटनाहरू लगायत कोभिड महमारीको कारणले समेत गर्दा सो सहमति व्यवहारिक कार्यान्वयनमा आउन सकेको थिएन। अहिले अमेरिकाको पछिल्लो राष्ट्रपति निर्वाचनमा रिपब्लिकन पार्टीका तर्फबाट डोनाल्ट जोहन ट्रम्प पुनः राष्ट्रपतिमा चयन भएपछि उन्ले अख्तियार गरेको विदेश नीतिहरू खासगरेर व्यापारिक साझेदारहरूका विरुद्ध व्यापकरूपमा भन्सार शुल्क (ट्यारिफ) लगाउन थालेपछि विश्वको भूराजनीतिक अवस्थामा नयाँ परिस्थिति उत्पन्न हुन पुगेको छ ।

त्यसको परिणामस्वरूप नेपालका निकटतम् दुई छिमेकी देशहरू चीन र भारत-जो संसारकै दोस्रो र चौथो ठूलो अर्थतन्त्र हुन अनि जनसंख्याको हिसाबले दोस्रो र पहिलो ठूला देशहरू हुन-ले आपसी सम्बन्ध सामान्यीकरण गर्ने दिशामा कदम अगाडि बढाउन शुरु गरेका छन् । त्यस प्रकृयाको शुरुवातस्वरूप चीनका विदेशमन्त्री वाङ यी ले यही सन् २०२५ अगस्ट १९ मा आफ्नो औपचारिक भारत भ्रमण सम्पन्न गरिसकेकाछन् र त्यस दौरानमा सन् २०१५ मा भएको लिपुलेक हुँदै द्विपक्षीय व्यापार गर्ने सम्झौतालाई पुनः कार्यान्वनमा ल्याउने सहमति गरेका छन् । चीन र भारतका बीचमा भएको उक्त सहमतिले नेपालको सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता र सुरक्षामा समेत गम्भीर आघात पार्ने अवस्था सिर्जना हुन गएकोछ ।

***ऐतिहासिक पृष्ठभूमिः***

सन् १८१४-१६ को दौरानमा भएको अंग्रेज र नेपाल बीचको युद्धमा अंग्रेजको विजय र नेपालको पराजय भएपछि नेपाल र ब्रिटिश औपनिवेशिक भारतको सीमा रेखा स्थापित गर्नका लागि सुगौली सन्धि गरिएको थियो । त्यस प्रयोजनका लागि नेपाल र ईष्ट इन्डिया कम्पनि बीचमा २ डिसेम्बर १८१५ मा बिहारको सुगौलीमा उक्त सन्धिको मस्यौदा तयार पारिएको थियो भने ४ मार्च १८१६ तदनुसार १५ पुस १८८३ मा नेपालको मकवानपुर उपत्यकामा स्वीकृत गरिएको प्रति आदान-प्रदान गरिएको थियो । बाँकी २ पेजमा

## सम्पादकीय

# ‘इम्बोस्ड नम्बर प्लेट’ प्रणाली खारेज गर !

असोज १ देखि इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरेपछि अहिले सिंगो देश आन्दोलित छ । सवारी लाइसेन्स दिएर बसेका लाखौं नागरिकलाई समयमा लाइसेन्स दिन नसक्ने सरकारले पूर्वाधारविनै कमिसनको लोभमा इम्बोस्ड अनिवार्य गर्ने निर्णय गरेसँगै सर्वत्र विरोध भइरहेको छ । सामाजिक सञ्जालमा ‘नो इम्बोस्ड नम्बर’ अभियान नै चलाइएको छ । सामाजिक सञ्जालमा साढे पाँच अर्बको इम्बोस्ड नम्बर प्लेट परियोजनामा अनियमितता र कमिसनको खेलमा नागरिकलाई सास्ती दिन लागेको आरोप लगाएका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायतका राजनीतिक पार्टीहरूले पनि यसको विरोध गरेका छन् ।

लिखित र ट्रायल पास गरिसकेका २४ लाख नागरिकलाई पाँच वर्षदेखि सवारीचालक अनुमति-पत्र (लाइसेन्स) दिन नसकेको सरकारले फेरि इम्बोस्ड नम्बर प्लेट जडानको अर्को सास्ती थपिदिएको छ । त्यसमा पनि नेपाली अक्षरको सट्टा अङ्ग्रेजी अक्षर अनिवार्य गरिएको छ । त्यसको पनि आलोचना भइरहेको छ । सामाजिक सञ्जालमा धेरैले नेपाली नम्बर प्लेट हटाउने निर्णय नेपाली भाषालाई देशव्यापी प्रचलनबाट विस्थापित गर्ने योजना भएको पनि आरोप लगाएका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले देशभरका यातायात व्यवसायीहरूलाई तत्काल इम्बोस्ड नम्बर प्लेट जडान नगर्न भनेको छ । सरकारले आवश्यक भौतिक पूर्वाधार र प्रविधिको विकास नगरी एकतर्फी रूपमा इम्बोस्ड प्लेट अनिवार्य गर्ने निर्णय गरेको भन्दै महासङ्घले विरोध जनाएको हो ।

राष्ट्रिय पहिचान र देवनागरी लिपिसँग जोडिएको विषयलाई सरकारले संवेदनशील रूपमा लिन नसक्दा सुरुमै कानुनी अड्चन आयो । दुईपाङ्ग्रेका लागि २५००, तीनपाङ्ग्रेका लागि २९०० र चारपाङ्ग्रेका लागि ३६०० रूपैयाँसम्मको शुल्क आम नागरिकका लागि महँगो र अनावश्यक भार बनाएकाले विरोध भएको छ । त्यस्तै, अनलाइन फाराम भर्ने झन्झट, घण्टौं लाइन, अस्पष्ट प्रक्रिया र अव्यवस्थित वितरण प्रणालीले नागरिकलाई थप सास्ती दिएकाले पनि आक्रोश बढ्दै गएको छ ।

२०७३ जेठ १७ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था विभागले अमेरिकी र बंगलादेशी कम्पनी ‘डेकाटुर टाइगर आईटी’ सँग इम्बोस्ड नम्बर प्लेट छपाइ र जडानका लागि सम्झौता गरेको थियो । सम्झौतासँगै पाँच वर्ष अर्थात् २०७८ भित्रै २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने लक्ष्य राखेको थियो । यो प्रणालीले सवारीको डिजिटल रेकर्ड राख्न, चोरी नियन्त्रण गर्न र ट्राफिक नियम उल्लंघन गर्नेलाई पक्रन सजिलो बनाउने भनिएको थियो ।

२०७३ जेठ १७ मा यातायात व्यवस्था विभागले बंगलादेशी कम्पनी ‘डेकाटुर टाइगर आईटी’ सँग इम्बोस्ड नम्बर प्लेट छपाइ र जडानको लागि ४ करोड ३७ लाख ८७ हजार ५०० अमेरिकी डलर (तत्कालीन समयमा करिब साढे ४ अर्ब रूपैयाँ) को सम्झौता गरेको थियो । तत्कालीन मन्त्री रमेश लेखकको कार्यकालमा यो सम्झौता कार्यान्वयनको तयारी र आधारहरू तय गरिएका थिए ।

इम्बोस्ड नम्बर प्लेट २०७४ भदौ ५ गते देखि नेपालमा कार्यान्वयनमा आएको थियो । सुरुवाती प्रतिक्रियाः प्रविधि आधुनिक भए पनि प्लेटमा अङ्ग्रेजी भाषा (रोमन लिपि) प्रयोग गरिएकोमा असन्तुष्टि सुरु भयो । इम्बोस्डमा देवनागरी लिपिको सट्टा अङ्ग्रेजी भाषा प्रयोग गरिनु नेपालको संविधान र कानुनविपरीत भएको भन्दै अधिवक्ता भरतकुमार बस्नेतले २०७४ फागुन १० गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

उक्त रिटमाथि सुनुवाइ गर्दै प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले तत्कालका लागि इम्बोस्ड नम्बर प्लेट वितरण र जडान कार्य रोक्न अन्तरिम आदेश जारी भएको थियो । उक्त मुद्दामा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहित पाँच सदस्यीय संवैधानिक इजलासले इम्बोस्ड अङ्ग्रेजी भाषा प्रयोग गर्न रोक्नु नपर्ने भन्दै रिट खारेज गरिदियो । कमिसन र भ्रष्टाचारको नियत, नागरिकको डेटाको असुरक्षा र नेपाली लिपी निषेध गर्न खोजिएकोले यो इम्बोस्ड नम्बरलाई खारेज गरिनु पर्दछ । यो देश र जनताको हितमा छैन । खारेजीका लागि थप दबाब सिर्जना गर्न जरुरी छ ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# नर संहार र जाति संहार गर्ने इजरायल राज्य जबर्जस्ती बन्यो



● लोक नारायण सुवेदी ●

इजरायलले १९६७ मा जतिबेला पूर्वी जेरुशलेम, पश्चिम किनारा र गाजामा जबर्जस्ती कब्जा गरेर संयुक्त राष्ट्र संघको समस्या समाधान गर्ने महत्वपूर्ण योजनाको उल्लंघन गरेको थियो त्यसै बेलादेखि अरब भूमिमा इजरायल अबैध यहूदी बस्तीहरूको बिकास गरिरहेको छ र पेलिस्टिनीहरूलाई जबर्जस्ती बेदखल गरिरहेको छ ती मूलबासीहरूको आम नर हत्या र जातिय सफाया गरिरहेको छ । अनि उल्टै उनीहरूलाई नै कथित शरणार्थी भनेर लखेटिरहेको छ ।

पेलेस्टिनी लडाकु संगठन हमासले गएको १९ अगस्तका दिन भनेको छ कि गाजा शहरमा योजनाबद्धरूपमा मूख्य इजरायली हमलाभन्दा पहिला बार्तालाई नबिकृत गर्नका लागि १७ तारिखका दिन कतार र मिश्रद्वारा प्रस्तुत नयाँ युद्ध बिरामा प्रस्तावलाई उसले स्वीकार गरिसकेको छ । त्यो प्रस्ताव धेरैजसो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दूत स्टीभ विटकफको योजनामा आधारित छ जसमा इजरायलले कथितरूपमा सहमति ब्यक्त गरेको बताइन्छ । त्यसैको फलस्वरूपमा कतार र मिश्रले हमासमाथि प्रस्ताव स्वीकार गर्न दबाब दिए । यद्यपि हमासद्वारा शान्ति प्रस्ताव स्वीकार गरेको एकदिन पछि अर्थात २० अगस्टका दिन पुनः इज्रायलले बमबर्षा गरेको छ र ठूलो योजनाकासाथ त्यहाँ आक्रमण गर्ने आफ्नो नीतिकासाथ आम हत्या गर्न अगाडि बढिरहेको छ । इजरायलको यस कदमले कतार-मिश्र शान्ति योजनाको परिणामा अनिश्चित हुन पुगेको छ ।

प्रस्तावमा चालिस बर्षदेखि आजीवन कारावासको सजाय काटिरहेका क्रमश १४० बन्दीहरू र १४ बर्षभन्दा बढी देखिका ६० पेलिस्टिनी बन्दीहरूको बदलमा १० जीबित बन्धकहरूको रिहाई र १८ मृतक इजरायली नागरिकका शबहरू फिर्ता गर्ने प्रस्ताव राखिएको छ । अनि इजरायलले पनि सबै पेलिस्टिनी नाबालिकहरू र महिला बन्दीहरूलाई रिहा गर्ने कुरा त्यसमा छ । त्यतिबेला युद्ध बिरामा प्रभावी रहने छ र त्यस समयमा विटकफप प्रस्तावमा निर्दिष्ट नियमहरूका अनुसार इजरायली सेना पुन तैनाथ हुने छ अनि गाजाको जनसंख्यालाई मानबीय सहायता दिइनेछ ।

गएको १७ अगस्टका दिन तेल अभिभमा लगभग ४ लाख इज्रायलीहरूद्वारा ठूलो संख्यामा प्रदर्शनको क्रममा यो प्रगति भयो जसले पूरै देशमा भुइस्तरमा गरिएको झण्डै १० लाख मानिसहरूजतिको समर्थन प्राप्त थियो भनिन्छ । प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले भनेका थिए कि उनले कतार-मिश्र प्रस्तावका बारेमा सुनेका थिए । तर इतमार बेन ग्वीर जस्ता कट्टरपन्थीहरूले त्यस बिचारको बिरोध गरेका थिए । हुन त इज्रायलको रक्षा बल-आईडीएफ -का पूर्ब प्रमुख बेनी गेट्जले सिफारिश गरेका थिए कि नेतन्याहूले यो शान्ति प्रस्ताव स्वीकार गरुन् । २०२२ मा नेतन्याहूलको लिकुड पाटीद्वारा अति राष्ट्रबादी र अति अर्थोडक्स कट्टरपन्थी पार्टीहरूसँग मिलेर काम गर्न थालेपछि पेलिस्टिनीहरूसँग इज्रायलको सम्वन्ध झनै खराब बनेको थियो ।उनका बिरोधीहरूले त्यतिबेला भनेका थिए कि नेतन्याहूलाई कट्टरपन्थी पार्टीहरूसँग सम्झौतामा हस्ताक्षर गर्नका लागि बाध्य पारेका थिए जसले गर्दा उनका पूर्ब उदारबादी सहयोगीहरूले उनको सरकारमा भाग लिन अस्वीकार गरेका थिए । त्यसको कारण के थियो भने उनीहरू घुसखोरी, धोकाधडी र बिश्वासघातको आरोपमा चलेका मुद्दाहरूको सामना गरिरहेका थिए । उनका बर्तमान सहयोगी यूनाइटेड टोरा ज्यूडिज्म, शास, ओत्जमा येहूदित, धार्मिक बिचार भएका जायोनी पार्टी र न्यू होप पार्टी रहेका छन् जसले के मान्दछन् भने ‘इज्रायलको भूमिको सबै क्षेत्रमा यहूदीहरूको बिशेष र निर्बिबाद अधिकार छ’ । यसमा संयुक्त राष्ट्र पेलिस्टिन बिभाजन योजनाद्वारा पेलिस्टिनी अरबहरूलाई दिइएको भूमिको भाग पनि सामेल छ जसमा संयुक्त राष्ट्र महासभाद्वारा २९ नोभेम्बर १९४७ संकल्प १८२(९९९९)अनुरूप अपनाइएको थियो जसले तत्कालीन मौजुदा अरब पेलिस्टिन राज्य भित्र इजरायली नयाँ यहूदी राज्यको निर्माण गरेको थियो । नेतन्याहू र उनका अतिराष्ट्रबादी समर्थकहरू यस तथ्यलाई बेवास्ता र अनदेखा गर्ने गर्दै आएका छन् कि यहूदी राष्ट्रलाई केवल बृटिश मद्दतबाट पहिला र पछि अमेरिकीहरूको माध्यमले प्राप्त गर्न सकिन्थ्यो । त्यो पनि बिशेषरूपले यस कारण किनभने अमेरिकी राष्ट्रपति हेरी एस.ट्रुमेन संयुक्त राष्ट्रद्वारा पेलिस्टिन बिभाजनको लागि सहमत भएका थिए । त्यस्तो यसकारणले भएको थियो कि आधुनिक जायोनबादका जनक थ्योडोर हर्जेल १८९८ मा जर्मनीका सम्राट केशर विल्हेम दोश्रो र १९०१ म अटोमन सुल्तानसँग यहूदीहरूलाई ‘मातृभूमि’ दिन प्रस्तावको समर्थनका प्राप्त गर्नका लागि असमर्थ रहेका थिए । ज्ञाताहरूले के उल्लेख गरेका छन् भने - ‘हेरी एस.ट्रुमेन लाईब्रेरी एण्ड म्यूजियम’का उपलब्ध कागजातबाट संकेत मिल्दछ कि ती यहूदीहरू १९०३ मा अग्रेजद्वारा प्रस्तुत प्रस्ताव अन्तरगत युगाण्डा, साइप्रस या अर्जेण्टिनालाई स्वीकार गर्नका लागि पनि तयार थिए । त्यस मामिलामा रुसी यहूदी मूलका बृटिश अनुसन्धान बैज्ञानिक चेप वीजम्यानले पनि महत्वपूर्ण भूमिका निर्बाह गरेका थिए । ती वीजम्यान पछि इज्रायलका पहिला राष्ट्रपति पनि बनेका थिए । वीजम्यानले पहिलो बिश्व युद्धताका एसिटोन आपूर्तिका लागि बृटिश सरकारलाई मद्दत गरेका थिए । उनकै अनुरोधमा नै १९१७ मा वेल्फोर घोषणा जारी गरिएको थियो । जतिबेला पेलेस्टिनमा यहूदी आवादी ६ लाख १८ हजार अर्थात ३ प्रतिशत मात्र थियो । २ नोभेम्बर १९१७ मा बृटिश बिदेश सचिव आर्थर बालफोरले ‘यहूदी नागरिकहरूका लागि एउटा राष्ट्रिय घरको पेलिस्टिनमा स्थापना’का लागि बृटिश सरकारको ‘यहूदी जायोनी आकांक्षहरूकासाथ सहानुभूतिको घोषणा’ बारे लर्ड लियोनेल वाल्टर रोथचाइल्डलाई अबगत गराएका थिए । त्यसमा शर्त के थियो भने त्यस्तो केही गरिने छैन जसले पेलिस्टिनमा रहेका गैर यहूदी समुदायका नागरिकहरू र धार्मिक अधिकारहरूमा प्रतिकूल प्रभाव पार्न सकोस्’ ।

लेरि कोलिन्स र डोमिनिक लेपिएरेले अन्तर्राष्ट्रिय बेस्ट सेलर किताब ‘ओ जेरुलेम’मा लेखेका पनि छन् कि १९२५ मा चेम बीजम्यानले भनेका थिए - ‘पेलेस्टिन रोडेशिया होइन र ६ लाख अरब त्यहाँ रहन्छन् जसलाई आफ्नो घरको बिल्कुलै त्यस्तै अधिकार हुन्छ जस्तो कि हाम्रो राष्ट्रिय घरको लागि हुने गर्दछ’ । १९४७ पछि नेतन्याहू जस्तो नेताहरूले यसलाई बेवास्ता गर्दै गए जसले गर्दा बाह्रै महिना चल्ने गरेको इज्रायल-पेलेस्टिन समस्याको जन्म हुन पुग्यो ।ती कागजातमा कस्तो पनि संकेत मिल्दछ भने अरब बिरोध प्रदर्शनलाई मध्यनजरमा राखेर बृटेनले स्पष्ट गरेको थियो कि ‘राष्ट्रिय घर’को अर्थ ‘यहूदी राष्ट्रिय राज्य’ थिएन । ती कागजपत्रले भन्दछन् कि इटली, फ्रान्स र अमेरिकाले सेब्रेसको सन्धि(१९२०) र लाजेनको सन्धि(१९२३)मा सहमत भएर बालफोर घोषणालाई अटोमन साम्राज्यको भाग्यमा बृटिश नीतिको अभिन्न अंगकोरूपमा स्वीकार गरेका थिए । जतिबेला १९२२ सम्ममा प्रबासनका कारण यहूदी संख्या बढेर ८३,७९० भएको थियो भने त्यसको अरबहरूले बिरोध गरेका थिए । त्यस बारेमा तत्कालीन बृटिश औपनिबेशिक सचिव विस्टन चर्चिलले आश्वासन दिएका थिए कि पेलेस्टिनलाई यहूदी राज्यमा बदल्ने कुनै इरादा थिएन । १९३९ सम्ममा यहूदीहरूको संख्या ४.४५ लाखसम्म पुगिसकेको थियो जुन पेलेस्टिनी जनसंख्याको एकतिहाई जति हुन्थ्यो । ५ अप्रिल १९४५ का दिन अमेरिकी राष्ट्रपति एफडी रुजबेल्टले साऊदी अरबका राजा इबन साऊदलाई पत्रै लेखेर आश्वासन दिएका थिए कि ‘अमेरिकाद्वारा पेलेस्टिनमा कुनै कारबाही गरिने छैन जुन अरब नागरिकहरूका लागि शत्रुतापूर्ण साबित हुनसक्छ’ । तर उनका उत्तराधिकारी ट्रुम्यानले घरेलु राजनीतिका कारण त्यस नीतिलाई परिबर्तन गरिदिए । अमेरिकी पत्रकार जेम्स रेस्टनका अनुसार ट्रुम्यान स्थानीय राजनीतिबाट प्रभावित थिए । स्थानीय राजनीतिक बिचारका समर्थहरू के चाहन्थे भने बृटिश प्रधानमन्त्री क्लेमेण्ट एटलीले ३१ अगस्ट १९४५का दिन पेलेस्टिनमा १ लाख यहूदीहरूको ठूलो संख्या प्रवासन गर्ने अनुमति दिउन् । तत्कालीन बृटिश बिदेश सचिव अर्नेस्ट बेवीनले दुःख ब्यक्त गरेका थिए कि ‘पेलेस्टिनी मुद्दा संयुक्त राज्य अमेरिकामा स्थानीय चुनाबको बिषय बन्न गएकोछ’ । हुन त पेलिस्टिन समस्याको समाधान खोज्नका लागि एंग्लो-अमेरिकी कमिटी अफ इन्क्वायरीमा सहभागी हुनका लागि ट्रुमेन पनि सहमत भएका थिए ।समितिले आफ्नो ‘यूनाइटेड स्टेट्स सरकार र यूनाइटेड किङ्गडममा महामहिमको सरकारको रिपोर्ट’(२० अप्रिल १९४६)मा अन्य कुराका अतिरिक्त थप के भनेको थियो भने ‘अरबमा यहूदीहरू हाबी हुने छैनन् र अरबहरू पनि यहूदीहरूमाथि हाबी हुनेछैनन् । पेलिस्टिन न त यहूदी राज्य हुनेछ न अरब राज्य नै, अन्तर्राष्ट्रिय सुनिश्चितता(ग्यारेण्टी) अन्तरगत अन्ततः स्थापित हुने भएको सरकारको रूप, ईसाई जगतको पबित्र भूमि र मुस्लिम तथा यहूदी धर्महरूको हितको पूर्णरूपले रक्षा र संरक्षण गर्ने छ’ । १९४७ अप्रिल २ का दिन बृटेनले पेलिस्टिनको भबिष्यको बिषयमा संयुक्त राष्ट्र महासभा(यूनाइटेड नेसन्स जनरल एसेम्बली)लाई स्थानान्तरित गरिदियो ।महासभाले समस्या समाधानका लागि त्यतिबेला भारत समेत ११ सदस्य रहेको एक बिशेष समिति पनि गठन गरेको थियो । त्यस समितिले १ सेप्टेम्बर १९४७ का दिन दुइ बिकल्पहरू सिफरिश गरेको थियो । बहुमतको सिफारिश पेलेस्टिनलाई अरब र यहूदी क्षेत्रमा बिभाजित गरेको थियो जसमा जेरुशलेमलाई अन्तर्राष्ट्रिय नियन्त्रणमा राखिने कुरा थियो । अर्कोतिर भारत लगायत अल्पमतले सिफरिश गरिएको योजनामा भने पेलेस्टिनलाई एउटा संघीय राज्य बनाउने प्रस्ताब थियो, जसमा दुइटा स्वायत्त राज्य सामेल थिए ।

त्यतिबेला अमेरिकी बिदेश बिभागले त्यस बिभाजनलाई महत्व नदिदै अल्पमतको योजनालाई प्राथमिकता दियो जसलाई राष्ट्रपति ट्रुम्यानले खारेज गरिदिए र संकल्प १८१(९९९९) पारित भयो । जसले ततकालीन बिद्यमान अरब पेलेस्टिनी राज्य भित्र इजरायलको नयाँ यहूदी राज्य बन्न गयो । पछिबाट इज्रायलले १९६७ मा पूर्वी जेरुशलेम, पश्चिमा किनारा र गाजामाथि जबर्जस्ती कब्जा गरेर संयुक्त राष्ट्र संघको यस योजनको ठाडै उल्लंघन गऱ्यो । त्यतिबेलादेखि नै अरब भूमिमाथि इज्रायलले अबैध यहूदी भूमि र बस्तीहरूको बिकास गर्दै आइरहेको छ र पेलिस्टिनीहरूलाई जबर्जस्ती बेदखल गरिरहेको छ । पेलिस्टनीहरूमाथिको यो अन्याय आज आम नर हत्या र जाति संहारको क्रुरतम चरणबाट गुज्रिरहेको छ । जसको बिश्वभरीका न्यायप्रेमि जनताहरूले घोर बिरोध गरिरहेका छन् र पेलेस्टिनीहरूको न्यायपूर्ण प्रतिरोधप्रति ऐक्यबद्धता जनाइरहेकाछन् ।

## लिपुलेकमा...

उक्त सन्धिको बुंदा नं. ५ को प्रावधान अनुसार नेपालको पश्चिमी सीमानाका बारेमा निम्नानुसार उल्लेख गरिएको छः नेपालका राजा आफु स्वयंले, निजका हकदार अनि उत्तराधिकारीहरूले काली नदीको पश्चिममा रहेका जमिनमाथिको सम्पूर्ण दावी अथवा सम्बन्ध परित्याग गर्दछन् र ती स्थानहरू वा त्यहाँका बासिन्दाहरूसँग कहिल्यै कुनै सरोकार राख्ने छैनन् । यसरी उपरोक्त प्रावधान अनुसार काली अथवा अहिले महाकालीको नामबाट चिनिने उक्त नदीलाई समग्ररूपमा नेपाल र भारत बीचको पश्चिम तर्फको अन्तर्राष्ट्रिय सीमा नदी स्वीकारेको तथ्य स्वतः स्पष्ट हुन्छ ।

*महाकाली सन्धि र नदी सीमाको संशोधनः*

वि. सं. २०४६ सालको ऐतिहासिक संयुक्त जनान्दोलनको सफलतास्वरूप नेपालमा निरंकुश तानाशाही पन्चायती व्यवस्थाको अवसान भयो र संवैधानिक राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको पुनःस्थापना भयो । तत्पश्चात् वि. सं. २०४८ सालमा भएको पहिलो आम निर्वाचनमा नेपाली कांग्रेस पार्टीले बहुमत प्राप्त गरेको थियो र गिरिजा प्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा सरकार बनायो । कोइराला प्रधानमन्त्रीको हैसियतमा भारतको औपचारिक भ्रमणमा गएको बेला सन् १९९१ डिसेम्बर ५ मा टनकपुर बाँधको सम्बन्धमा सम्झौता भएको थियो तर उनले त्यो सामान्य समझदारी मात्र भएको भनेर उम्कने प्रयत्न गरेका थिए । त्यसपछि त्यसको वास्विकता बाहिर ल्याउन नेपालको सर्वोच्च अदालतमा मुद्दा दायर भयो र अदालतले त्यो समझदारी नभएर सम्झौता नै भएको ठहर सहितको फैसला सुनाएको थियो । त्यसो भएपछि त्यसपेलाको संवैधानिक व्यवस्था अनुसार उक्त सम्झौतालाई संसदमा प्रस्तुत गरेर दुवै सदनको संयुक्त अधिवेशनद्वारा दुईतिहाइ बहुमतले पारित गर्नुपर्ने अवस्था आएको थियो ।

त्यस दौरानमा नेपाली कांग्रेस पार्टीमा आन्तरिक मतभेद बढ्दै गयो र सम्वत् २०५१ सालको वर्षे अधिवेशनमा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेट कंग्रेस पार्टीकै ३६ जना सांसदहरू अनुपस्थित भएका कारण असफल भयो र त्यसको फलस्वरूप प्रधानमन्त्री कोइरालाले संसद विघटन गरेर मध्यावधि चुनाव घोषणा गरे । सोही सालको कार्तिक महिनामा सम्पन्न भएको मध्यावधि चुनावमा नेकपा (एमाले) ले धेरै (८८) सिट जितेर संसदको ठूलो पार्टी बन्यो र पार्टी अध्यक्ष मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा अल्पमतको सरकार गठन गरेको थियो । सो सरकारमा पार्टी महासचिव माधव कुमार नेपाल उप-प्रधान तथा परराष्ट्र मन्त्री बनेका थिए । त्यसपछि नेपाल भारतको औपचारिक भ्रमणमा गएका थिए र उनले नै नेपाल र भारत बीच शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर परियोजना सहित समेटेर महाकाली नदीको एकीकृत विकास सम्बन्धि सन्धि गर्ने सहमति गरेर थिए । उक्त सम्झौता सन् १९९६ फेब्रुअरी १२ तदनुसार वि. सं. २०५२ माघ १९ मा भएको थियो र उन्ले त्यस सम्झौतालाई “प्याकेज डिल” गरेको बताएका थिए । नौ महिनापछि नेपाली कांग्रेसले नेकपा (एमाले) को सरकार ढालेर शेर बहादुर देउवाको प्रधानमन्त्रीत्वमा संयुक्त सरकार बनाएको थियो र त्यो सरकारले ४ असोज ०५३ मा दुवै संसद्को संयुक्त बैठकबाट दुईतिहाइ बहुमतले महाकाली सन्धि पारित गरेको थियो । हामीले महाकाली सन्धि असमान र नेपालको हित विरुद्ध भएकाले यही रूपमा अनुमोदन गर्न हुँदैन भनेर सन्धिका विरुद्धमा संशोधन प्रस्ताव प्रस्तुत गरेका थियौं । उक्त प्रस्तावमाथि मतदान हुँदा नेपाल मजदूर किसान पार्टीका नारायणमान बिजुक्छे, आशाकाजी बासुकला, विनोद शाह र भक्त बहादुर रोकाया अनि नेकपा (एमाले) का हिरण्यलाल श्रेष्ठ, पद्मरत्न तुलाधर र मोहनचन्द्र अधिकारीले हामीले प्रस्तुत गरेको संशोधन प्रस्तावका पक्षमा मतदान गरेका थिए ।

महाकाली सन्धिको प्रस्तावनाको तेस्रो अनुच्छेदमा महाकाली नदीको हैसियतको बारेमा निम्नानुसार उल्लेख गरिएकोछः महाकाली नदी दुई देशहरू बीचको प्रमुख खण्डहरूमा सीमा नदी हो भन्ने कुरा स्वीकार गर्दै अतः उक्त प्रावधान मार्फत् महाकाली नदी सुगौली सन्धिमा उल्लेख गरे जस्तो नेपाल र भारत बीचको समग्र रूपमा अन्तर्राष्ट्रिय सीमा नदी नभएर मुख्य खण्डहरूमा मात्रै सीमा नदी हो भन्ने कुरालाई मन्यता दिइएको स्पष्ट हुन्छ । यसरी सुगौली सन्धिद्वारा महाकाली नदीलाई समग्ररूपमा सीमा नदीको हैसियत प्रदान गरी मान्यता दिएकोमा महाकाली सन्धिले त्यस मान्यतालाई खण्डण, संशोधिन र विस्थापन गरेको स्पष्ट रहेकोछ । महाकाली सन्धिको देशव्यापीरूपमा व्यापक विरोध भएपछि त्यसमाथि पर्दा हाल्नका लागि (फेस सेभिङ) संसदबाट कथित चार बुँदे संकल्प प्रस्ताव समेत पारित गर्ने पाखण्ड समेत रचिएको थियो । संकल्प प्रस्तावको एउटा बुँदामा “महाकाली नदी अधिकांश भागमा सीमा नदी हो” भन्ने र “मूलभूत रूपमा सीमा नदी हो भन्ने कुरा एउटै हो भनी भारतद्वारा व्याख्या गरिनुपर्ने” भनि उल्लेख भएको थियो । नेपालले वि. सं. २०५३ मंसिर ७ गते संसदद्वारा पारित सङ्कल्प प्रस्ताव भारतलाई प्रेषित गरेको थियो । भारत सरकारले नेपालको संसदद्वारा पारित संकल्प प्रस्ताव एकतर्फी दस्तावेज भएकाले भारतका लागि अमान्य भएको बताएको थियो ।

महाकाली सन्धिको महिमामण्डन गर्ने सन्दर्भमा सबैभन्दा अग्रपंक्तिमा अहिलेका प्रधानमन्त्री केपी शर्मा ओली रहेका थिए । उनको हिसाब अनुसार महाकाली सन्धि कार्यान्वयनमा आएपछि नेपाललाई वार्षिक १ खर्ब २० अर्ब रूपैयाँ भन्दा बढी आम्दानी हुने भनेर बताउँदै हिंडेका थिए । त्यस्तै पूर्व प्रधानमन्त्री माधव नेपालले पञ्चेश्वरबाट उत्पादित बिजुली भूउपग्रहमार्फत् चीनको छेन्दुमा बेचिने कुरा बताएका थिए । तत्कालीन जलस्रोतमन्त्री पशुपतिशमशेरले त महाकाली सन्धि पारित भएपछि सूर्यले पूर्वबाट उदाउन बिर्सेर पश्चिमबाट सूर्य उदाउने बताएका थिए र सन्धिमा उल्लेख नै नभएको विस्थापित मूल्य (एभोइडेड कस्ट) सिद्धान्तका आधारमा भारतले नेपालको भागको पञ्चेश्वरको विद्युत किन्ने बताएका थिए ।

*कालापानी र लिपुलेकमा बल्झेको घाउ :*

भारतले वि. सं. २०७६ कात्तिक १६ मा लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नेपाली भूभाग आफ्नो क्षेत्रमा गाभेर राजनीतिक मानचित्र प्रकाशित गरेको थियो । त्यसपछि वि. सं. २०७७ वैशाख २६ गतेका दिन कालापानी देखि लिपुलेक हुँदै कैलाश-मानसरोवर जाने ‘लिंक रोड’ को निर्माण कार्य शुरु गरेको थियो । नेपालले सम्वत् २०७७ जेठ ७ गतेका दिन लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई समावेश गर्दै राजनीतिक मानचित्र प्रकाशित गरेर संविधानमा अंकित गरेको थियो । तर बिडम्बनायुक्त कुरा के रहेको छ भने नेपालले उक्त राजनीतिक मानचित्र प्रकाशित गरेपनि उक्त मानचित्रलाई संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय संघ-संस्थाहरू र आफ्नो दौत्य सम्बन्ध कायम भएका देशहरूबाट मान्यता प्राप्त गर्नका लागि कूटनीतिक पहल गर्ने कान नै गरेन । नेपालले त्यसलाई एउटा हथकण्डा वा रौनकदार प्रदर्शन (स्टन्ट) जस्तो कार्य मात्र गरेर सन्तोषको श्वास फेरेर निदाएर बस्यो ।

चीन र भारत जस्ता नेपालका दुई ठूला र शक्तिशाली निकटतम् छिमेकी देशहरूको स्वार्थ मिलेपछि उनीहरू दुवैको बीचमा अवस्थित रहेको नेपाललाई समावेश गरेर संवाद गर्नुपर्नेमा त्यसका विपरित नेपाललाई वेवास्ता गर्दै सामान्य जानकारी समेत नदिएर उनीहरूले लिपुलेक नाका हुँदै द्विपक्षीय व्यापार र पर्यटन लगायतका गतिविधिहरू सन्चालन गर्ने सहमतिलाई पुनः अगाडि बढाउने भएकाछन् । भारतले त उक्त नाका आफुले चीनसँग व्यापार लगयतका कामका लागि सन् १९५४ देखि नै प्रयोग गर्दै आएको दावी गरेकोछ भने चीनले उक्त मुद्दा नेपाल र भारतको बीचको समस्या भएकोले उनीहरूको बीचमा संवाद गरेर समाधान गर्नुपर्ने धारणा राख्ने गरेको छ ।

नेपाल र चीनका बीचमा सन् १९६० मार्च २१ मा दुई देश बीच सिमा सम्बन्धी सन्धिमा हस्ताक्षर भएको थियो र पछि सन् १९६१ अक्टोबर ५ मा अनुमोदन भएको थियो । तर अहिले आएर चीनले पनि भारतसित मिलेर नेपालको सहमति बिना नै दुई देश बीच व्यापार र पर्यटन प्रवर्धनका लागि नेपालको लिपुलेक भन्ज्याङ समावेश गरि सन् २०१५ ने १५ मा संयुक्त वक्तव्य जारी गरेको थियो । यसरी उत्तरी छिमेकी चीनले पनि नेपालको स्वाधिनता र भौगोलिक अखण्डता प्रति नजरअन्दाज गर्ने गरेको छ । दक्षिणी छिमेकी भारतले त सन् १९६२ देखि नै (विगत ६३ वर्षसम्म) कालापानीमा आफ्नो सैन्य शिविर कायम गरेर कब्जा जमाउँदै आएको थियो र कालापानी, लिपुलेक हुँदै लिम्पियाधुरासम्मको नेपाली भूमी नछोड्ने अडान राख्दै आएको छ ।

वास्तवमा राजा महेन्द्रले नै सन् १९६२ मा नेपाली भूमि कालापानीमा भारतलाई सैन्य ब्यारेक राख्न अनुमति दिएको ऐतिहासिक तथ्य जगजाहेर रहेकोछ । उनले आफुले देशभित्र लादेको कथित निर्दलीय निरङ्कुश तानाशाही पन्चायती व्यवस्था जोगाउन भारतलाई रिझाएर उस्को सहयोग र समर्थन प्राप्त गर्नका लागि यसरी देशघाती कार्य गरेका थिए । एकातिर ऐतिहासिक तथ्यहरू र परिघटनाहरूमाथि मध्यनजर राख्दै यथार्थ केलाउँदा नेपालका राज्य सन्चालक र सत्ताधारीहरूले देशको सार्वभौमिकता र स्वाधीनता अनि भौगोलिक र क्षेत्रीय अखण्डताबारे दिने गरेको दुहाई भनेको पाखण्ड र शब्दजाल बाहेक केही होइन भन्ने प्रष्ट हुन्छ । त्यसैगरी अर्कातिर नेपालको राज्य र सरकारद्वारा गरिने निर्णय प्रक्रिया अत्यन्तै हचुवा र लाजमर्दो खालको रहेकोछ र त्यसप्रकारको निर्णय प्रक्रियाले देश र जनताको स्वाभिमान र आत्मसम्मानलाई हदैसम्म गिराएको छ ।


प्रधानमन्त्री केपी शर्मा ओली यही २०८२ भदौ ३१ गते भारतको औपचारिक भ्रमणमा जाने तय भैसकोछ र यसअघि उनी नै प्रधानमन्त्री भएको बेला नेपालले आफ्नो भू-भाग कालापानी, लिपुलेक र लिम्पियाधुरा समेतलाई समेटेर प्रकाशित गरेको र संविधानमा समेत अंकित गरिसकेको मानचित्रलाई यतिखेर “राजनीतिक मानचित्र नमानेर ऐतिहासिक मानचित्र” मात्र मान्न तयार भएको भन्ने विषय समेत सार्वजनिक हुन आएकोछ । यदि त्यसतो भयो भने नेपालका सत्ताधारी शासकहरूको पाखण्डपूर्ण मुखुण्डो पुनः एक पटक जनसमक्ष उत्रिने निश्चित प्रायः नै रहेकोछ ।

यसप्रकारको स्थिति आउनुका पछाडिको प्रमुख कारणकारूपमा नेपालका सत्ताधारी एवम् शासकवर्गहरूले अपनाउँदै आएको राष्ट्रिय आत्मसमर्पणवादी नीति र पाखण्डी प्रवृत्ति-जस्को पछिल्लो ज्वलन्त उदाहरणकारूपमा एमसीसीको सन्दर्भमा आएको कथित व्याख्यात्मक टिप्पणीलाई लिन सकिन्छ-अनि निकटतम् छिमेकीहरू-विशेष गरेर दक्षिणी छिमेकी भारत-को प्रभूत्ववादी र विस्तारवादी नीति रहँदै आएकोछ र त्यसप्रकारको नीति र प्रवृत्तिले पराकाष्ठ नै हासिल गरेकोछ । तर नेपालका सम्पूर्ण देशभक्त तथा न्यायप्रेमि जनसमुदायका अगाडि भने देशको सार्वभौमिकता, स्वाधिनता र भौगोलिक अखण्डताको रक्षार्थ निरन्तर संघर्षरत रहनु बाहेक अर्को विकल्प छैन भन्ने कुरा सुस्पष्टै रहेकोछ र त्यसलाई अन्तिम घडीसम्म जारी राखिरहनु पर्नेछ भन्ने बुझ्न अत्यावश्यक रहेकोछ ।

# नयाँ जनवादी क्रान्तिको चरण पूरा गरेर समाजवादमा जानु पर्दछ

## ❑ बसवराज, पूर्व महासचिव, भारतीय कम्युनिष्ट पार्टी (माओवादी)

**बसवराज रावले २०२२ डिसेम्बरमा विदेशी पत्रकार आल्फ ब्रेननलाई अभानी न्यूजकालागि अन्तरवार्ता दिएका थिए। उनले २००८ ,२०१७ र २०२२मा दिएको अन्तरवार्तालाई समेटेर हाइटाइड प्रकाशनले २०२५ मा प्रकाशन गरेको छ।२०२२ डिसेम्बरको उक्त अन्तरवार्तामा सोधिएका विभिन्न प्रश्नहरु मध्ये केवल एक मात्र प्रश्न "भारतलाई औद्योगिक पुँजीवादी वा अर्धसामन्ती कुन प्रकारको सामाजिक स्वरुपमा रहेको छ ?"को उत्तर मात्र यहाँ दिइएको छ।यस प्रश्नको उत्तरले भाकपा माओवादीले भारतीय समाजको वर्गीय विश्लेषण कसरी गर्दछ ? क्रान्तिको कार्यदिशाबारे त्यस पार्टीको धारणा के छ ? भन्ने बारेमा पाठकहरुलाई बुझ्न सजिलो होस भनेर अंग्रेजी भाषाबाट अनुवाद गरी यहाँ प्रस्तुत गरिएको छ। फासीवादी मोदी सरकारले "अपरेसन कगार"नाममा बसवराज सहित २८ जनाको मे २१, २०२५ मा कायरतापूर्ण रुपमा हत्या गरेको थियो।**



*तपाईंको पार्टीले भारतलाई अर्ध-सामन्ती वा औद्योगिक पूँजीवादी कुन उत्पादन प्रणालीमा छ भन्ने मान्दछ ?*

चारु मजुमदार र कानु सन्यालको नेतृत्वमा रहेका क्रान्तिकारी कम्युनिस्टहरूले मार्क्सवाद, लेनिनवाद,माओवादको आलोकमा भारतको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र भौगोलिक अवस्थाको अध्ययन गरेपछि वर्गीय अन्तर्विरोधहरूको ठोस विश्लेषण गर्नु भएको थियो। उहाँहरूले भारत अर्ध-औपनिवेशिक,अर्ध-सामन्ती समाज हो र क्रान्तिको बाटो दीर्घकालीन जनयुद्ध हुनेछ, यसले पहिले नयाँ जनवादी क्रान्तिको चरण पूरा गर्नेछ र पछि समाजवादको चरणमा अगाडि बढ्नेछ भन्नुभयो। हाम्रो एकीकृत भाकपा (माओवादी) ले यो राजनीतिक-सैन्य कार्यदिशा लागू गरिरहेको छ।

हाम्रो देश पूँजीवादी समाज हो वा अर्ध-औपनिवेशिक, अर्ध-सामन्ती समाज हो भन्ने बारेमा मार्क्सवादी, संशोधनवादी, नव-संशोधनवादी, वुर्जुवा बुद्धिजीवी र गैरसरकारी संस्थाहरू बीचको ठूलो स्तरको छलफल र बहसको पृष्ठभूमिमा, हाम्रो पार्टीले २०११ देखि विभिन्न राज्यहरूमा हाम्रो पार्टीले लिएको उत्पादन सम्बन्धको अध्ययनको प्रतिवेदनहरूको विश्लेषण र संश्लेषण गऱ्यो र केन्द्रीय समितिले डिसेम्बर २०२० मा आफ्नो छैटौं (नियमित) बैठकमा "उत्पादन सम्बन्धमा परिवर्तनहरू -हाम्रो राजनीतिक कार्यक्रम"शीर्षकको विस्तृत दस्तावेज जारी गऱ्यो। दस्तावेजले हाम्रो देश अझै अर्ध-औपनिवेशिक, अर्ध-सामन्ती समाज हो भनेर जोड दियो। यद्यपि, यसले साम्राज्यवादीहरू र दलाल नोकरशाही पूँजीपतिहरू र जमिन्दारहरूको लागि अनुकूल पूँजीवादी परिवर्तनहरू पनि भएका छन् भनेर मानेको छ। हामीले कार्यनीति अनुरूपको हाम्रो राजनीतिक कार्यक्रम अपनायौं। तपाईंले हाम्रो दस्तावेज हेर्नुभएको होला।

ब्रिटिश आक्रमणका बेला हाम्रो देश सामन्ती समाज थियो। बेलायतीहरूले भारत कब्जा गरेपछि यो औपनिवेशिक देशमा परिणत भयो। वास्तवमा बेलायतीहरूले भारत कब्जा गर्दा देशका केही क्षेत्रहरूमा सामन्ती समाजको गर्भबाट पूँजीवाद विकास भइरहेको थियो। यस समयमा मुम्बईका फारसीहरू, गुजरातका बानियाहरू र राजस्थानका मारवाडीहरूले भारत कब्जा गर्न एजेन्टको रूपमा काम गरे। भारतीय ठूला वुर्जुवा वर्गले आफ्नो चरित्र अनुसार ब्रिटिश साम्राज्यवाद विरुद्ध लडेनन् तर युद्धका दिनहरूमा र अन्य समयमा पूर्ण समर्थन गरे। बेलायतीहरूले भारतका सामन्ती राजाहरू, जमिन्दारहरू, साहु र व्यापारीहरूसँग सहकार्य गरे र देशमा सामन्ती सामाजिक जगमा आधारित विकासशील पूँजीवादी स्वतन्त्र विकासको बाटोमा आए। उनीहरूले ब्रिटिश साम्राज्यवादको सेवा गर्ने संस्कृति विकास गरे। उनीहरूले आफ्नो हितमा विकृत पूँजीवादी सम्बन्धहरू विकास गरे। देशका धेरै पुराना स्वतन्त्र ठूला व्यापारी र बैंकरहरू टाट पल्टिए। त्यसैगरी बेलायतीहरूले आफ्नो औपनिवेशिक शासन अनुसार सामन्तवादमा धेरै परिवर्तनहरू गरे। उनीहरूले कमजोर हुँदै गएको सामन्ती सम्बन्धहरूलाई पुनर्जीवित गरे। उनीहरूले भारतमा आत्मनिर्भर ग्रामीण अर्थव्यवस्थालाई ध्वस्त पारे,जसले गर्दा किसान र कारीगरहरू टाट पल्टिए। उत्पादक शक्तिहरू ठूलो मात्रामा तहसनहस भए। घरेलु बजारमा थप गिरावट आयो। उनीहरूले स्थायी कर सङ्कलन विधि, रयत्वारी,महलवारी र जमिनदारी प्रथाहरू लागू गरे र जमिनलाई वस्तुमा परिणत गरे। यसरी किसानहरूले भूमिमाथिको आफ्नो अधिकार गुमाए। भारत बेलायतीहरूको औद्योगिक उत्पादनको निम्ति आवश्यक पर्ने कच्चा सामान र औद्योगिक सामानहरूको उत्पादन गर्ने केन्द्र बन्यो। उनीहरूले बेलायतीहरूको आवश्यकताकोलागि मात्र केही उद्योग, व्यावसायिक बाली, बगान, यातायात र सञ्चारको विकास गरे। सामन्ती राजाहरू, जमिन्दारहरू,दलाल व्यापारीहरू, दिवानहरू, सुदखोरहरूबाट ठूला दलाल पूँजीपति वर्गको उदय भयो। जसले बेलायतीहरूलाई हाम्रो देशको प्राकृतिक स्रोतहरू लुट्न मद्दत गरे। पुराना जमिन्दारहरूको ठाउँमा नयाँ जमिन्दार-सामन्ती वर्गको विकास भयो। भारतीय अर्थतन्त्र औपनेविशक र परनिर्भरताको तहमा विश्व पूँजीवादी व्यवस्थाको अविभाज्य अंग बन्न पुग्यो। एकातर्फ भारतीय दलाल पुँजीपति वर्ग आफ्नो अस्तित्व र विकासकालागि साम्राज्यवादको भर पऱ्यो भने अर्कातर्फ औपनेवेशिक शोषणको औजार बन्यो।यसरी भारतीय सामन्ती समाज औपनिवेशिक ,अर्धसामन्ती समाज बन्न पुग्यो। बेलायतले हाम्रो देशलाई दुई शताब्दीसम्म उपनिवेशमा परिणत गऱ्यो र लगातार आफ्नो शोषणलाई निरन्तरता दियो।

दोस्रो विश्वयुद्धका बेलामा महान् मार्क्सवादी गुरु स्टालिनको नेतृत्वमा सोभियत संघको लाल सेना र विश्वभरिका जनताले फासीवादी शक्तिहरूलाई पराजित गरेका थिए; युद्ध पछि साम्राज्यवाद धेरै नै कमजोर भएकाले; पूर्वी युरोपेली देशहरूमा जनतान्त्रिक राज्यहरूको स्थापना भएकाले;माओको नेतृत्वमा चिनियाँ क्रान्तिको महान् सफलताको चरम सीमामा पुगेकाले; विश्वको एक तिहाइ भू- भागमा विश्व समाजवादी व्यवस्थाको उदय भएकाले ; विश्वव्यापी रूपमा स्वतन्त्र र राष्ट्रिय मुक्ति आन्दोलनहरूको विकास भएकाले साम्राज्यवादीहरूले कठिन परिस्थितिको सामना गर्नुपऱ्यो। यसरी उनीहरूले आफ्नो पहिलेको प्रत्यक्ष औपनिवेशिक शासन र शोषणको रूप परिवर्तन गरे र शोषणको नयाँ रूप नव-औपनिवेशिक रूप अपनाए -आफ्नो प्रशिक्षित दलाल पुँजीवादमा आधारित नयाँ शैलीको अप्रत्यक्ष शासन, शोषण र प्रभुत्व कायम गरे।

यस समयमा भारतीय उपमहाद्वीपमा पनि एक अद्वितीय क्रान्तिकारी अवस्था थियो। देशभरि "आजाद हिन्दु फौज" कैदीहरूलाई रिहा गर्न शक्तिशाली आन्दोलन भएको थियो ; विद्यार्थीहरूको प्रभावकारी साम्राज्यवाद विरोधी प्रदर्शन भएको थियो; रियासतहरूमा शक्तिशाली सामन्तवाद विरोधी आन्दोलनहरू भएका थिए। तेभागा र बकास्त आन्दोलनहरू, हुलाक र टेलिग्राफ कर्मचारीहरूको हडताल,त्यसका साथै बम्बईमा शाही भारतीय नौसेनाको महान् विद्रोह र सेना र वायुसेनाका विद्रोही प्रवृत्तिहरू; विहार प्रहरीको विद्रोह;सर्वहारा वर्गको लागि ऐक्यबद्धतामा संघर्ष, तेलंगानामा ऐतिहासिक किसान सशस्त्र संघर्षको सुरुवात-यी सबैले भारतमा साम्राज्यवादी शासनको लगभग अन्त्य ल्याए। यस्तो अवस्थामा, भारतीय दलाल ठूला बुर्जुवा वर्गले सामन्त वर्गसँग सहकार्य गरे र भारतीय लोकतान्त्रिक क्रान्तिलाई धोका दिए। ब्रिटिश साम्राज्यवादीहरूले कांग्रेस र मुस्लिम लिग नेताहरूमा भर परेर षड्यन्त्र रचे, जो उनीहरूका भरपर्दो एजेन्ट हुन्, उनीहरूलाई धार्मिक नरसंहार गर्न उक्साए र धर्मको आधारमा देशलाई विभाजित गरे।

यस पृष्ठभूमिमा १५ अगस्ट १९४७ मा सत्ता हस्तान्तरण गर्न सम्झौता गरिएको थियो। यो साम्राज्यवादी एकाधिकार-पूँजीवादीहरू र भारतीय दलाल वुर्जुवा वर्गको बम्बई योजना जस्ता सम्झौताहरू पछि मात्र भयो। अमेरिका र त्यसपछि सोभियत साम्राज्यवाद र फेरि अमेरिकाको हातमा , हाम्रो देशमा अर्थतन्त्र र राजनीतिको हिसाबले विभिन्न साम्राज्यवादी देशहरूको प्रभुत्वको परिणामस्वरूप, भारतीय समाज धेरै साम्राज्यवादी शक्तिहरूको अप्रत्यक्ष शासन, शोषण र प्रभुत्वमा अर्ध-औपनिवेशिक, अर्ध-सामन्ती व्यवस्थामा परिणत भयो।

त्यसकारण हामी भन्छौं कि भारतले १५ अगस्ट १९४७ मा वास्तविक स्वतन्त्रता प्राप्त गरेन, यो नाममात्र हो र सारमा नक्कली हो। औपनिवेशिक शोषण र उत्पीडनले यसको रूप परिवर्तन गऱ्यो तर सार कायम राख्यो। कांग्रेस र मुस्लिम लिगको विश्वासघातका कारण राष्ट्रिय जनतान्त्रिक क्रान्ति र राष्ट्रिय मुक्तिको उद्देश्य प्राप्त भएन। भाकपाले कांग्रेस पार्टीलाई मात्र पछ्याएन तर महान तेलंगाना सशस्त्र संघर्षबाट पछि हट्यो र क्रान्तिलाई धोका दियो। १९४७ पछि, भारतीय दलाल ठूला बुर्जुवा र जमिन्दार वर्गले राज्यशक्तिको उपयोग गरे र जनतामाथि चरम शोषण र दमन मार्फत अत्यधिक नाफा कमाउन सफल भए। दलाल ठूला बुर्जुवा वर्ग यसरी दलाल नोकरशाही ठूला वुर्जुवा वर्गमा परिणत भए।

१९४४ को बम्बई योजना र सत्ता हस्तान्तरण पछि अपनाइएको मिश्रित अर्थतन्त्र वास्तवमा साम्राज्यवादीहरू, दलाल नोकरशाही पूँजीपति र जमिन्दार वर्गको हितमा छ। बम्बई योजनामा सार्वजनिक र निजी क्षेत्रलाई स्थान दिइएको थियो। तर वास्तवमा सार्वजनिक क्षेत्रका उद्योगहरूको वास्तविक उद्देश्य जनताको पैसालाई ठूलो मात्रामा उपयोग गर्नु, ठूला फलाम र इस्पात उद्योगहरू, थर्मल विद्युत परियोजनाहरू, कोइला, फलाम खानी र ठूला बाँधहरू निर्माण गर्नु, साम्राज्यवादीहरू, दलाल पुँजीपति र जमिन्दार वर्गलाई अवसर प्रदान गर्नु हो ताकि तिनीहरूको आधारमा विकास गर्न सकियोस्, साम्राज्यवादी पूँजी र प्रविधिमा निर्भर होस् र तिनीहरूको शोषणको लागि अवसर प्रदान गर्न सकियोस्।

विगत ७५ वर्षदेखि, धेरै कृषि, औद्योगिक, सेवा क्षेत्रका नीतिहरू, नक्कली सुधारहरू, पञ्चवर्षीय योजनाहरू, हरित क्रान्ति र यस्तै अन्य कुराहरू साम्राज्यवादीहरू र शोषक शासक वर्गको हित अनुसार लागू गरिएका छन्। पछि एलपीजी(उदारीकरण,निजीकरण र भूमण्डलीकरण)को नीतिहरू कार्यान्वयनमा आए। विनिवेश, औद्योगिकीकरण र नियमन मुक्ति लागू गरियो। विनिवेशको नाममा सार्वजनिक क्षेत्रका उद्यमहरू साम्राज्यवादीहरू र दलाल पूँजीपतिहरूलाई सस्तो दरमा हस्तान्तरण गरिँदैछन्। यसरी असंगठित क्षेत्र र निजी क्षेत्र प्रमुख बन्यो। श्रम शोषण अझ तीव्र भयो। संघर्षबाट प्राप्त अधिकारहरू कुल्चँदै गए। मजदुरहरूको लागि करार प्रणाली मुख्य बने। भारतमा चलिरहेको अर्ध-औपनिवेशिक सम्बन्धहरू दुःख र पीडाका कारण हुन्।

१९५१-५६ मा पहिलो पञ्चवर्षीय योजनाको अवधिमा, विभिन्न राज्यहरूमा भूमि सीमा कानुनहरू बनाइए तापनि, दलाल सरकारहरूले तिनीहरूलाई उचित रूपमा कार्यान्वयन गरेनन्। जग्गा धनीहरूले बेनामी नाममा जग्गा राख्न सक्थे। अर्कोतर्फ, कफी, चिया, रबर, फलफूल खेती, गाईवस्तु पालन, चिनी कारखाना, आधुनिक विधिद्वारा खेती गरिएका जग्गाहरू र मन्दिर, चर्च र मस्जिदहरू अन्तर्गतका जग्गाहरूलाई छुट दिइयो र त्यसैले भूमि सुधार एक हास्यास्पद विषय बन्यो। तिनीहरूले या त अँधिया गर्ने किसानहरूलाई हटाए वा तिनीहरूलाई परिवर्तन गरे र कानूनी रूपमा जमिन भाडामा लिने अधिकार लागू गरेनन्। परिवारको सट्टा व्यक्तिको आधारमा जग्गा सीमा लगाइएको हुनाले, जमिन्दार परिवारहरूले हजारौं एकड जग्गा राख्न सक्थे। १९५५ मा, लगभग ६.२ करोड एकड जग्गा वितरणको लागि उपलब्ध थियो, १९७० को दशकको अन्त्यसम्ममा, घोषित अतिरिक्त जग्गा २४ लाख एकड मात्र थियो। यसको आधा मात्र वितरण गरिएको थियो। यसरी यो स्पष्ट छ कि भूमि स्वामित्वमा संरचनात्मक परिवर्तनको दिशामा भूमि सुधारहरू लागू गरिएको छैन। पञ्चवर्षीय योजनाको नाममा थोरै औद्योगिकीकरण भए पनि, यो अर्ध-सामन्ती आधारमा र साम्राज्यवादीहरू र दलाल शासक वर्गहरूको हितमा मात्र भएको थियो। त्यसैले यो सबै विकास विकृत र उल्टो थियो।

१९६० को दशकको मध्यतिर हरित क्रान्तिको रणनीति लागू गरिएको थियो। यो वास्तवमा अमेरिकाको बहुराष्ट्रिय कम्पनीहरूको कार्यक्रम थियो। हरित क्रान्ति पञ्जाव, हरियाणा र पश्चिमी उत्तर प्रदेशका अन्य क्षेत्रहरूमा र पछि देशको एक तिहाइ भागमा खाद्यान्नको अभावलाई हटाउने नाममा लागू गरिएको थियो, जसको उद्देश्य ग्रामीण क्षेत्रमा नक्सलबारी, श्रीकाकुलम, मुशहरी, लखीमपुर-खेरी, डेबरा-गोपीवल्लभपुर, भीरभूम, काङ्सा, बुडबुड र १० राज्यका धेरै क्षेत्रहरूमा फैलिएको सशस्त्र किसान विद्रोहको विकल्प बनाउनु र बहुराष्ट्रिय कम्पनीहरूको कृषि मेसिनरी, रासायनिक मल, कीटनाशक र उच्च उर्वरक बीउ जस्ता उत्पादनहरूकोलागि बजार सिर्जना गर्नु थियो।

दलाल सरकारहरूले मुख्यतया जग्गाधनी र धनी किसानहरूलाई भारी अनुदान, सस्तो ऋण र बाँध मार्फत सिँचाइ प्रदान गरे, भूमि सम्बन्धलाई मौलिक रूपमा परिवर्तन नगरी, अर्ध-सामन्ती ग्रामीण अर्थतन्त्रमा विकसित विकृत पूँजीवादी सम्बन्धहरू 'हरित क्रान्ति' ले साम्राज्यवादी बहुराष्ट्रिय कम्पनीहरू, दलाल पूँजीपतिहरू, जमिन्दारहरू र धनी किसानहरूको एक वर्गलाई मात्र फाइदा पुऱ्यायो। यसले गरिब र मध्यम वर्गका किसानहरू र जमिनलाई ध्वस्त पाऱ्यो। किसानहरूले ठूलो मात्रामा जमिन छोडे।उत्पादकत्वमा वृद्धि, बालीको दरमा कमी, धनी र गरिब बीचको असमानता, बेरोजगारीमा वृद्धि, क्षेत्रहरू बीचको असमानतामा वृद्धि भयो।

वातावरणीय प्रदूषणमा वृद्धि, जमिनको उर्वरतामा कमी, कीटनाशकहरूको प्रयोगले गम्भीर रोगहरू निर्मूल नहुनु ,बालीहरूको जोखिम 'हरित क्रान्ति' का केही नकारात्मक परिणामहरू हुन्। अन्ततः यी कीटनाशकहरूले किसानहरूको आत्महत्यामा मद्दत गरे। एलपीजी नीतिहरू लागू हुनुभन्दा पहिले, सोभियत सामाजिक साम्राज्यवादले १९६० को दशकको अन्त्यदेखि सहायताको नाममा भारतको सार्वजनिक क्षेत्रको अर्थतन्त्रमा प्रभुत्व कायम राख्यो। १९८० को दशकदेखि यो विस्तारै घट्दै गयो। १९७० को दशकमा सार्वजनिक क्षेत्रको वृद्धिसँगै, दलाल नोकरशाही बुर्जुवा वर्गले पनि यसको प्रयोग गर्न थाले। साम्राज्यवादीहरूको हित र यसको एक हिस्साको रूपमा भारतीय दलाल शासक वर्गको हित पूरा गर्न, पहिलो चरणमा १९८५ देखि १९९१ सम्म उदारीकरण, निजीकरण र भूमण्डलीकरण नीतिहरू लागू गरियो। दोस्रो चरण १९९१ देखि चलिरहेको छ। १९८५ देखि सोभियत संघ तीव्र आर्थिक संकटमा पऱ्यो र भारतको निर्भरता घट्न थाल्यो र त्यसैले अमेरिका प्रायोजित नयाँ आर्थिक नीतिहरू भारतमा लागू गर्न ल्याइयो। एलपीजीको पहिलो चरणमा, निजी कर्पोरेट क्षेत्रले पहिलो चरणमा धेरै कर अनुदान प्राप्त गऱ्यो। दलाल, ठूला बुर्जुवा वर्गको सम्पत्ति धेरै गुणा बढ्यो। साम्राज्यवादीहरूको योजना अनुसार पहिलो चरणमा करार कृषि मार्फत कृषि भूमण्डलीकरणको व्यावसायीकरण सुरु भयो र धेरै क्षेत्रहरूमा फैलियो। कर्पोरेट कम्पनीहरूले ठेक्का जग्गामा कृषिमा पूर्ण नियन्त्रण हासिल गरे। अब हामी अर्ध-औपनिवेशिक, अर्ध-सामन्ती व्यवस्थाको भूमण्डलीकरणको दोस्रो चरण हेरौं , यस चरणमा साम्राज्यवादले ७ वटा तीव्र संकटहरू सिर्जना गऱ्यो। जसले उत्पीडित जाति र जनताहरूलाई विनास गऱ्यो। ती हुन–आर्थिक संकट, रोजगारी संकट, वातावरणीय-पारिस्थितिक संकट, जबरजस्ती बसाइँसराइ संकट, इन्धन संकट, सामाजिक-सांस्कृतिक संकट, राजनीतिक-सैन्य संकट। साम्राज्यवादले फासीवादमा आश्रय लियो किनभने यसले यी संकटहरू समाधान गर्न सक्दैन। संसारभर जातिवाद बढ्यो। फासीवादी दलहरू बलियो भए। ती धेरै देशहरूमा सत्तामा आए। भारतमा मोदीको नेतृत्वमा हिन्दुत्व फासीवादी शक्तिहरू यसको एक भागको रूपमा सत्तामा आए। मोदी सरकारको शासक वर्गको साम्राज्यवाद समर्थक, दलाल समर्थक नीतिहरूको परिणामस्वरूप, हाम्रो देशमा परनिर्भरता र नव-औपनिवेशिक शोषण तीव्र भयो। साम्राज्यवादी दलाल नोकरशाही पूँजीवादी, सामन्ती स्वार्थ पूरा गर्न श्रमिक वर्ग, किसान र अन्य श्रमजीवी वर्गको शोषण तीव्र भयो। विशेष गरी विभिन्न समयमा एलपीजी नीतिहरूको कार्यान्वयनको एक भागको रूपमा लिइएका आर्थिक, औद्योगिक, खानी, कृषि, सेवा क्षेत्र नीतिहरूको कारणले गर्दा, मुख्यतया घरेलु उद्योगहरूमा पूर्ण विदेशी साझेदारी, साम्राज्यवादी बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रण र विदेशी प्रविधिमा निर्भरताले देशलाई अझ परनिर्भर बनायो। स्वदेशी र विदेशी कर्पोरेट उद्यमहरूले निर्यात-आयात निर्भर उद्योगहरू, विशेष गरी आउटसोर्सिङ उद्योगहरू र कृषि-व्यापार कम्पनीहरूमा श्रमशक्ति, उत्पादन, सेवाहरू र मुख्यतया कच्चा पदार्थहरू लुटिरहेका छन्। सार्वजनिक-निजी साझेदारी फैलिएको छ र लागू गरिएको छ। यस समयमा, साम्राज्यवादको लागि दलाल सरकारहरूको दासत्व चरम सीमामा पुग्यो। तिनीहरूले देशको भूमि, श्रम, कच्चा पदार्थ र अन्य प्राकृतिक स्रोतहरू लुट्ने पूर्ण अवसरहरू दिइरहेका छन्। तिनीहरूले आर्थिक, राजनीतिक, सैन्य र सांस्कृतिक क्षेत्रहरू साम्राज्यवादलाई हस्तान्तरण गरिरहेका छन्। सूक्ष्म, साना र मध्यम प्रकारका (एम.एस.एम.ई)क्षेत्र दिन प्रतिदिन संकुचित हुँदै गइरहेको छ। दलाल सरकारहरूले यस क्षेत्रको स्वतन्त्र बजारलाई नष्ट गरिरहेका छन्। बजारमा भारी गिरावट आएको छ।

देशबाट हरेक नोटबन्दी र जीएसटीका कारण देशभरका ४,८६,२९१ सूक्ष्म, साना र मझौला उद्योगहरू बन्द भए। लाखौं कामदार बेरोजगार भइरहेका छन्। एलपीजी नीतिका कारण हाम्रो देश विदेशी ऋणको चंगुलमा फस्दै गइरहेको छ। मोदीको बहुलठ्ठी शासनले विगत आठ वर्षमा विदेशी ऋण १३५ लाख करोड रूपैयाँ पुऱ्यायो। भारत सबैभन्दा धेरै ऋण लिने देशहरूमा पाँचौं स्थानमा छ। जीडीपीमा अर्थतन्त्रको ७० प्रतिशतलाई रोजगारी प्रदान गर्ने कृषि र औद्योगिक क्षेत्रको हिस्सा ६२ प्रतिशतले घट्दै गएको छ र केवल ३० प्रतिशतलाई रोजगारी प्रदान गर्ने सेवा क्षेत्रको हिस्सा बढ्दै गएको छ। १०० प्रमुख अमेरिकी कम्पनीहरूले हाम्रो देशको अर्थतन्त्रको आधा हिस्सा प्राप्त गरेको तथ्यले अन्तर्राष्ट्रिय एकाधिकार उद्यमहरू र घरेलु दलाल नोकरशाही बुर्जुवा कर्पोरेट उद्यमहरूको संयुक्त आक्रमणलाई बुझ्न पर्याप्त छ। यस अवधिमा मुकेश अम्बानी, अदानी, मित्तल, बिर्ला, टाटा, रुयिया, जिन्दल, वेदान्त, इन्फोसिस, एस्सार, अनिल अम्बानी, टिभीएस अयंगार, थापर, आरपीजी, बजाज, महिन्द्रा र पतञ्जली रामदेव जस्ता प्रमुख दलाल नोकरशाही एकाधिकार पूँजीपतिहरूको उदय भयो। देशमा एक नयाँ धनी वर्ग र शोषणका नयाँ रूपहरू देखा परे। खानी, ठूला उद्योग र पर्यटन र अत्यन्त लाभदायक टेलिकम, विद्युत र वित्त क्षेत्रहरू जस्ता महत्वपूर्ण क्षेत्रहरू सार्वजनिक क्षेत्रमा छन्। त्यसैले ती क्षेत्रहरूलाई हटाउन र विदेशी कर्पोरेट उद्यमहरूलाई हस्तान्तरण गर्न योजनाहरू आक्रामक र द्रुत रूपमा कार्यान्वयन भइरहेका छन्। विशेष नीतिका साथ प्रत्येक क्षेत्रलाई निजीकरण गर्न विशेष प्रोत्साहन र सुविधाहरू प्रदान गरिँदैछ। सार्वजनिक क्षेत्रका उद्यमहरूलाई योजनाबद्ध रूपमा घाटामा धकेलिन्छ र सस्तो मूल्यमा कर्पोरेट उद्यमहरूको हातमा सुम्पिन्छ। उच्च प्रविधियुक्त मेसिनरीको वृद्धि, प्रविधिको प्रयोग र आउटसोर्सिङले लाखौं कामदार र कर्मचारीहरूलाई जीविकोपार्जनबाट वञ्चित गऱ्यो। संगठित क्षेत्र घट्यो र असंगठित क्षेत्र मुख्य बन्यो। स्वदेशी र विदेशी कर्पोरेट कम्पनीहरूले रु. १७.५ लाख करोड २०१४-१८ मा र साम्राज्यवादीहरूले हरेक वर्ष लगभग ४७.०९ लाख करोड रूपैयाँ लिएर गए। यति तीव्र शोषणमा परेको देशको विकास सम्भव छैन।

यस अवधिमा अर्ध-सामन्तवादमा भएका उल्लेखनीय परिवर्तनहरूका कारण, सामन्ती आधिपत्यका पहिलेका रूपहरूको ठाउँमा सरकारी र गैर-सरकारी पार्टी-सहकारी संघ-पञ्चायत-प्रहरी प्रकारका प्रणालीहरूको सहकार्यको व्यापक सामूहिक रूप नयाँ रूपमा देखा पऱ्यो। सहकारी बैंक, नोकरशाही पूँजीवाद र अर्ध-सामन्तीवादको सहकार्यको एक महत्वपूर्ण संरचनात्मक रूप हो। यी सहकारी बैंकहरूको सहकारी पूँजी साम्राज्यवादीहरू, दलाल नोकरशाही पूँजीवादीहरू र स्थानीय अर्ध-सामन्ती तत्वहरूको लगानीको अधिशेषको संयोजन हो। यी मार्फत सरकारी सम्पत्ति र कोषको आधारमा स्थानीय आधिपत्य र शोषणको नयाँ प्रणाली देखा पऱ्यो।

२०१७ को नाबार्डको तथ्याङ्क अनुसार, ग्रामीण क्षेत्रमा जमिन्दारहरूको संख्या ५.७६ प्रतिशत छ। जग्गाधनीहरूको संख्या घटे पनि र ठूलो जग्गा स्वामित्वको हद घटे पनि, आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा सामन्ती प्रभुत्व कायमै छ। यो सारमा होइन, स्वरूपमा परिवर्तन हो। भूमण्डलीकरणको अवधिमा अर्को महत्वपूर्ण विकास भनेको किसान र आदिवासीहरूको लाखौं एकड खेतीयोग्य, वन जग्गा अधिग्रहण हो। बहुराष्ट्रिय कम्पनीहरू, दलाल नोकरशाही ठूला पूँजीपति वर्ग, गैरसरकारी संस्थाहरू, धार्मिक संगठनहरू, शेयर बजार दलालहरू र विभिन्न प्रकारका माफियाहरूले सरकारी जग्गा र किसानहरूको खेतीयोग्य जमिन कब्जा गरिरहेका छन्। किसानहरूको जग्गा र वन जग्गा गैर-कृषि परियोजनाहरूलाई बाँडफाँड गरिँदैछ। १९५१-२०१० मा साढे छ करोड मानिसहरूलाई विस्थापित गर्दै शोषक दलाल सरकारहरूले लगभग चार करोड एकड जमिन जबरजस्ती अधिग्रहण गरेका थिए। क्षतिपूर्ति र पुनर्स्थापना नाममात्रको छ। विस्थापितको समस्या भूमि समस्याको प्रमुख कारक बन्यो।

अर्कोतर्फ, भारतीय बजार कृषि आयातका लागि व्यापक रूपमा खुला गरिएको थियो। कृषि क्षेत्रमा लगानी झनै खराब स्तरमा पुगेको थियो। खाद्य सुरक्षा नीति समाप्त पारिएको थियो। सार्वजनिक वितरण प्रणाली कमजोर भएको थियो। सार्वजनिक क्षेत्रको अधिग्रहण नीति निजीकरण गरिएको थियो। न्यूनतम समर्थन मूल्य बालीको उत्पादनमा हुने खर्चको कम्तिमा दुई गुणा बढी छैन। साम्राज्यवादी देशहरूमा भारी अनुदानका साथ धेरै र सस्तोमा उत्पादन हुने कृषि वस्तुहरू घरेलु बजारमा खन्याइन्छ। यी सबै र अन्य कारणहरूले गर्दा कृषि क्षेत्र गम्भीर संकटमा पऱ्यो। एक शब्दमा भन्नुपर्दा, विश्वव्यापीकरणका कारण धनी र गरिब बीचको असमानता उच्चतम स्तरमा पुग्यो। पूँजीवादी र साम्राज्यवादी देशहरूसँग तुलना गर्दा, हाम्रो देशमा बाली उत्पादकता धेरै कम छ। सानो जग्गा स्वामित्वमा निरन्तर वृद्धि भइरहेको छ। साधारण बालीको उत्पादन अहिले पनि मुख्य हो। यो अर्ध-सामन्ती सम्बन्ध र उत्पादनको पछाडि अर्ध-सामन्ती उत्पादन प्रणालीको लागि एक महत्वपूर्ण मापदण्ड हो। कृषि र सम्बद्ध कृषि क्षेत्रहरूमा ज्यालादारी श्रममा वृद्धि भए पनि र ज्यालामा काम गर्ने कृषि श्रमिक र अर्ध-सर्वहारा वर्गको संख्यामा, तिनीहरूको ज्याला र उद्योगहरूमा आधुनिक सर्वहारा वर्गको ज्याला बीच ठूलो भिन्नता छ। यो परिवर्तनले अर्ध-सामन्ती शोषणलाई अलिकति पनि कम गर्न सकेन। कृषिमा सिर्जना गरिएको अधिकांश अधिशेष बैंक र सहकारी संघ, साहुकार, शाहुकार र विभिन्न वित्तीय उद्यमहरूको नोकरशाही आधिपत्यमा छ। यो पूँजी संचयको बाटोमा आउँदैछ। *बाँकी ४ पेजमा*

# अमेरिकी साम्राज्यवाद र मित्रशक्तिका बीचको अन्तर्विरोध



● अपत्य शर्मा ●

**पुँजीवादी प्रजातन्त्रमा न्याय, समानता, मानवीयपन सबै खोक्रा प्रचारप्रसारका साधन मात्र हुन् । पुँजीवादी प्रजातन्त्र भनेको ठूला पुँजीपति वर्गको मात्र प्रजातन्त्र हो भने भोका, नांगा गरिब, मजदुर वर्गको दासता, शोषण, उत्पीडन, बेरोजगारी, रोग, भोक र भोकै तड्पितड्पि मर्ने प्रजातन्त्र हो ।**

अमेरिकी उत्पादन एफ-३५ जहाज लकहीड मार्टिनको प्रसिद्ध स्टि्रल्थ फाइटर जेट । (स्टिल्थ जेटलाई राडर र अरु जासुसी उपकरणले पनि पत्ता लगाउन सक्दैन र दुश्मनको कुनै पनि क्षेत्रमा प्रवेश गरेर मार हान्न सक्छ ) कुनै पनि यूरोपेली मुलुकहरूसँग छैन । प्याट्रोइट मिसायल सुरक्षा प्रविधि, रकेट लन्चरहरू उच्च परिष्कृत ड्रोनहरू, सेटलाइट निर्देशित ठूला क्यालिवर गनहरू, एकीकृत कमाण्ड र नियन्त्रित प्रविधि मात्र नभएर विद्युतीय र साइबर युद्धका लागि पनि अमेरिकामा भर पर्नुपर्छ । धेरै यूरोपेली राष्ट्रहरूले अमेरिकन हातहतियारमा लगानी गरिसकेका छन् र उनीहरू नयाँ प्रतिस्पर्धा गर्न सक्ने नयाँ खाले हातहतियार चाहन्छन् । अमेरिकी साम्राज्यवादीहरू आफूसँग भएका अत्याधुनिक नयाँ प्रविधिका हातहतियारहरू र प्रविधि आफ्ना मित्रशक्ति यूरोपेली मुलुकहरूलाई दिंदैन ।

अमेरिकी सरकारका राष्ट्रप्रमुख ट्रम्पले विश्वका एक सय भन्दा बढी मुलुकहरूलाई अमेरिका निर्यात् गर्ने माल सामानमा २०-५० प्रतिशत भन्सार शुल्क लगाउने घोषणा गरे । जब ती यूरोपेली मुलुकहरूले पनि अमेरिकी आयातमा चर्को शुल्क लगाउने धम्की दिएपछि ९० दिनका लागि राष्ट्रपति ट्रम्पले सो भन्सार शुल्क स्थगित गरे । चीनलाई पनि ५० प्रतिशत भन्सार लगाएकामा हाल स्थगित गरेका छन् । भारतलाई पनि ५० प्रतिशत भन्सार लगाउने धम्की दिएका छन् । किनभने भारतले रुससँग तेल किनेको भनेर धम्की दिएका हुन् भनिए पनि अमेरिका भारतलाई चीनको ब्रिक्ससँग सम्बन्ध नराखेर अमेरिकी पक्षमा आओस् ताकि चीन एक्लो परोस् ।

चीनलाई टक्कर दिने ठूलो जनसंख्या भएको विकासोन्मुख भारतलाई एउटा रणनीतिक साझेदारको रूपमा ट्रम्पले प्रयोग गर्न चाहेको विश्लेषकको विश्लेषण छ । जब भारतलाई रुससँग तेल किन्दा युक्रेनको भन्दा सस्तो हुन्छ र रुससँगको सम्बन्ध तेलसँग मात्र नभएर भारत रुसी हात हतियारको ठूलो ग्राहक पनि हो । युक्रेनमाथि रुसले हमला गरेपछि अमेरिकाले रुसलाई आर्थिक प्रतिबन्ध लगाएकाले यूरोपेली मुलुकहरूले अप्रत्यक्ष रूपमा रुससँग तेस्रो देशबाट रुसी तेल र ग्याँस आयत गरिरहेछन् । यसले के प्रष्ट हुन्छ भने यूरोपेली मुलुकहरूसँगको अमेरिकी सम्बन्ध यूरोपेली युनियनको गठनले पनि के प्रष्ट पार्छ भने अमेरिकी डलर आधिपत्यलाई धक्का दिनुको अर्थ उनीहरूका बीचको अन्तर्विरोधलाई दर्शाउँछ । राष्ट्रपति ट्रम्पको सत्तारोहणपछि यूरोपेली मुलुकहरू अरु अमेरिकासँग सशंकित भएका छन् । किनभने ग्रीनल्याण्ड, क्यानाडा र मेक्सिकोलाई अमेरिकामा मिलाउने घोषणाले यूरोपेली जनतालाई आक्रोशित पाऱ्यो सत्तारुढ दलहरूले पनि विरोध गरे । हालसम्मको ट्रम्पका गतिविधि हेर्दा उनमा अस्थिरता, झुटमुठ मात्र व्यक्त भएको देखिन्छ । अहिले बोलेको केही बेरमै बोली बाचा फेरेको पाइन्छ । अमेरिकी साम्राज्यवादी र विकसित पुँजीवादी मुलुकहरूका बीचको अन्तरविरोध शत्रुतापूर्ण हुन विशेष आन्तरिक परिस्थिति र आन्तरिक वर्ग विरोधले निर्धारण हुन्छ ।

विकसित पुँजीवादी मुलुक तथा विकासोन्मुख मुलुकहरूका शासकहरू आफ्नो शासनकालमा ठूलो आर्थिक विकास भएको तथ्यांक पेश गर्दछन् । गैह्र सरकारी तथ्यांक र सरकारी तथ्यांकमा धेरै फरक पाइन्छ । स्वच्छ, निष्पक्ष, विधिको शासन भएको विश्वलाई मानव अधिकार र लोकतन्त्रको पाठ पढाउने अमेरिकी साम्राज्यवादीको मुलुकमा नै पनि हालै राष्ट्रपति ट्रम्पले अमेरिकाको एक शताब्दी लामो आर्थिक तथ्यांकको इतिहासमा एउटा नजिर बनाएका छन् । उनले सरकार तथ्यांक माथि नै हस्तक्षेप गरेका छन् । हुन त अन्य विकसित पुँजीवादी मुलुकहरूले पनि नक्कली घाटा बजेट नै बर्षौंसम्म पेश गर्ने गर्छन् । पुँजीपति वर्गको वर्गीय स्वार्थ रक्षा गर्न अनेकौं षडयन्त्रहरू गरेर घाटा बजेट नाफा बजेट वा झुटो आर्थिक समृद्धिका तथ्यांकहरू पेश गर्ने गरेको पाइन्छ । विकसित पुँजीवादी मुलुक ग्रीकले पनि वर्षौंसम्म नक्कली घाटा बजेट पेश गऱ्यो । किनभने ऋण संकटमा ग्रीक परेकाले त्यसलाई कमजोर पार्ने धेरै पटकको धरौटीका लागि आवश्यक थियो । यसले गर्दा तथ्यांक प्रकाशित गर्ने एजेन्सीका प्रमुखलाई आपराधिक अभियोग लगाइयो जब कि तथ्यपूर्ण रिपोर्ट गर्न भनिएको थियो । यसको परिणाम मुलुकको अन्तर्राष्ट्रिय छवी ज्यादै बिग्रियो ।

अमेरिकी श्रम तथ्यांक विभाग श्रम विभागको एउटा भाग हो, जसको सचिव राष्ट्रपतिको क्याविनेटको सदस्य हुन्छ । तर एजेन्सीले स्वतन्त्रतापूर्वक रोजगारी, मूल्यहरू, ज्याला र अन्य शीर्षकहरूमा तथ्यांक निकाल्छ । अमेरिकी अर्थशास्त्रीहरू के भन्छन् भने विश्वासिलो स्वतन्त्रतापूर्वक तथ्यांक निकालिने भएकाले सार्वजनिक र निजी क्षेत्रमा प्रयोग गरिन्छ । आधिकारिक रूपले केन्द्रीय अमेरिकी बैंकले सरकारले जम्मा गरेको डाटाले मुद्रास्फिती बेरोजगारीलाई ध्यानमा राखेर कसरी व्याजको दर निर्धारित गर्छ र कति अमेरिकीहरूलाई धितो अथवा कारको ऋण तिर्नुपर्छ भनेर मागदर्शन गर्दछ ।

अमेरिकी केन्द्रीय बैंकका अध्यक्ष जेरोमी एच.पोवेलका अनुसार सही तथ्यांकले केन्द्रीय बैंकलाई मात्र सहायता गर्ने नभएर अमेरिकी सरकार र निजी क्षेत्रलाई पनि मद्दत गर्छ । उनले हालैको न्यूज कन्फरेन्समा के औल्याए भने अमेरिकाले १०० वर्षदेखि नेतृत्व गरेकोले यसलाई निरन्तरता दिनुपर्ने विचार व्यक्त गरे ।

राष्ट्रपति ट्रम्पको सत्तारोहण पछि रातारात श्रम तथ्यांक विभागको तथ्यांक नै गोलमाल गरेका छन् । राष्ट्रपति ट्रम्पले श्रम तथ्यांक विभागकी अध्यक्ष इरिका म्याकइन्टरफेरलाई वर्खास्त गरे । किनभने उनको एजेन्सीले रोजगार दर थोरै देखाएकीले निस्काशित गरेका हुन् । जबकि इरिकाले पहिले कै जस्तो तौरतरिकाले तथ्यांक प्रकाशित गरेकी थिइन् ।

उपरोक्त विवरणले के प्रष्ट हुन्छ भने शोषक शासकहरूले कतिसम्म बेइमानी गरेर आम जनतालाई भ्रममा राखेर आफ्नो सत्तालाई श्रेष्ठ देखाउने कुचेष्टा गर्छन् । तथ्यांकलाई आफ्नो अनुकूल नहुँदा त्यसलाई आफ्नो अनुकूल बनाउनेदेखि न्यायपालिका, कार्यपालिकालाई पनि आफ्नो स्वार्थ अनुकूल बनाउँछन् । ट्रम्पले आफ्नो स्वार्थ अनुकूलका न्यायमूर्तिहरू नियुक्त गरिरहेछन् । विधिको शासनको वकालत गर्ने अमेरिकी शासकहरूको पाइलो पछ्याउने नेपालका प्रतिक्रियावादी शासक कम्पनीले न्यायमूर्तिहरूको भागवण्डा, विश्वविद्यालयहरूमा भागवण्डा, अर्थ, स्वास्थ्य, सूचना, शिक्षा, गृह आदि सम्पूर्ण क्षेत्रलाई भागवण्डा गरेर नेपालको अस्तित्वलाई नै समाप्त पार्नेतिर एमसिसि पास गरिसकेका छन् । अमेरिकाले स्थगित गरेको एमसिसि नेपालमा अमेरिकाले पुन : संचालन गरेको छ ।

प्रजातन्त्रवादी संयुक्त राज्य अमेरिकालाई ठूलो आदर्श मान्ने दासहीनग्रन्थी भएका नेपाली पुँजीवादी शिक्षा दीक्षाले लैस भएकाहरू अवश्य पनि जेफ्री इप्स्टिनबारे जानकार छन् । तर यस बारे साधारण अनभिज्ञ पाठकका लागि इप्स्टिन बारे सानो चर्चा गरौं ।

जेफ्री इप्स्टिन एक जना धनाढ्य अर्बपति लखौंपति थिए । जेफ्रीको उच्चपदस्थ व्यक्तिहरू राजनैतिक हस्थिहरू, विशिष्ट व्यक्तिहरू र अमेरिकी पूर्व राष्ट्रपति विल क्लिन्टन, वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प आदिसँग सम्बन्ध थियो र उनीहरू पनि बलात्कार गर्न आउँथे । जेफ्री एक जना बालयौन दुराचारी थियो । उसले हजारौं नाबालिक केटीहरू र जवान महिलाहरूलाई जवरजस्ती अपहरण गरेर गायव गर्दथ्यो । पहिले जेफ्री इप्स्टिनको फाइल खोल्ने भन्ने राष्ट्रपति ट्रम्प अहिले न खोल्ने भन्दैछन् । किनभने इप्स्टिनको जेटमा डोनाल्ड ट्रम्प गएका थिए । जेफ्री बारे नग्न चित्रकार मारिया फार्मरले प्रकाश पारेकी छिन् । फार्मरलाई १९९६ मा जेफ्री इप्स्टिन र उसको साझेदार घिस्लेन माक्सवेलले आक्रमण गरेका थिए । फार्मरले नग्न चित्रको पेन्टिङ गर्दा आफ्ना दुई बहिनीका अर्ध नग्न तस्वीर पनि देखिन । २०२१ मा घिस्लेन माक्सवेललाई के अभियोग लगाइयो भने माक्सवेलले केटीहरूलाई फकाएर यौन दुराचार गर्न जिम्मा लगाउँथिन । १९९६ मा फार्मरले एफबिआइलाई जानकारी दिइन । तर कार्वाही फाइलमै सीमित रह्यो । किनभने अमेरिकी राष्ट्रपतिहरू नै संलग्न भएकाले फाइल खोल्ने आँट गर्न सकेको छैन । जेफ्री इप्स्टिनले म्यानहटन जेलमा अगस्ट २०१९ मा आत्महत्या गऱ्यो ।

पुँजीवादी जगतमा विशेष गरेर पुँजीवादी नैतिक मूल्य मान्यता सबै पैसामा अडेको हुन्छ र महिलाहरूका प्रत्येक अंगप्रत्यंग विकाउ माल बनाइएका हुन्छन् । विकसित पुँजीवादी मुलुकहरू र विशेष गरेर अमेरिकी प्रजातन्त्रमा न्याय निसाप नै पैसामा अडेको हुन्छ । पैसा नहुने गरिब मजुदर एकपटक अभियोग लागेर जेल गएपछि ऊ आजीवन बन्दी भएर रोगी भएर अकालमै मर्छ । पुँजीवादी प्रजातन्त्रमा न्याय, समानता, मानवीयपन सबै खोक्रा प्रचारप्रसारका साधन मात्र हुन् । पुँजीवादी प्रजातन्त्र भनेको ठूला पुँजीपति वर्गको मात्र प्रजातन्त्र हो भने भोका, नांगा गरिब, मजदुर वर्गको दासता, शोषण, उत्पीडन, बेरोजगारी, रोग, भोक र भोकै तड्पितड्पि मर्ने प्रजातन्त्र हो ।

**साम्राज्यवादी तथा पुँजीपतिवर्ग आफ्ना वर्गीय स्वार्थको रक्षाका लागि जस्तोसुकै ठूलो विश्वासघात, बेइमानी र गद्दारी नै गर्न पनि पछि पर्दैनन् । बाहिरी रुपमा आफूलाई सबैभन्दा ठूलो, सभ्य, शिष्ट, मानव अधिकारीवादी, प्रजातन्त्रवादी भनेर प्रचार प्रसार गर्नु आम जनतालाई भ्रममा पार्न धोका दिन मात्र हो । उनीहरुले प्रचार गर्ने पुँजीवादी मूल्य, मान्यता तथा नैतिकता व्याँसाले भेंडाको छाला ओढेर भेंडा खाने नाटक मात्र हो । साम्राज्यवादको उदयदेखि प्रथम विश्वयुद्ध, द्वितीय विश्वयुद्ध तथा त्यसपछि भियतनाम कोरिया, कम्बोडिया, लाओस्, अफगानिस्तान आदि मुलुकहरुमा गरेका आम नरसंहारका इतिहासले उनीहरुका खोक्रा आदर्शहरु विश्व सामु खुला छन् ।**

❖ ❖ ❖ ❖ ❖

**अमेरिकी साम्राज्यवादीका हरेक वैश्विक कदमलाई समर्थन र सहायता गर्दै नाटोमा आबद्ध यूरोपेली मुलुकहरु अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यूरोपेली मालमा लगाएको मनपरी निर्यात करले गर्दा चिढिएका छन् । रूसले युक्रेनमा गरेको गरेको हमलाले आफ्नो सुरक्षाका लागि अमेरिकामाथि विश्वास गर्न नसकिने अवस्थामा पुगेका छन् । अर्थात् आ-आफ्ना मुलुकहरुमै हातहतियार उत्पादन गर्ने कि अमेरिकामाथि भर पर्ने भन्ने दोधारमा अल्मलिएका छन् । किनभने अमेरिकी कम्पनीहरुले उत्पादन गर्ने जस्ता उच्च गुणस्तरका छैनन् ।**

## नयाँ जनवादी...

पूँजीवादी पुनरुत्पादनको अवस्था कतै देखिँदैन । अर्ध-सामन्ती सम्बन्धहरू माथिदेखि तलसम्म पूँजीवादको विकासका बाधा हुन् । मुद्रा, ऋण र व्यवसायिक पूँजीले किसानहरूको कृषि उत्पादन र वस्तु कब्जा गर्छ तर उत्पादन प्रक्रियालाई होइन। यो प्रक्रियाले किसानहरूलाई अर्ध-सामन्ती सम्बन्धमा बाँधिरहेको छ । यसले उनीहरूको श्रमशक्तिलाई नियन्त्रण गर्छ र तिनीहरूलाई कामदारमा रूपान्तरण गर्दैन । यसले न त तिनीहरूलाई पूँजीपतिमा रूपान्तरण हुन दिन्छ । एकाधिकारवादी जात, जग्गाधनी र दलित भूमिहीन, मजदुर बीचको श्रम सम्झौता प्रकृति अर्ध-सामन्ती छ । यो एकै समयमा आर्थिक र गैर-आर्थिक शोषण र उत्पीडनको आधार हो । ब्राह्मण जातमा आधारित सामन्तवाद र जाति-वर्ग उत्पीडन अझै पनि ग्रामीण क्षेत्रमा जीवन्त र प्रचलित छ ।जातीय पदानुक्रम प्रणाली अर्ध-सामन्ती सम्बन्धको अभिन्न अंग हो। अधिकांश मानिसहरू पिछडिएको उत्पादन सम्बन्धमा बाँधिएका छन् ।

कृषि र कृषिसँग सम्बन्धित क्षेत्रहरूमा ज्यालादारी श्रममा वृद्धि भएको र ज्यालामा काम गर्ने कृषि श्रमिक र अर्ध-सर्वहारा वर्गको संख्यामा वृद्धि भए पनि, तिनीहरूको ज्याला र उद्योगहरूमा आधुनिक सर्वहारा वर्गको ज्यालामा ठूलो भिन्नता छ । यो उत्पादन शक्तिहरूको विकासको लागि एक श्रृंखलाको रूपमा काम गरिरहेको छ । यसले बहुसंख्यक मानिसहरूलाई पूर्ण गरिबी र दयनीय अवस्थामा राखिरहेको छ । यसले उनीहरूको क्रयशक्तिलाई संकुचित गरिरहेको छ जसले गर्दा यसले घरेलु बजारको विकासलाई सीमित गरिरहेको छ दमन, उत्पीडन, भेदभाव, छुवाछुत, सामाजिक बहिष्कार, प्रत्यक्ष हिंसा, नरसंहार, जिउँदै जलाउने, महिलामाथि यौन अत्याचार, घर जलाउने, सम्पत्तिको शोषण, उत्पीडित दलित जाति र आदिवासी जनतामाथिको विनाश अझै पनि सामान्य विशेषता जस्तै भएको छ ।

१९४७ मा सत्ता हस्तान्तरण भएदेखि दलाल शासकहरूले लागू गरिरहेका नीतिहरू र १९९१ देखि लागू गरिएका विश्वव्यापीकरण नीतिहरूको परिणामस्वरूप, हाम्रो पार्टीको नेतृत्वमा विगत पाँच दशकदेखि भएका सामन्तवाद विरोधी वर्ग संघर्षहरू र साम्राज्यवाद विरोधी, सरकार विरोधी आन्दोलनहरूको परिणामस्वरूप, हाम्रो पार्टीको नेतृत्वमा क्रान्तिकारी आन्दोलन चलिरहेका विभिन्न राज्यहरू र क्षेत्रहरूमा उल्लेखनीय परिवर्तनहरू भएका छन् । उत्पादनमा विकृत पूँजीवादी सम्बन्धहरू फैलिरहेका छन् । पहिलेका जमिन्दारहरूले आफ्नो सम्पत्ति र लगानी शहरी क्षेत्रहरूमा सारेका छन् । क्रान्तिकारी किसान समितिहरू र रयोत कुली संगमहरू, क्रान्तिकारी जनसमितिहरू (आरपिसीहरू) निर्माण र सुदृढ हुँदैछन् र वर्ग संघर्ष फैलिरहेको छ । यसले गाउँहरूको वर्ग संरचनामा उल्लेखनीय परिवर्तन ल्यायो । गैर-कृषि ग्रामीण पदानुक्रमहरू स्थापित भए र भूमि मुख्यतया तिनीहरूको हातमा केन्द्रित भयो । शोषणका नयाँ तरिकाहरू देखा परे ।यी सबैका कारण अर्ध-सामन्ती सम्बन्धहरू तुलनात्मक रूपमा कमजोर भए । क्रान्तिकारी आन्दोलन बलियो भएका आदिवासी क्षेत्रहरूमा वन जग्गा र गैर-आदिवासी जमिन्दारहरू र ठूलाठालूहरूको अतिरिक्त जग्गाहरू कब्जा गरियो । सरकार, वन र राजस्व विभागहरू, साहू र बजार व्यापारीहरूको शोषण र दमनमा रोक लागेको छ । ज्यालादारी मजदुर व्यवस्था धेरै हदसम्म घटेको छ । साम्राज्यवादीहरू, सार्वजनिक-निजी लगानी, राज्य र यसका दलालहरू विरुद्ध संघर्ष बढ्दै गएको छ । विगत सात दशकहरूमा भएका परिवर्तनहरू अनुसार, यो निःसन्देह छ कि भारतीय अर्थतन्त्र पूँजीवादी वा पूँजीवादी रूपान्तरणको बाटोमा छैन, देशमा त्यस्तो कुनै लोकतान्त्रिक प्रवृत्ति छैन र यसको विपरीत, अर्ध-सामन्ती सम्बन्धहरू अपेक्षाकृत कमजोर छन् । भूमि समस्या मुख्य समस्या हो र जोत्नेलाई जग्गाको आधारमा भूमि सुधारले अझै पनि व्यापक ग्रामीण क्षेत्रहरूमा महत्व र सान्दर्भिकता राख्छ । अर्ध-सामन्तीवाद भनेको सामन्ती व्यवस्थाको गर्भमा विभिन्न स्तरहरूमा पूँजीवादी सम्बन्धहरू विकसित भए तापनि, ती अझै व्यापक स्तरमा मौलिक रूपमा स्वतन्त्र पूँजीवादी सम्बन्धहरूमा विकसित भएनन् र त्यसैले यो एउटा प्रणाली हो जहाँ अर्ध-सामन्ती सम्बन्धहरू जारी रहन्छन् । विभिन्न स्तरहरूमा विकसित यी पूँजीवादी सम्बन्धहरू उल्लेखनीय छन् तर ती केवल मात्रात्मक छन् । उत्पादन सम्बन्धहरूमा कुनै गुणात्मक परिवर्तन छैन। भारतीय क्रान्तिको प्रकृतिमा वा क्रान्तिको मित्र र शत्रु वर्गहरूमा कुनै आधारभूत परिवर्तन छैन । साम्राज्यवादी अर्थतन्त्रमा बाँधिएको भारतीय अर्ध-औपनिवेशिक, अर्ध-सामन्ती अर्थतन्त्रमा जतिसुकै धेरै पूँजीवादी परिवर्तनहरू भए पनि, ती सबै साम्राज्यवादीहरू, दलाल ठूला बुर्जुवा र सामन्ती वर्गहरूको हितमा छन् । स्वतन्त्र पूँजीवादी देशमा परिवर्तनको कुनै सम्भावना छैन । जब हामी यी परिवर्तनहरू अवलोकन गर्छौं, यसले स्पष्ट पार्छ कि यी परिवर्तनहरूले हाम्रो सामान्य राजनीतिक कार्यदिशा र दीर्घकालीन जनयुद्धको मार्गलाई मौलिक रूपमा असर गर्न सक्दैनन् जसले हाम्रो पार्टीले अपनाएको यो राजनीतिक कार्यदिशालाई सफल बनाउन अपनाएको थियो, जुन परिवर्तनहरूमा आधारित थियो ।

मुख्यतया उनीहरूको हातमा केन्द्रित शोषणका नयाँ तरिकाहरू देखा परे। यी सबैका कारण अर्ध-सामन्ती सार्वजनिक-निजी लगानी, राज्य र यसका दलालहरू विरुद्ध संघर्ष बढ्दै गएको छ । विगत सात दशकहरूमा भएका परिवर्तनहरू अनुसार, यो स्पष्ट छ कि भारतीय अर्थतन्त्र पूँजीवादी वा पूँजीवादी रूपान्तरणको बाटोमा छैन, देशमा त्यस्तो कुनै लोकतान्त्रिक प्रवृत्ति छैन र यसको विपरीत, अर्ध-सामन्ती सम्बन्धहरू अपेक्षाकृत कमजोर छन् । भूमि समस्या मुख्य समस्या हो र जोत्नेलाई जग्गाको आधारमा भूमि सुधारको अझै पनि व्यापक ग्रामीण क्षेत्रहरूमा महत्व र सान्दर्भिकता छ । स्वतन्त्र पूँजीवादी देशमा परिवर्तन हुने कुनै सम्भावना छैन। जब हामी यी परिवर्तनहरू अवलोकन गर्छौं, यसले स्पष्ट पार्छ कि यी परिवर्तनहरूले हाम्रो सामान्य राजनीतिक कार्यदिशा र यस राजनीतिक कार्यदिशालाई सफल बनाउन अपनाइएको दीर्घकालीन जनयुद्धको मार्गलाई मौलिक रूपमा असर गर्न सक्दैनन्, जुन हाम्रो पार्टीले साम्राज्यवादको युगमा, विशेष गरी नव-औपनिवेशिक कालमा विश्वभरि भएका परिवर्तनहरू र हाम्रो देशमा नक्सलबारीको महान् क्रान्तिकारी लहर नआउन्जेल भएका सामाजिक परिवर्तनहरूमा आधारित भएर अपनाएको थियो, जुन दस्तावेज एकता महाधिवेशन -नवौं महाधिवेशनमा समृद्ध पारिएको थियो र साथै, ती दस्तावेजहरूले हाम्रो मार्गको कार्यान्वयनलाई अझ जटिल बनाउनेछन् । त्यसकारण, यसले स्पष्ट पार्छ कि हामीले देशमा भएका सामाजिक परिवर्तनहरू अनुसार हाम्रो राजनीतिक-सैन्य कार्यदिशालाई रचनात्मक रूपमा लागू गर्न आवश्यक छ, सामाजिक क्रान्तिको अनुभवबाट पाठ सिक्दै र यी परिवर्तनहरू अनुसार हाम्रो राजनीतिक-सैन्य रणनीतिको कार्यहरू पूरा गर्न हाम्रा रणनीतिक योजनाहरू अपनाउन आवश्यक छ । यी परिवर्तनहरू अनुसार सम्पूर्ण मित्र वर्गहरूलाई एकताबद्ध गरेर र साझा शत्रुहरू विरुद्ध, शत्रु वर्गहरूलाई अलग गरेर शत्रु वर्गहरूलाई पराजित गर्न सम्भव छ ।

यस उद्देश्यका लागि हामीले भारतमा राष्ट्रिय जनतान्त्रिक क्रान्तिको अझै अपूर्ण कार्यहरू पूरा गरेर समाजवाद-साम्यवाद स्थापना गर्ने उद्देश्यले नयाँ जनवादी समाज स्थापना गर्न देशमा पुरानो अर्ध-औपनिवेशिक, अर्ध-सामन्ती व्यवस्थालाई ध्वस्त पारेर भारतीय जनतालाई निरास बनाउने साम्राज्यवाद, दलाल नोकरशाही बुर्जुवा र सामन्त वर्गहरूको शोषण, उत्पीडन र दमन जस्ता तीन पहाडहरूलाई नष्ट गर्नुपर्छ । यसको लागि एक मात्र बाटो भनेको भूमि जोत्नेको आधारमा कृषि क्रान्तिको धुरी भएको नयाँ जनवादी क्रान्ति हो। भारतले यस क्रान्ति मार्फत मात्र साम्राज्यवाद, सामन्तवाद र नोकरशाही दलाल ठूलो पूँजीको शोषणबाट मुक्ति प्राप्त गर्न सक्छ । भारतमा क्रान्तिकारी युद्धको विशिष्ट विशेषताहरूमा निर्भर गर्दै, सैन्य रणनीति दीर्घकालीन जनयुद्ध हुनेछ । यसको अर्थ, कामरेड माओले भनेझैं, ग्रामीण क्षेत्रमा क्रान्तिकारी आधार क्षेत्रहरू स्थापना गर्नु हो जहाँ शत्रु तुलनात्मक रूपमा कमजोर छ र बिस्तारै शत्रु सेनाका किल्लाहरू भएका शहरहरूलाई घेरा हालेर तिनीहरूलाई कब्जा गर्नु हो ।

जस्तै :जोत्नेलाई जग्गा दिने नीतिको आधारमा जग्गाधनीहरूलाई बिना मुआब्जा जग्गा कब्जा गर्ने र जमिन्दारहरूको जग्गा कृषि श्रमिक, गरिब किसान र निम्न मध्यम वर्गका किसानहरूलाई जमिन्दारका जमिनहरू वितरण गरेर,साम्राज्यवादी बहुराष्ट्रिय कम्पनीहरू, पूँजीवादी जमिनका मालिकहरू, दलाल नोकरशाही पूँजीपतिहरू र सरकारी संस्थाहरूका कृषि सम्पत्ति र कृषि क्षेत्र कब्जा गरेर,क्रान्तिकारी जनसरकारलाई विस्तार गरेर,कृषिमा आधारित र उद्योगहरूलाई प्राथमिकतामा राख्ने सिद्धान्तलाई आधार बनाएर देशलाई औधोगिकरण गर्ने कृषि र उद्योगमा आधारित दुई खुट्टामा हिंड्ने सिद्धान्तलाई अपनाउने,सहकारी कृषि आन्दोलन र कृषि सहकारी संघहरूलाई प्रोत्साहन र विकास गर्ने, साम्राज्यवादी उद्यमहरू, कम्पनीहरू, दलाल नोकरशाही पूँजीपति वर्गका कम्पनीहरू र सरकारी जग्गाहरू राष्ट्रियकरण गर्ने, तिनीहरूको सम्पत्ति र बैंकहरू कब्जा गर्ने, स्वदेशी र विदेशी ऋण र असमान सम्झौताहरू रद्द गर्ने र वेरोजगारी उन्मूलन गर्ने -यी कार्यहरू गरेर हामी राष्ट्रिय मुक्ति र जनवादी क्रान्तिका कार्यहरू पूरा गर्न सक्छौं ।

*-हाँक टुडेबाट*

# द्वितीय विश्वयुद्ध :
# केही महिलाहरूको वीरताको कथा

● मार्क शीया ●

युद्धकालको वीरताबारे सोच्नुहोस्। तपाईँले एक पुरुष वा महिलाले निर्वाह गरेको वीरताको कल्पना गरिरहनुभएको छ ?

द्वन्द्वका बेला महिलाको भूमिकालाई सामान्यतया मान्यता दिइँदैन। अगस्ट १५ मा अन्त्य भएको द्वितीय विश्वयुद्धको ७५ औँ वर्ष पूरा भएको अवसरमा हामीले ती आठ महिलाबारे चर्चा गर्दैछौँ जसले विनाशकारी द्वन्द्वमा साहसिक भूमिका निर्वाह गरेका दसौँ लाख मानिसभन्दा फरक ढङ्गले बहादुरी र उपलब्धि स्थापित गरेका थिए।

चेङ बेन्हुवा : हाँस्दै मृत्यु स्वीकार

चेङ बेन्हुवा एक प्रतिरोधी वीराङ्गना हुन्, जो सन् १९३७ मा चीनमा आक्रमण गरेपछि जापानीसँग भिडेकी थिइन्। धारिलो हतियारले छेडेर मार्नु ठिकअघि लिइएको उनको तस्बिर निडर प्रतिरोधको प्रतिकात्मक तस्बिर बन्न पुग्यो।

लड्दै गर्दा कब्जामा लिइनुका साथै बन्दी बनाएपछि उनको उक्त तस्बिर जापानी फोटोग्राफरले खिचेका थिए। त्यो फोटोले उनको जीवनको अन्तिम क्षणलाई इतिहासमा अङ्कित गरिदियो।

गिरफ्तार गर्नेहरूले उनलाई कैयौँपटक बलात्कार गरे तर उनी डगमगाइनन्। तस्बिरमा उनी मृत्युको मुखमा पुग्दा पनि मुस्कुराइरहेको देखिन्छिन्। दुई हात बाँधेर छातीमा राखेकी छन्। बेफिक्री मुद्रामा शिर ठाडो क्यामेराको लेन्समा आँखा जुधाएकी छन्।

उनको यही भावभङ्गी चीनको नानजिङ सहरस्थित पाँच मिटरको सालिकमा उतारिएको छ। उक्त स्थानमा जापानी फौजले तीन लाख चिनियाँ पुरुष, महिला र बालबालिकाको संहार गरेका थिए। सन् १९३८ मा चेङ्को हत्या हुँदा उनी २४ वर्षकी थिइन्।

चिनियाँ इतिहासविद् एवम् सङ्ग्रहालयका निर्देशक फ्यान जियानचङले सन् २०१३ मा पिपुल्स डेलीलाई भनेका थिए, मारिएका दसौँ लाखहरूमध्ये चेङ बेन्हुवाले सबैभन्दा धेरै छाप छाडेकी छन्, उनी सबैभन्दा धेरै सम्मानयोग्य छन्।

नूर इनायत खान : जासुस राजकुमारी

एक भारतीय राजकुमारी तथा एक ब्रिटिश जासुस नूर इनायत खान १८ औँ शताब्दीका मैसूरका मुस्लिम शासक टिपु सुल्तानको वंशकी थिइन्।

सुफीका शिक्षक भारतीय बुबा र अमेरिकी आमाकी छोरीको रूपमा उनको जन्म मस्कोमा भएको थियो र उनले प्यारिसको सरबोनमा अध्ययन गरेकी थिइन्।

भाषाहरूको दक्षताले गर्दा उनलाई ब्रिटिश विशेष समूहको प्रमुख (स्पेशल अपरेशन्स एक्जिक्युटीभरु, एसओई) सम्म पुऱ्यायो। जो गोप्यरूपमा अधीनस्थ फ्रान्समा सक्रिय थियो।

युद्धका क्रममा प्रतिरोधमा उत्रिएका फ्रान्सेलीसँग सम्पर्क, फौजको गतिविधिको गुप्तचरी गर्दै नाजीका गतिविधिमा बाधा पुऱ्याउने एसओईको काम थियो।

उनले सूचना प्रविधिमा प्रयोग हुने रेडियो अपरेटरको रूपमा काम गर्थिन्। त्यो खतरनाक जिम्मेवारी लिने पहिलो महिला उनले विपक्षीले भेउ नपाऊन् भनेर ठाउँ परिवर्तन गरिरहनु पर्थ्यो।

अन्ततः नाजी प्रहरी पक्र्यो, बयान लियो र यातना दियो। उनले धेरैपटक भाग्ने प्रयास गरिन्, एकपटक छतबाट करिब निस्किसकेकी थिइन्।

त्यस्ता हरेक प्रयासपछि उनको कैद थप कठोर बन्थ्यो। तर, उनले नाजीलाई कुनै महत्वपूर्ण सूचना नचुहाएको बताइन्छ।

जर्मनहरूले उनलाई उनको कोड नाम म्याडेलीनले मात्र चिन्थे। उनी भारतीय रहेको भन्ने पनि थाहा थिएन।

उनी र अन्य तीन महिलालाई सन् १९४४ को सेप्टेम्बर १३ मा गोली हानेर मारियो। वीरताको निम्ति इनायत खानलाई मृत्युपश्चात् ब्रिटिश जर्ज क्रश र फ्रेन्च क्रोवा डे गेयरबाट सम्मान गरिएको थियो।

स्पाइ प्रिन्सेस, द लाइफ अफ नूर इनायत खानकी लेखक श्रवनी बासुले बीबीसीसँग भनिन्, “आफ्नो उदाहरणीय वीरताको निम्तिमात्र नभई जुन मूल्यका निम्ति उनी उभिइन् त्यसको निम्ति नूर इनायत खानले अहिले पनि लगातार प्रेरणा दिइरहेकी छन्।”

ल्युडमिला पेभ्लिचेन्को : ‘लेडी डेथ’

ल्युडमिला पेभ्लिचेन्को इतिहासकी सबैभन्दा सफल निसानेबाजमध्ये पर्छिन्। सन् १९४१ मा सोभियत सङ्घमाथि नाजीको आक्रमण भएपछि उनले ३०९ जना जर्मन सिपाहीलाई मारेको पुष्टि भएको छ।

उनको निसानामा परेका दर्जनौँ सैनिक आफैँ पनि निसानेबाज थिए। सेवास्टपोल र ओडेसाको लडाइँमा उनको ख्याति लेडी डेथको नामले भयो। नाजीहरूले कहिल्यै उनलाई निसाना बनाउन सकेनन्। तर, उनी मोर्टार प्रहारमा घाइते भइन्। चोट निको भए पनि उनलाई अग्रमोर्चाबाट हटाइयो।

सोभियत सङ्घको युद्धको निम्ति समर्थन जुटाउने भूमिकामा पठाइयो। लाल सेनाको पोस्टर गर्लको रूपमा उनले विश्व भ्रमण गरिन्।

त्यस क्रममा उनले अमेरिकी राष्ट्रपति फ्राङ्कलिन डी. रुजवेल्टसँग पनि भेट गरेकी थिइन्। सोभियन सङ्घको ‘गोल्ड स्टार अफ द हिरो’ बाट सम्मानित भए पनि पछि उनको इतिहास व्यापक मात्रामा कटौती गरियो।

लैङ्गिक समानताकी एक अभियानकर्मी एवम् सञ्चारकर्मी इरयाना स्लाभिन्स्कले बीबीसीसँग भनिन्, “असाधारण क्षमताकी एक महिला निसानेबाजको मृत्युपश्चात् राम्ररी कदम र सम्मान नगरिनु आश्चर्यजनक छ।”



देशको जहाँसुकै पुरुष बहादुरीमात्र अङ्कित भएको र त्यसमा महिला समावेश नगरिएको उनको भनाइ छ।

न्यान्सी वेक : ह्वाइट माउस

न्यान्सी वेकको छवि घातक लडाकुको थियो। नाजीहरूको कठोर दुश्मन पनि। न्यूजील्यान्डमा उनको जन्म भयो, अस्ट्रेलियामा हुर्किइन्। १६ वर्षको उमेरमा विद्यालय छाडेर उनले फ्रान्समा पत्रकारको काम थालिन्।

जागिर पाउन उनले इजिप्टको पुरातात्त्विक महत्वबारे लेख्न सक्ने क्षमता भएको भनेर उनले भ्रूटो बोलेको बताइन्छ। त्यहाँ उनको फ्रेन्च उद्यमी हेनरी फिओकासँग भेट भयो र बिहे गरिन्।

सन् १९३९ मा जर्मनीले आक्रमण गऱ्यो। फ्रान्सेली प्रतिरोधमा उनी जोडिइन्। सहयोगी वायुसैनिकहरूलाई स्पेन पुऱ्याउन उनले सघाइन्। सन् १९४२ मा उनको संयन्त्रमा घात भएर जर्मनीलाई जानकारी पुगेपछि स्पेन हुँदै उनी ब्रिटेन भागिन्।

श्रीमान् फिओका भने नाजीद्वारा कब्जामा परे, उनलाई यातना दिइयो र मारियो। ब्रिटिश स्पेशल अपरेसन्स् इक्जिक्युटिभ (एसओई) को निम्ति काम सुरु गर्न वेक फ्रान्स पुगिन्।

विभिन्न खतरनाक अभियानमा उनी सहभागी भइन्। रित्तो हातले एकजना जर्मन पहरेदारलाई मारिदिएको उनले सन् १९९० मा दिएको टेलिभिजन अन्तर्वार्तामा दाबी गरेकी छन्।

युद्धमा मूल्यवान रेडियो कोड हराएपछि त्यसको प्रतिस्थापनको निम्ति उनले स्वेच्छिक रूपमा दुश्मनको इलाकाभरी पाँचसय किलोमिटर यात्रा साइकलबाट पूरा गरेकी थिइन्। उनका अनुसार तीन दिनमा त्यो काम सम्पन्न गरेकी हुन्।

सूचना फुत्काउन उनले शृङ्गार गरेर जर्मनहरूसँग ‘डेटिङ’ मा जान्थिन्। उनको जीवनी लेखेका पीटर फिज्सिमोन्सले बताएअनुसार युद्धका क्रममा उनी कैयौँपटक जर्मन पक्राउ पर्ने अवस्थाबाट चलाखीपूर्वक फुत्किन सफल भएकी थिइन्।

उनको कुटिल क्षमताका कारण जर्मनहरूले उनलाई ह्वाइट माउसको नाम दिएका थिए। उनको आत्मकथाको नाम पनि त्यही हो। युद्धपछि उनले थुप्रै सम्मान पाइन्।

उनको निधन सन् २०११ को अगस्टमा ९८ वर्षको उमेरमा लण्डनमा भएको हो। उनले आफ्नो अस्तु फ्रान्समा सेलाउन भनेकी थिइन्।

जेन विल्ले : संवाददाता, जासुस, राजनीतिकर्मी

जेन विल्लेको जन्म कङ्गोमा भएको हो। सानैमा प्यारिस गएकी उनी दोस्रो विश्वयुद्ध हुँदा पत्रकारको रूपमा काम गर्थिन्।

उनले प्यारिस छाडेर देशको दक्षिणी फ्रान्सेली प्रतिरोध आन्दोलनको निम्ति गुप्त प्रतिनिधि बन्न पुगिन्।

जर्मनीद्वारा औपचारिकरूपमा उपनिवेश नबने पनि त्यहाँ कठपुतली शासन थियो। उनले नाजी सैनिकको गतिविधिको सूचना सङ्कलन गरेर सहयोगी देशलाई पठाउँथिन्।

सन् १९४३ को ज्यानुअरीमा दुश्मनले उनलाई पक्राउ गरे र देशद्रोहको अभियोग लगाइयो। तर, डेटा यसरी सुरक्षितरूपमा लुकाएकी थिइन् कि उनको गोपनीयता अधिकारीहरूलाई थाहा भएन। उनलाई मार्सेयस्थित महिला कारागारमा पुऱ्याइयो।

तर, उनी भागिन् वा रिहा गरियो त्यसैले युद्धपछि पनि उनी बाँच्न सफल भइन्।

सन् १९४७ मा उनी फ्रान्सको सिनेटमा निर्वाचित भइन्।

हेडी लमार : हलिवूडकी ज्वाजल्यमान सुन्दरी

अस्ट्रेलियामा जन्मिएकी सिने स्टार हेडी लमारको भविष्य उज्ज्वल थियो। हलिवूडको चम्किलो ताराको रूपमा उनले प्रसिद्धी कमाइन्, छ जना पति भए। पहिलो विवाह हतियार कारोबारीसँग भयो।

जो उनको प्रारम्भिक अभिनय यात्राप्रति अप्रसन्न थिए। श्रीमान्ले आफ्ना साथी र सहकर्मीको निम्ति उनलाई मनोरञ्जनको निम्ति बाध्य पारे। जसमा नाजी पनि थिए। लमारले त्यो स्वीकार गर्न सकिनन् र सुटुक्क सुरुमा प्यारिस र पछि लण्डन भगिन्। जहाँ उनको भेट एमजीएम स्टुडियोज्का प्रमुख लुइस बी मेयरसँग भयो।

उनले लमारलाई हलिवूडमा काम गर्न प्रस्ताव गरे र विश्वकै सबैभन्दा सुन्दर महिलाको रूपमा उनको प्रवर्द्धन गर्न थाले। ३० वटाभन्दा धेरै फिल्ममा उनको सफलताले उनलाई पहिचान दियो। तर, अतिरिक्त कामबाट उनले अन्वेषकको रूपमा ख्याति कमाइन्।

उनले सहयोगी रोर्पेडोज अर्थात् क्षेप्यास्त्रजस्तै हतियारको निम्ति एउटा प्रणालीको विकास गरिन्।

जसले फ्रिक्वेन्सीको माध्यमबाट दुश्मनले त्यसलाई काम नगर्न अवस्थामा पुऱ्याउने जोखिमको प्रतिरोध गर्छ।

अमेरिकी जलसेनाले उनको पेटेन्ट लिएन तर उनको त्यही अग्रगामी आविष्कार अहिलेको ब्लुटुथ र वाइफाइ प्रविधिमा देख्न सकिन्छ।

म्या यी : तरवार र विष योद्धा

म्या यीको सङ्घर्ष दोस्रो विश्वयुद्धमा जापानले बर्मामाथि आक्रमण गर्नुअघि नै भएको हो। देशको स्वतन्त्रताको निम्ति ब्रिटिश औपनिवेशिक अधिकारीहरूको विरोध गर्ने उनी सशक्त अभियानकर्मी थिइन्।

दोस्रो विश्वयुद्धमा उनी प्रतिरोधकर्ता शक्तिहरूसँग सम्बद्ध भइन्। उनको हातमा आत्मरक्षाको निम्ति सधैँ तरवार हुन्थ्यो, साथमा विषको एउटा बोतल पनि।

सन् १९४४ मा जापानीहरूविरुद्ध लड्न उनी पैदलै दुश्मनको इलाका र पहाडी क्षेत्र हुँदै ब्रिटिश नियन्त्रित भारत पुगिन्।

उनले आफ्नो घाउमा आफ्नै शरीरको कपडाको पट्टी बाँधिन् र बोकेर लग्ने पुरुषको प्रस्ताव अस्वीकार गरिन्।

भारत रहँदा उनले जापानीले बर्मेलीहरूसँग कस्तो नराम्रो व्यवहार गरिरहेका छन् भन्ने कुरा विस्तृतमा लेखिएको पम्पलेट बर्माभरि छर्न सहयोग गरिन्।

पहिलो छोरा जन्मिएपछि उनले श्रीमान्सँगै बर्मा फर्किने योजना बनाएकी थिइन्। प्याराशुट प्रयोग गर्ने तालिम लिएकी उनले अन्ततः अर्कै लडाकुलाई आफ्नो सिट सुम्पिन्।

उनी दोस्रो विश्वयुद्ध सकिएपछि सन् १९४५ को अक्टोबरमा मात्र बर्मा फर्किएकी हुन्। उनको सङ्घर्ष जारी रह्यो। उनले स्वतन्त्रताको निम्ति र पछि देशको सैनिक शासनविरुद्ध लडाइँ गरिरहिन्।

रसुना सईद : सिंह

रसुना सईद यो सूचीमा त्यस्तो अपवाद हुन् जो युद्धका क्रममा न्यूनतमरूपले भए पनि दुश्मन देशको पक्षमा थिइन्। उनी इन्डोनेशियाको स्वतन्त्रताको लडाइँमा प्रमुख अनुहार थिइन्।

उनका दुश्ममा जापानी थिइनन् बरू इन्डोनेशियाका डच उपनिवेशक थिए। सानै उमेरमा राजनीतिकरूपमा सक्रिय उनले इन्डोनेशियाई मुस्लिम एसोसियसन (पीइआरएमआई) नामको पार्टी बनाएकी थिइन्।

२० को दशकको सुरुवातकै उमेरमा उनले बनाएको दल क्षेत्र र राष्ट्रियतामा आधारित थियो। जोडदार भाषण कला भएकी उनको भाषण दिउँसै बिजुली चम्किएजस्तो हुने गरेको उनको जीवनकथामा उल्लेख छ।

डच औपनिवशिक अधिकारीहरूको आलोचना गर्ने उनको हिम्मतले गर्दा उनले ‘सिंह’ को उपनाम पाएकी थिइन्। डचहरूले उनको भाषण बारम्बार रोकिदिन्थे।

एउटा कार्यक्रममा त उनलाई गिरफ्तार गरेर १४ महिला जेल समेत हालियो। सन् १९४२ मा आर्किपेलेगोमा जापानी आक्रमण भएपछि उनी एउटा जापान पक्षीय सङ्गठनमा जोडिइन्।

तर, उनले त्यसलाई आफ्नो स्वतन्त्रता गतिविधिहरूको पक्षमा प्रयोग गरिन्। इन्डोनेशियाको प्रसङ्गमा भने जापानीले हारेपछि पनि लडाइँ अन्त्य भएन।

डचहरू आफ्नो अधिकार पुनर्स्थापित गर्न फेरि फर्किए। पहिले ब्रिटिशको सहयोग लिए अनि चार वर्ष लामो क्रूर द्वन्द्व सुरु भयो।

सन् १९४९ मा डचले इन्डोनेशियाको सार्वभौमिकतालाई मान्यता दिएपछि त्यो अन्त्य भयो र त्यसमा सईदको भूमिका स्मरण गरिन्छ। राजधानी जकार्तामा एउटा प्रमुख राजमार्ग उनको नाममा राखिएको छ।

लैङ्गिक समानता र महिलाको लागि शिक्षाको पक्षमा एक शक्तिशाली वकालतकर्ता रसुना सईद नेसनल हिरोको उपाधि पाउने थोरै इन्डोनेशियाली महिलाहरूमध्ये एक हुन्। - *‘बीबीसी विश्व सेवा’ बाट*

# इजरायलका दुई रूप : मार्क्सवादी दृष्टि

❑ **निकोस मोटास**

इजरायलमा हालै विशाल जनप्रदर्शन भयो। गाजा कब्जा गर्ने नेतन्याहु सरकारको जघन्य योजनाविरुद्ध भएको त्यो प्रदर्शनले समाज एकोहोरो हुँदैन र एउटै समाजभित्र पनि आपसमा बाभ्फिने शक्तिहरू हुन्छन् भन्ने बोध गरायो।

द्वन्द्ववादका आधारभूत नियमबारे जानकार सबैलाई आधुनिक पुँजीवादी समाजहरूमा ठुलाठुला अन्तर्विरोधहरू छन् भन्ने थाहा छ। इजरायलभित्र पनि यी अन्तर्विरोध छन्।

कार्ल मार्क्सले भन्नुभएको थियो, “आजसम्म विद्यमान सबै समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो।”(कम्युनिस्ट घोषणापत्र, सन् १८४८) कुनै पनि समाज सग्लो हुन्न र कहीँ पनि एकै स्वर पाइन्न। समाजमा विरोधी स्वार्थ, दृष्टिकोण र वर्ग हुन्छन्। एउटै राष्ट्रभित्र पनि श्रमिक र पुँजीपतिहरूबीच मौलिक रूपमा विपरीत स्वार्थ हुन्छन्। इजरायलमा पनि यस्तै विपरीत वर्ग छन्। एउटा इजरायलले सत्ता र सहुलियतको पक्ष लिन्छ। अर्को इजरायल न्याय र समानताको माग गर्छ।

धेरैले नेतन्याहु, बेन गभिर र स्मोत्रिचले नेतृत्व गरिरहेको इजरायल देख्छन्। त्यो इजरायल जो यदायदा कब्जाकारी छ, गाजामाथि बमबारी गरिरहन्छ र प्यालेस्टिनी भूमि हडप्दै लगातार बस्ती विस्तार गर्छ। यो इजरायलले सैन्य शक्तिमाथि विश्वास गर्छ र शान्ति सम्झौतालाई कमजोरी ठान्छ। यो इजरायलले लाखौँ प्यालेस्टिनीहरूलाई आधारभूत अधिकारबाट वञ्चित गर्छ र ‘सुरक्षा’ चाहन्छ।

यो दक्षिणपन्थी सोच राख्ने यहुदीवादीहरूको इजरायल हो। संसारका सबै पुँजीवादी व्यवस्थाले जस्तै इजरायलको पुँजीवादी सत्ता पनि भ्रूटो प्रचारबाजीमा टिकेको छ। अन्य पुँजीवादी समाजले जस्तै इजरायलले पनि जनतामाथि शासन गर्न लगातार तिनलाई डरत्रास देखाउँछ, जनताबिच गलत सूचना र जातिवादी भावना फैलाइरहन्छ। शासकहरूलाई बल प्रयोग गरेर *बाँकी ८ पेजमा*

# सौन्दर्य शास्त्रमा मार्क्सवादी कला



● कृष्ण भक्त महर्जन ●

सौन्दर्यशास्त्रमा कला भनेको जगतमा भएको सबै चीजको उत्पत्ति गर्ने सिर्जना हो । या कुनै चीज तयार हामी जे देख्छौ, जे हेर्छौं र जे गर्छौं त्यसलाई फुलबुट्टा भरी सिर्जना गर्ने हो । कलालाई प्रयोग गर्दा वा रचनामा कला प्रयोग गर्दा समाजलाई सोच्न बाध्य पारोस् र मनलाई विचार गर्न जागृत गरोस् या व्यक्तिमा उथलपुथल आओस् यस्ता कलाले सौन्दर्यशास्त्रको साहित्यमा इतिहास बनाउँछ ।

कलाको उत्पत्ति चालिस हजार वर्ष पहिले उत्तरवर्ती युगमा भएको पाइन्छ । भौतिक जीवन मान्छेको चेतनाले निर्धारण गर्छ र अस्तित्वले निर्धारण गर्छ । समाज विकास सँगसँगै उत्पादन र उत्पादन शक्तिको आवश्यक परेपछि आगो कसरी निकाल्न, हतियार कसरी बनाउने र कसरी प्रयोग गर्ने भन्ने कुरा ढुंगाढुंगा बजाई आगो निकाले र ढुंगालाई हतियार बनाइएको कलाहरू प्रयोग गरेको इतिहास पढेका छौं । मान्छे प्रकृतिको उत्पादन हो । मान्छेले उत्पादन गर्ने या सिर्जना गर्ने या कलाको प्रयोग गर्ने व्यवहारिक पक्ष हो । सामाजिक अस्तित्व रूपी उत्पादन सम्बन्ध र कला रूपी चेतनाले निर्माण गर्दछ । त्यसैले कला रूपी पनि विचारधारा कै एउटा रूप हो । कलाको पनि स्वायत्त सत्ता हुँदैन । तर पनि इतिहास बनाउन, इतिहास बनाउँछौं त्यसको लागि कलाले निर्णायक रूपमा नभए पनि केही हदसम्म भूमिका निर्वाह गर्दछन् ।

समाजमा कला साहित्य पनि वर्गीय हुन्छ । त्यसैले मार्क्स र एंगेल्सले भनेका छन्–संसार बदल्ने आवश्यक बोधसँगै क्रियाशील रहँदा कला, साहित्य, वर्गबोध र वर्गचरित्रबाट अलग सकिंदैन । विचारधारामा कला एउटा महत्वपूर्ण तत्व होर महत्वपूर्ण भूमिका पनि हुन्छ । दर्शन र राजनीति झैं विशुद्ध विचारधारा त होइन र यसले इन्द्रीयबोध भावहरूले विचारको उपस्थिति जनाउन सक्छ ।कलालाई पनि तीन भूमिकाको संज्ञात्मक, विचारधारात्मक सौन्दर्यात्मक भूमिका हुने कुराप्रति मार्क्सवादी कला चिन्तन, स्पष्ट छ, संज्ञानात्मक भावले यथार्थबोध गराउने कला हो, विचारधारात्मक भन्नाले मार्क्सवादी दर्शन बोध गराउने कला हो र सौन्दर्यात्मक भन्नाले कुरूपलाई सुन्दर बनाउने कला हो ।

माओको भनाई अनुसार नयाँ रुढीगत कला रौली र मतवाद सजीव र तीव्र छैन, निर्जीव र अचल हुन, क्रान्तिकारी छैन, क्रान्तिको मार्गमा बाधक छन्, प्रगतिशील छैन, परन्तु, प्रतिगामी हुन् । भनाईको मतलव रुढीगत कलाले चार मई आन्दोलनको स्वरूपको एक प्रतिक्रिया हो भनेका छन् । चार मईको आन्दोलनको पनि आफ्नै केही केही कमजोरीहरू पनि छन् । यो संघर्ष पनि एक महान् उपलब्धी कलामा भएको छ । वास्तवमा क्रान्ति गर्ने भनेको आम जनताको आवश्यकता हो । जनतालाई क्रान्तिकारी काममा अघि नबढाईकन क्रान्ति सफल हुन सक्दैन। त्यसैले जनतालाई बुझाउन, सिकाउन जनताको भाषामा गाउँको भाषामा बोल्ने, लेख्ने छोटो मिठो हुनुपर्छ । लामा लामा भाषण लेख्ने बन्द गर्नुपर्छ भन्ने भनाई माओको छ ।

सबै ज्ञान जनताबाटै सिक्न सकिन्छ । त्यस्तै सबै कला सिक्न सकिन्छ । जनता माझ जानु भनेको हो भने क्रान्तिकारी भई डुल्नु होइन । क्रान्तिको तयारीको लागि जाने हो । कलाका प्रयोगगरी सक्ने हो । यहीबाट मार्क्सवादी कला सिक्न सकिन्छ ।

नेपाली कलाको इतिहास नेपाली संस्कृति जतिकै पुरानो छ । लिच्छविकाललाई कलाको स्वर्णीम कलाको रूप लिने गरिन्छ । त्यसकालका अद्वितीय कलाकृतिहरूको उत्कृष्टताको आधारले नेपाली कलाकृतिको अझै पुरानो हुन्छ भन्ने अनुमान गर्न सकिन्छ । नेपाली संस्कृति, नेपाली सभ्यता जति नै पुरानो छ । त्यति नै कला पनि पुरानो छ । कलाकलाको लागि मात्र नभएर मान जीवनको लागि समेत अपरिहार्य तत्व हो । कला अध्यात्मक मात्र होइन व्यवहारका महत्वपूर्ण पनि हो । नेपाली कलाको विकासक्रममा विभिन्न चरण पार गरी आएको छ । जस्तै बुट्टा कुद्ने, रंगरोगन गर्ने, पाण्डुलिपिका चित्र कोर्ने, पौवा चित्र हुँदै छायाचित्र बनाउनेसम्मका कलाले उत्कर्षमा पुगेको देखिन्छ । विस्तारै विस्तारै कला क्षेत्रमा पनि पश्चिमेली कला जस्तै प्रभाववाद, अभिव्यक्तिवाद, अमूर्तवाद तथा अति यथार्थतावाद शैलीहरूको प्रवृत्ति देखा पर्न थाल्यो । यीहरूको विरोधमा नेपाली कलामा बाह्य वस्तु तथा घटनाक्रमहरूलाई भन्दा आफूभित्रको भाव प्रकट गर्ने तिर अभ्यस्त हुन थालेको छ ।


कलाको विकासमा सिन्धुघाटी सभ्यतामा विकास भएको कला विविध आयम अहिलेसम्म लिखित दस्तावेज पाइएको छैन । नेपालमा कलाकै सन्दर्भमा केन्द्रित रही २००८-२००९ सालमा सत्य मोहन जोशीले कलाकार त्रैमासिक पत्रिका नेवारीमा र नेपालीमा प्रकाशितले चित्रकला, मुर्तिकला, वस्तुकला, संगित तथा साहित्यिक महत्व दिएका थिए । त्यसैले नेपाली कला आफ्नो परम्परा साथसाथै विश्वमा जन्मेका कला नविनतम प्रचलनमा छन् र विगतबाट सिकी, वर्तमानलाई आत्मसाथ गरी आफ्नै मौलिकताको आवाजलाई सुनी आफ्नै दृष्टिपरक भाष्यमा आफूलाई अभिव्यक्त गर्ने मार्क्सवादी कलाको नेपालमा अपनाउँदै आएका छन् ।

२०००७ सालको आन्दोलनबाट सिकेका कला, २०२८ सालको आन्दोलनका कलाहरू, ०४६-४७ का आन्दोलन कलाहरू या ०५२ सालको आन्दोलनकाहरूमा धेरै मार्क्सवादी साहित्य कलाहरू जन्मे । ती कलाका प्रख्यात व्यक्तित्वहरू कोही प्रतिक्रियावादीतिर ढल्के । कोही अवसरवादीतिर, कोही संशोधनवादीतिर ढल्क तर यी व्यक्ति कलाका आलेख चाहिं क्रान्तिका लागि क्रान्तिकारी चाही बनेका छन् । ती आन्दोलनबाट कला जन्मेका क्रान्तिकारी धारमा उभिएका क्रान्तिकारी आलेखहरू अहिलेसम्म क्रान्तिकारी धारमै लेखेका छन् र लेख्दै पनि छन् ती क्रान्तिकारीहरूलाई लाल सलाम टर्क्याउँछु ।

---

## ❑ यो साता कविता

### किताब



❑ बर्टोल्ट ब्रेख्त

*जब सत्ताले*
*खतरनाक मानिएका किताबहरू*
*खुलेआम जलाउन आदेश दियो*
*त्यसपछि*
*किताबले लादिएका बयल गाडीहरू*
*ठाउँ ठाउँबाट घाटतिर लगिदै थिए*
*यत्तिकैमा*
*जब एक जना पाका अनि प्रखर कविले थाहा पाए*
*जलाउन तयार पुस्तकहरूको सूचीमा*
*उनको पुस्तक भुलवश छुटेको छ,*
*उनी रिसले रातो पिरो भए ।*
*उनी आफ्नो लेख्ने टेबुलतिर दौडिए*
*रिसले रन्थनिदै उनले शासकलाई चिठ्ठी लेखे-*
*'मलाई जलाइदेऊ !'*
*उनी कलम घोटेर लेख्दै थिए-*
*'मलाई जलाइदेऊ !'*
*मसँग यस्तो दूर्व्यवहार नगर*
*मेरो पुस्तक जलाउन नछोड*
*के मैले आफ्नो पुस्तकमा*
*सत्य कुरा लेखेको छैन ?*
*तिमीहरू मसँग यस्तो व्यवहार गर्दै छौ कि -*
*म झुटो मान्छे हुँ ।*
*म तिमीलाई आदेश दिन्छु :*
*'मलाई जलाइदेऊ !'*

*अनु. बलराम तिमल्सिना*

---

# दु:खीका कवितात्मक प्रवृत्तिहरू

**❑ अशोक थापा**

***प्रवेश***

सिर्जना अत्यन्त भयावह युद्धको दुन्दुभीमा पनि प्रस्फूटन हुँदोरहेछ । साहित्यको प्रयोजन समाज परिवर्तनका लागि हुनुपर्छ भन्ने मान्यता बोकेको सर्जकबाट वैचारिक साहित्यको जन्म हुने गर्छ । त्यसमा विचारलाई सौन्दर्यले अभिसिञ्चन गराउन सकियो भने साहित्य साहित्यका लागि नभएर साहित्य समाजसुधार र युगनिर्माणका लागि गतिलो हतियार बन्न सक्छ । समाज र राष्ट्रमा घटित हुने हरेक क्रियाकलाप नागरिकसँग अन्तर्सम्बन्धित रहने गर्छन् । हरेक सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरू साहित्यसँग अन्तर्मिश्रण भएर आउन सकेन भने त्यस साहित्यलाई समसामयिक साहित्य भन्न सकिँदैन । समसामयिक कालखण्डका यावत् घटनालाई साहित्यले आफ्नो विषयवस्तुसँग सम्मिलन गराउन सक्नुपर्छ । देशको राजनीतिक घटनाक्रम तथा परिस्थितिले सामाजिक प्राणी सर्जकलाई पनि प्रभावित गर्छ । प्रत्यक्षपरोक्ष रूपमा स्रष्टाले अनुभूत गरेको यथार्थ प्रतिबिम्बन नै साहित्यमा प्रयोग हुने गर्छ ।


नेपाल राष्ट्रले पनि अत्यन्तै व्यापक र गम्भीर चेतनासहितको जनयुद्धको फड्को मारेको छ । जनसापेक्षताबाट मूल्याङ्कन गर्दा सो युद्ध अत्यन्त्यै अग्रगामी र विश्वइतिहासमा उल्लेख्य घटनाका रूपमा पनि स्थापित छ । यसै जनयुद्धमा हजारौं लेखक, कलाकार, मजदुर, किसान समाहित भएका थिए । कतिले युद्धले मोड लिन नपाउँदै आफ्नो जीवन समाप्त गर्न पुगे त, कति अझै पनि सङ्घर्षरत छन् । यसै सन्दर्भमा समर्पित र सक्रिय सर्जक हिरामणि दुःखीको चर्चा यस सन्दर्भमा हुँदै छ । वि.सं. २०२५ असार १४ गते दाङ जिल्लामा जन्मेका दुःखी जनयुद्धमा बन्दुक मात्र होइन, लेखनीको कारतुस पड्काउने सशक्त कवि हुन् । सिर्जनाऊर्जा भएका व्यक्ति जस्तो परिस्थितिमा पनि केही सिर्जना गरिरहन्छन् । 'भनिन्छ ढुङ्गाको कापा फोरेर पनि उम्रन्छ पीपल । '

'परिभाषा' कवितासङ्ग्रह हिरामणि दुःखीद्वारा विभिन्न समयमा सिर्जना गरिएका तेत्तीसवटा कविताहरूको सङ्कलन हो । वि.सं. २०६१ सालमा पुस्तकाकार रूपमा सार्वजनिक हुनुभन्दा अगाडि विभिन्न राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भएको देखिने प्रस्तुत कवितासङ्ग्रहको आफ्नै खालका प्रवृत्ति तथा विशेषताहरू छन् । संरचनागत रूपमा पृथकपृथक स्वरूप देखिए पनि वैचारिक धरातलमा दुःखीका कविताहरू प्रगतिवादी चेतनाद्वारा अभिप्रेरित देखिन्छन् । कवि स्वयम्ले २०५१ सालदेखि यताका कविताहरू यस सङ्ग्रहमा समावेश गरिएको कुरा स्वीकार गरे पनि विशेष गरी कविताको परिवेश जनयुद्धकालीन सामाजिक, आर्थिक तथा सांस्कृतिक जडताप्रति असन्तुष्टिमा केन्द्रित भएको देखिन्छ । विशेष गरी प्रस्तुत 'परिभाषा' कवितासङ्ग्रहको केन्द्रीय कथ्य समाजमा विद्रोहात्मक सोचको विकासविना सामन्तवर्गको निर्मूल सम्भव छैन भन्न खोज्नु हो । नेपालको नमुनामय जनयुद्धको खिलापमा देशीय सामन्तवर्ग तथा विदेशी प्रतिक्रियावादी तप्का कसरी क्रियाशील रहेका छन् भन्ने सन्दर्भलाई यस कवितासङ्ग्रहमा निकै खरो र मार्मिक रूपमा उठाइएको छ । तत्कालीन सामन्ती राजतन्त्रले आफ्नो गद्दीसुरक्षाका लागि मच्चाएको ताण्डवनृत्य र सामन्तवादीहरू उसकै पाउमा समर्पित भएको सन्दर्भलाई कवितामा व्यक्त गरिएको छ । प्रस्तुत कवितासङ्ग्रहलाई मूल्याङ्कन गर्दा दुःखीका कवितात्मक प्रवृत्तिहरू विविधतामय देखिन्छन् । निश्चित प्रवृत्तिगत विशेषताका आधारमा प्रस्तुत कवितासङ्ग्रहको व्याख्या यसप्रकार गर्न सकिन्छ :

***१. देशीविदेशी प्रतिक्रियावादप्रति आक्रोश***

नेपालको सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक पक्षको समृद्धिका लागि इतिहासदेखि नै देशी सामन्तवाद तथा विदेशी प्रतिक्रियावादी शक्तिले गर्ने गरेको चलखेलको यथार्थलाई दुःखी आफ्ना कवितामा आक्रोश व्यक्त गर्छन् । परम्परादेखि जनतामारा कानुन बनाएर लुटको राज गर्दै आएका सामन्तहरूविरुद्ध अब मोर्चाबन्दी युद्ध लड्नुपर्छ भन्ने हुङ्कार बोल्दै सोझासाझा किसानलाई फसाएर राज गर्न चाहने सामन्तहरू आफू धुमधामसँग चाडपर्व मनाउँछन् र गरिबका सम्पत्ति हडप्न पछि पर्दैनन् भन्ने कुरालाई दुःखी यसरी व्यक्त गर्छन् :

*जसको हलगोरु र लैनु गाई*
*अहिलेको तीज मान्न साहुकहाँ गैसके*




*तिनीहरूलाई केको खुसी ?*
*जसको तल्लो पाटो र तामुकाँसो*
*पोहर सालदेखि नै साहुका सम्पत्ति भैसके ।*

*(दसैं होइन दसा हो यो, ९)*

सामन्तवादी राज्यसत्ता भएको देशमा चाडपर्व, दसैंतिहार भनेको हुनेखानेका लागि मात्र हुने गर्छन् । साहुमहाजनहरू पञ्चवली जुटाउँदै चाडपर्व मानाउँछन् भने गरिबकिसानहरू करेसाबारीसहित ओतलाग्ने झुपडी पनि बन्धकी र राजिनामा दिन वाध्य हुन्छन् भन्ने तीतो यथार्थलाई उक्त कविताले आफ्नो विषयक्षेत्र बनाएको छ । यो सामन्ती कुसंस्कारका विरुद्ध चेतनशील भएर युद्ध लड्नुपर्छ भन्ने सन्देश पनि दुःखी आफ्ना कवितामा अभिव्यक्त गर्छन् । सांस्कृतिक रूपमा आफ्नो क्षमताअनुरूप चाडपर्व मनाउनुपर्नेमा देखावटी पुँजीवादी आडम्बरले थुप्रै गरिबहरूको उठीबास लागेको कुरालाई पनि यस कवितासङ्ग्रहमा उल्लेख गरिएको छ । आजका शोषणदमनबाट पाठ सिक्दै त्यस वर्गप्रति पनि युद्ध छेड्नुपर्छ । हुरीसरी आँधीमय युद्धको हुन्डरी मच्चाउनुपर्छ । युद्धको हुन्डरी नचलाइकन परम्परादेखि जरा गाडेको भूमाफियाहरूको अन्त्य हुँदैन भन्ने सन्देश पनि दुःखी आफ्ना कवितामा दिन चाहन्छन् ।

यसका साथै, प्रजातन्त्र स्वभावैले जनपक्षीय हुनुपर्छ । जनताले अपनत्व अनुभव गर्न नसक्ने प्रजातन्त्र नाममात्रको प्रजातन्त्र हो, पुँजीवादी प्रजातन्त्र हो । समन्तहरूले परिभाषित गर्ने प्रजातन्त्र वास्तवमा प्रजातन्त्र नभएर प्रजातन्त्रको नाउँमा गरिने षड्यन्त्र मात्र हो । सामन्ती प्रवृत्तिका शासकहरूले व्यक्त गर्ने राजद्रोही र विद्रोहीको परिभाषामा पनि निकै भिन्नता छ भन्दै दुःखी परिभाषा शीर्षकको कवितामर्फत् यसो भन्न पुग्छन् :

*हत्याको परिभाषा भन या अपराधको*
*देशद्रोहीको परिभाषा भन या आतङ्कवादको ।*
*राष्ट्र्वादको परिभाषा भन अथवा प्रजातन्त्रको*
*तिम्रो र उसको परिभाषा फरक छ*
*तिम्रो परिभाषाभित्र*
*एउटा अपराध लुकाउन लाख अपराध गर्नुपर्छ ।*

*(परिभाषा, ५९)*

***२) राजनीतिक विकृति र प्रशासनिक पाखण्डीपनको विरोध***

राज्यव्यवस्थाभित्रका कर्मचारीतन्त्रभित्र देखिने सामन्ती सोच र अकर्मण्यताले जनता कसरी प्रताडित भएका छन् ? राजनीतिक चालबाजी र कुसंस्कारले देश आक्रान्त अवस्थामा गुज्रिइरहेको छ । यसको परिवर्तन तथा सुधार आवश्यक छ भन्ने सन्दर्भलाई दुःखीले आफ्नो कवितामा यसरी व्यक्त गर्छन् :

*देशविकास र गरिबी उन्मूलनका*
*ललीपप देखाएर*
*जति सक्छौ कोठामै बसेर 'जनमत' बटुल*
*कथित जनप्रतिनिधि भएको स्वघोषणा गर*
*प्रजान्त्रको ढोल बजाऊ*
*चुस्ने चुसिने खेल पनि यथावत् राख ।*

*(लालयोद्धा, १४)*

जनतालाई गरिबीउन्मूलन, देशविकासजस्ता झुटा सपना बाँड्दै जनताका लागि एकरत्ति काम नगर्ने राजनीतिक संस्कारप्रति आक्रोश पनि उनका कवितामा व्यक्त गरिएको छ । प्रजातन्त्रको मन्त्र जप्दै मानवअधिकार हनन गर्ने यथार्थ राजनीतिक विकृतिप्रति कवि दुःखी खरो उत्रन्छन् । जनताका रगतपसिना चुस्ने राजनीतिक कुसंस्कृतिको भण्डारफोर गर्नुपर्छ भन्ने कुरामा कवि दृढ छन्, प्रतिबद्ध छन् ।

साहित्य समाजसापेक्ष यथार्थमा केन्द्रित हुनुपर्छ भन्ने कवि हिरामणि दुःखीको कवितामा क्रान्तिसम्बन्धी विभिन्नखालका बिम्बहरूको प्रयोग भेटिन्छ । सरल, सरस र संवेद्य भाषाशैलीमा रमाउने कवि दुःखीका कवितामा निम्नवर्गीय जनताको आवाजलाई अटाउने प्रयास गरिएको छ ।

***३. सामन्ती शोषणप्रति खबरदारी***

दुःखीका अधिकांश कविताहरू शोषित जनताका पक्षमा केन्द्रित छन् । कालान्तरदेखि नै विविध वहानामा शामन्तहरूले निम्नवर्गलाई सताउँदै आएका छन् । त्यसखालका समुदायको कथाव्यथा लेख्नमा दुःखीका कविताहरू केन्द्रित देखिन्छन् । शोषकसामन्तहरूले विविध वहानामा विविध परिभाषा दिएर निर्दोष नागरिकहरूलाई रित्याउँदै गरेको घटनालाई पनि दुःखीका कविताले आफ्नो विषयवस्तु बनाएका छन् । जस्तोसुकै षड्यन्त्रको जालो फिँजाए पनि सामन्तवादीहरूको समाप्ती अवश्यम्भावी रहेको तथ्यलाई पनि दुःखीका कवितापुञ्ज एक वस्तुतथ्य सावित हुन्छन् ।

***४. वर्गीय आन्दोलनको अपरिहार्यताको सन्देश***

मानवसभ्यताको आदिकालदेखि आजपर्यन्त निरन्तर रूपमा उपल्लोवर्गले तल्लोवर्गलाई, हुनेखानेले हुँदा खानेलाई, अग्लाले होचालाई, बलिष्ठले निर्बलियोलाई दमन गर्दै आएकाले अब पिछडिएका, हेपिएका, निम्नवर्गका व्यक्तिहरू जुर्मुराएर उठ्नुपर्छ भन्ने वर्गीय आन्दोलनको महत्व र मूल्यका विषयमा दुःखीका कविताहरू हुङ्कार बोल्छन् । दुःखीका कवितात्मक हरफहरू निम्नवर्गको सार्थक मुक्तिआन्दोलनको सारथी बन्न सक्षम देखिन्छन् ।

***५. आर्थिक विपन्नताले उब्जाएको विखण्डनको चित्रण***

समाजमा आर्थिक असमानताले निकै जटिल परिस्थिति सिर्जना गरेको छ । अर्थराजनीतिक पक्षहरू स्पष्ट नहुँदा सम्पन्नता र विपन्नताका खाडलहरू निकै गहिरिएर गएको छ । समाजमा सिटामोलको गोली खान नपाउने, अनाहकमा गोली पड्केर मर्नुपर्ने विरोधाभाषपूर्ण अर्थराजनीतिक यथार्थले हाम्रो समाज निकै धुमिल बन्दै गएको सन्दर्भलाई पनि यस कवितासङ्ग्रहमा चित्रण गरिएको छ । नेपाली जनता भोकै नाङ्गै जिउनुपर्ने कारण, आर्थिक विपन्नताको मूल कारक भनेको आदिकालदेखिको समन्तवादी राज्यसत्ता रहेको तथ्यलाई पनि उनका कविताले छर्लङ्ग पारेका छन् ।

***६. विस्तारवादी र साम्राज्यवादी शक्तिप्रति आक्रोश***

नेपाल इतिहासको कालखण्डमा कहिल्यै पनि कसैको अधीनमा रहेन तर अप्रत्यक्ष रूपमा सधैँ कसैको निर्देशन र हस्तक्षेपमा सञ्चालन हुनुपरेको तथ्यलाई दुःखीले आफ्ना कविताहरूको केन्द्रीय कथ्य बनाएका छन् । विशेषगरी अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले अब त झन् खुलेआम हस्तक्षेप गर्न लागेको कुरा दुःखी कवितामा प्रस्ट्याउँछन् । देशको परिवर्तित सन्दर्भमा नेपालका लागि कुनै पनि राजनीतिक, आर्थिक, सांस्कृतिक दासता स्वीकार नहुने कुरामा दुःखीको कविता जोडदार रूपमा बुलन्दिन्छन् । वर्गीय मुक्ति आन्दोलनको विकसित शृङ्खलालाई साम्राज्यवादीविस्तारवादी दलालहरूले बीचैमा तोडमोड पार्ने प्रयास गर्दै गरेकाले त्यसको खबरदारी गर्ने दिसातर्फ विशेष क्रियाशील हुन पनि दुःखी आफ्ना कवितामा आह्वान गर्छन् ।

***७. जनयुद्धलाई युगको मागका रूपमा चित्रण***

जनयुद्ध कसैको लहडमा सञ्चालन भएको राजनीतिक अभियान होइन । यो न त कसैको व्यक्तिगत चाखको विषय हो । यो त नेपाली जनताको विद्रोहको आगोबाट जन्मेको युगको अपरिहार्य माग हो भन्ने सन्दर्भलाई दुःखीका कविताले निकै प्रभावकारी रूपमा चित्रण गरेका छन् । नेपाली जनयुद्ध हाम्रो देशमा मात्र नभएर अन्तर्राष्ट्रिय राजनीतिक परिदृश्यमा देखिएको नमुना राजनीतिक घटनाक्रम हो भन्दै दुःखीको कवित्वले जनयुद्धका तरङ्गहरूलाई समाजमा सही र आलाङ्कारिक प्रक्षेपण गरेको देखिन्छ ।

त्यस्तै, हिरामणि दुःखीको परिभाषा कवितासङ्ग्रहपछि अर्को कवितासङ्ग्रह पनि प्रकाशित भएको छ । त्यस कवितसङ्ग्रहको नाम 'जून पस्किने यात्रामा' हो । यस लेखकलाई सूचना भएसम्म यस कवितासङ्ग्रह लेखकको जन्मथलो दाङमा सार्वजनिक तथा व्याख्यान भएको हो । साहित्य समाजमा वर्गसङ्घर्षको चेतना जगाउने हतियार हो भन्ने मान्यता राख्ने दुःखीको यस कवितासङ्ग्रह पनि जनयुद्धको प्रतिबिम्ब र युद्धको मोडल फेरिएको वर्तमान परिवेशको सच्चा ऐना हो । 'हाम्रा साहित्य ओकल्ने कलमहरू दुश्मनका अगाडि मिसायल मात्र होइन, अणु र परमाणु बम नै भएर विष्फोट हुनुपर्छ' भन्ने मान्यता राख्ने दुःखी यस कवितासङ्ग्रमा भने जनतालाई केही नयाँ चीज पस्कनुपर्छ, नयाँ वस्तुको प्रतीक्षामा आजका जनता रहेको कुराले चिन्तित बनाइरहन्छ । कविताले युद्ध र परिवर्तनका विविध सन्दर्भलाई उठाउँदा उठाउँदै पनि कविताको केन्द्रीय भाव राष्ट्रियता, स्वतन्त्रता तथा परिवर्तनको पक्षमा नै अन्तर्सम्बन्धित रहेका छन् । लामाछोटा आकारका पच्चीसवटा कविता तथा दसवटा गजलहरूलाई रङ्गीन मालामा उनिएझैं लाग्ने यस कवितासङ्ग्रह जनयुद्धको रन्कोदेखि शान्तिप्रक्रियाको फन्कोसम्म विचरण गरेको देखिन्छ । यसका साथै, समाजमा विद्यमान विकृति र अराजकताका सन्दर्भमा कविताहरू खरो रूपमा उभिएका छन् । गणतन्त्र स्थापनाका गौरवमय अनुभूतिहरूलाई पनि कवितामा विशेष रूपमा उठाइएको छ ।

कवि दुःखीको दुवै कवितासङ्ग्रहको मूल्याङ्कन गर्दा उनी प्रतिबद्ध प्रगतिवादी कवि हुन् किनभने उनको मुख्य लेखनीको धरातल वर्गसङ्घर्ष र सर्वहारावर्गीय पक्षधरता हो । जनयुद्धको क्यानभासमा हाम्रो समाजको माटोले यथार्थ रङ्गीन तस्वीर कोर्ने प्रयासमा उनका अधिकांश कविताहरू उद्यत छन् । समन्तवादी सोच भएका सत्रुपक्षले समाजलाई दुःख दिँदा कवि यस्तो आक्रोश पोख्छन्, जुन कुनै बारुदको धमकाभन्दा कम अनुभव हुँदैन । सुरुसुरुका कवितामा विचारपक्ष बढी खरो रूपमा प्रस्तुत हुँदा सौन्दर्य पक्ष केही हलुको भएर राजनीतिक सम्बोधनजस्ता अनुभूति पनि पाठकलाई हुने गर्छन् । लेखनीको सङ्घर्षमा नियमित क्रियाशील दुःखीका यी कवितासङ्ग्रहरू दरो आधारहरू हुन् यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने आगामी दिनमा दुःखीबाट यस्ता अझै उत्कृष्ट साहित्यिक सिर्जनाको अपेक्षा गर्न सकिन्छ ।

दुःखी कविताहरूमा सपनाका सुन्दर फूलहरू रोप्छन् र त्यसलाई सफलीभूत पार्ने क्रममा विश्वस्त बन्छन् । यस्तै भाव बोकेको कविता हो-

'सहर र सपना' शीर्षकको कविता यसमा युगीन सुन्दर सपनाको परिकल्पना गरिएको छ । दुर्गम समाजलाई सर्वसुलभ तथा अभावभित्रका तीता चोटहरू समन गर्न परिवर्तनको सपना बोकेर हिंड्ने सचेतवर्गको समाज रूपान्तरण गर्ने सपनाको विषयमा दुःखीका कवताहरू स्पष्टसँग बोलेका छन् । परिवर्तनका सपना देख्नेले मात्र संसार फेर्ने सक्छ भन्दै उनी कवितामा यसरी बोल्छन् ।

*इतिहास बनाउन*
*सपना देख्नुपर्छ*
*सपना देख्नेहरूले मात्र*
*छालाको काँचुली फेर्न सक्छ । (सहर र सपना, १)*

अधिकांश कविताले विषयवस्तुका रूपमा क्रान्तिका पृष्ठभूमिलाई लिएकाले दुःखी कवितामा राजनीतिक परिवर्तनको छाप देख्छन् । क्रान्तिको नेतृ□व गर्ने कित्ता र अवसवादी कित्ताको पहिचान हुनपर्ने तथ्यलाई कवि दुःखीले 'जुलुस र कविता' शीर्षकमा शीर्षकमा स्पष्ट पार्छन् । रूपान्तरणका यात्रामा क्रान्तिको वास्तविक नायक छाया पर्ने र अवसरवादी चलाखवर्गले अवसर लिएर क्रान्तिको उपलब्धि हत्याउन हुँदैन । तसर्थ, जुलुसभित्र पनि सचेत हुनुपर्ने तथा मञ्चमा पनि सचेत हुनुपर्ने अपरिहार्यतालाई यस कवितामा विशेष रूपमा चर्चा गरिएको छ । धमिलो पानीमा माछा मार्न चाहने कित्तासँग सधैँ सजग रहनुपर्ने कुरालाई पनि 'जुलुस र कविता' शीर्षकमा विशेष खबरदारी गरिएको छ ।

नेपाली राजनितिमा निकै बहसको विषय बनेको सेनासमायोजनका विषयमा कवि दुःखी 'सामयोजन' शीर्षक दिएर सेनासमायोजन योगदानका आधारमा हुनुपर्छ । जनताको लागि लडेको सेना र एक बादसाहको सुरक्षाको लागि लडेको सेनाको मूल्याङ्कन एकै हुनुहुँदैन भन्दै कुनै पनि सवाल र सन्दर्भमा शाहीसेना र जनसेना एकै हुन सक्दैन भन्ने तर्क राख्दै जनसेना मात्र वास्तवमा जनताको सक्कली सेना हो भन्ने धारणा राख्छन् । सय भारी खर काट्ने र सय बारी खर पोल्नेको मूल्याङ्न एकै हुनुहुँदैन खबरदार ! भन्दै इतिहासलाई मूल्याङ्कन गरेर सेना समायोजन हुनुपर्ने धारणा उनका कवितामा राखिएको छ ।

नेपालको जनक्रान्ति उन्नत अवस्थामा विकसित हुँदै निष्कर्षतिर उन्मुख भएकाले यस्तो उपलब्धिलाई शान्तिसम्झौताका नाउँमा यसको उपलब्धिलाई अवमूल्यन गर्नुहुँदैन भन्ने धारणा पनि उनका कवितामा राखिएको छ । क्रान्ति समाप्तिका लागि हरेकपल चनाखो हुनुपर्छ भन्ने धारणा 'आगो खोज्दै छ मान्छे' भन्ने शीर्षकको कवितामा विशेष रूपमा उठाइएको छ । राजनीतिक विषयवस्तुका साथै सामाजिक विषयवस्तुलाई पनि दुःखी जीवन्त रूपमा कवितात्मक प्रस्तुति गर्छन् ।

नेपालको सन्दर्भमा हलियामुक्तिको आन्दोलन राजनीतिक रूपमा सुल्झिए पनि उनीहरूको वास्तविक पीडा कस्तो थियो भन्ने कुरालाई 'मुक्तहलिया' कवितामार्फत् प्रस्तुत गरिएको छ । हलियाहरू मुखियाको घरबाट भौतिक रूपमा मुक्त त भए तर नाङ्गिएर, गास, बास, कपास, लत्ताकपडा गुमाएर आकाशे छानोमुनि गुजारा गर्नुपर्ने अवस्थामा मुक्त भएको तीतो यथार्थलाई यस कवितामा प्रस्तुत गरिएको छ । आर्थिक रूपमा कङ्गालिएर समाजिक रूप बहिस्कृत भएर मुक्त

*बाँकी ७ पेजमा*

## अठारौं...

हाल नेपालमा यी तीन प्रकारका पुस्तकालयहरू मात्र रहेका छन् । यस्तै राष्ट्रिय पुस्तकालय दिवसको अवसर पारेर सरकारले यो देशमा एउटा जनवादी तथा समाजवादी पुस्तकालय पनि स्थापना गर्नुपर्ने आवश्यकता छ । यो आजको युगको माग पनि हो ।

पुस्तकालय ज्ञान ,सिप , शिक्षा र अनुसन्धानको मूल स्रोत , सामाजिक संस्कृति र बौद्धिक चेतनाको अभिवृद्धि गर्ने केन्द्र र विद्यार्थी, शोधकर्ता र पाठकलाई जीवनभर अध्ययन गर्ने प्रेरणा दिने स्थल भएकोले राष्ट्रिय पुस्तकालय दिवसको महत्व छ ।

पठनपाठन अनुसन्धान र सन्दर्भ सामग्री प्राप्त गर्न, अध्ययन संस्कृति र आलोचनात्मक सोचको विकास गर्न,पुस्तक , पत्रिका ,डिजिटल सामग्री लगायत विविध ज्ञान-श्रोतमा पहुँच बढाउन पुस्तकालयको उपयोग गरिन्छ ।

आज नेट, इन्टरनेट, मोबाइल गुगल च्याट जिपिटी जस्ता डिजिटल स्रोतहरूको युगमा धेरै मानिसहरूले पुस्ताकालयको आवश्यकता देख्दैनन् । आजको यो युगमा पुस्तकालयको महत्त्व झन् बढेर गएको छ । किनभने ज्ञानको विविधता र विस्वंसनीयता, इतिहास र संस्कृतिको संरक्षण, समान पहुँच, पठन संस्कृति र ध्यान केन्द्रित गर्ने अभ्यास, समुदाय र संवादको थलो र डिजिटल युगसँग सहकार्य गर्नको लागि महत्त्वपूर्ण भूमिका पुस्तकालयबाट नै हुन्छ । त्यसैले पुस्तकालयको महत्त्व बढेर गएको हो । १८औं राष्ट्रिय पुस्तकालय दिवसको सबैलाई शुभकामना धन्यवाद ।

## क्रान्तिकारी...

गौरवले देशैभर जनविद्रोहको माहौल बनेको बताउनु भयो । उहाँले भन्नुभयो, "जनसंघर्ष, वर्गसंघर्ष, जनप्रतिरोध र जनविद्रोहको कार्यदिशा सही साबित हुँदै गएको छ । अहिले देशैभरि जनविद्रोहको माहौल बनिरहेको छ ।" उहाँले विकसित परिस्थितिलाई मध्येनजर गरी रचनात्मक रूपमा काम गर्न पार्टीपंक्तिलाई निर्देशन पनि दिनुभयो ।

त्यसैगरी सम्मेलनका विशेष अतिथि तथा पार्टीका पोलिटब्यूरो सदस्य एवम् ९ नं ब्यूरोका इन्चार्ज सागरले ललितपुर जिल्लाको सम्मेलनको पृष्ठभूमि केलाउदै उदारवाद र उदाशिनता पार्टीको ठूलो रोग भएको बताउनु भयो । उहाँले आवाश्यकता र क्षमताको अन्तरविरोध संघर्षकै बिचबाट हल गर्दै जनविद्रोहको कार्यदिशा सफल बनाउन सक्रिय भूमिका निभाउन सबै प्रतिनिधि पर्यवेक्षकहरूलाई आव्हान गर्नुभयो ।

विश्वासको अध्यक्षता र निरखको सञ्चालनमा सम्पन्न सम्मेलनको बन्द सत्रले विश्वासको नेतृत्वमा निरस, वावुलाल, ईश्वर, इश्वरी, रोशन राजकुमार, पेन्चमाया, कुमार वलिजङ्ग, लगायत २५ सदस्सीय जिल्ला कार्यसमिति निर्वाचित गरेको हो ।

सम्मेलनमा पार्टी केस कगेन्द्र र दिपकको पनि अतिथिको रूपमा उपस्थित रहेको थियो भने सम्मेलनमा बाबुलाल लोप्चनले स्वागत गर्नुभएको थियो । सम्मेलनमा कगेन्द्र पनि शुभकामना मन्तव्य राख्नुभएको थियो । सम्मेलनबाट निर्वाचित कमिटिलाई शपथ खुवाउँदै दिपकले बधाई तथा शुभकामना दिनुभएको थियो ।

## चीनको...

ओलीले नेपाली भूमि लिपुलेक हुँदै व्यापार पुनः सुरु गर्न चीन र भारतले गरेको सम्झौतालगायतका विषय उठाएका थिए । 'चिनियाँ राष्ट्रपतिसँगको भेटमा प्रधानमन्त्री ओलीले नेपालका दुई छिमेकीबीचको हालैको समझदारीको मुद्दा उठाउनुभयो र लिपुलेकलाई नेपाली भूभागको हिस्साका रूपमा मान्यता दिन आग्रह गर्नुभयो,' राईले जारी गरेको भिडियो सन्देशमा भनेका छन् ।

चिनियाँ विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भने लिपुलेकको प्रसंग नै उल्लेख छैन, बरु नेपालले जीएसआईसहित चीनका अन्य अवधारणालाई समर्थन गरेको दाबी गरिएको छ । 'नेपाल चीनले प्रस्ताव गरेका ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ्स (जीडीआई), ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) र ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ्स (जीसीआई) लाई समर्थन गर्छ । सांघाई सहयोग संगठनको मूल्य र भावनाअनुसार अन्तर्राष्ट्रिय मामिलामा चीनको अझै ठूलो भूमिकाको अपेक्षा गर्दछ,' चिनियाँ विदेश मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्रीको भ्रमण टोलीमा रहेका मन्त्री, उच्च अधिकारी र सहयोगीहरूले भने चिनियाँ विदेश मन्त्रालयको दाबीलाई अस्वीकार गरेका छन् ।

त्यस्तै बेइजिङमै रहेका प्रधानमन्त्रीका आर्थिक विकास सल्लाहकार तथा पूर्वअर्थमन्त्री युवराज खतिवडाले पनि चिनियाँ दाबीलाई अर्थहीन भनी टिप्पणी गरे । 'हामीले त्यस्तो कुनै पनि कुरामा सहमति जनाएका छैनौं । हामी सहमत नभएसम्म एकतर्फी दाबीको कुनै अर्थ हुँदैन,' खतिवडाले भने । चीनका लागि नेपाली राजदूत कृष्णप्रसाद ओलीले चीनको दावीलाई झूटो समाचार भनेका छन् ।

जीएसआईलाई चिनियाँ सुरक्षा रणनीतिक अवधारणा मानिन्छ । यद्यपि, चीनले यसलाई विश्वको विकास, समृद्धि र शान्ति स्थापनाका लागि अघि सारिएको अवधारणा भएको दावी गर्दै आएको छ ।

कूटनीति र सुरक्षा मामिला विज्ञहरूले जीएसआईमा नेपालको समर्थन रहेको भनेर चिनियाँ दाबीबारे सरकारको आधिकारिक धारणा आउनुपर्ने बताएका छन् ।

सुरक्षा मामिलाका जानकार एवं राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख देवीराम शर्मा 'जीएसआई' मा नेपाललाई सहभागी गराउन चिनियाँ पक्षले पहिलेदेखि नै लबिइङ गर्दै आएको भए पनि प्रधानमन्त्रीकै भ्रमणमा सहमति भएको भनेर चिनियाँ पक्षले विषय बाहिर ल्याउनु गम्भीर भएको बताएका छन् ।

भू-राजनीतिक मामिलाका जानकारसमेत रहेका नेपाली सेनाका पूर्वउपरथी विनोज बस्न्यातले भनेका छन्, 'अहिले शक्ति राष्ट्रहरूका स्वार्थका हिसाबले विश्व तीन ध्रुवमा बाँडिएको छ, एउटा अमेरिका, अर्को चीन र तेस्रो असंलग्न । हामी अहिलेसम्म तेस्रोमा छौं । तर प्रधानमन्त्रीले जीएसआईमा सहमति जनाउनुभएको हो भने देशको हितमा छैन ।' देशभित्र छलफलसमेत नगरी चीन पुगेर जीएसआईमा समर्थन गरेको भए त्यो गलत हुने उनको भनाइ छ ।

अप्रिल २०२२ मा आयोजित बोआओ फोरम फर एसियाको वार्षिक कार्यक्रममा सम्बोधन गर्ने क्रममा चिनियाँ राष्ट्रपति सीले सुरक्षासम्बन्धी कार्यक्रम ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) को प्रस्ताव अघि सारेका थिए । त्यति बेला उनले अमेरिकाको इन्डो-प्यासिफिक रणनीति (आईपीएस) र क्वाड (अमेरिका, जापान, अस्ट्रेलिया र भारत) को औचित्यमाथि प्रश्न गर्दै विकल्पमा जीएसआई प्रस्ताव गरेका थिए ।

चीनको विदेश मन्त्रालयले २१ फेब्रुअरी २०२३ मा सार्वजनिक गरेको 'द ग्लोबल सेक्युरिटी इनिसिएटिभको कन्सेप्ट पेपर'मा यसको उद्देश्य अन्तर्राष्ट्रिय द्वन्द्वका कारणलाई निराकरण गर्ने, अस्थिरता हटाउने र संयुक्त अन्तर्राष्ट्रिय प्रयासहरूलाई प्रोत्साहन गर्ने भनिएको छ । त्यही विषयलाई जोडेर यो अवधारणालाई चीनले अघि सारेको एउटा सुरक्षा गठबन्धन बनाउने प्रयासका रूपमा विश्लेषण गरिदै आएको छ ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०८० सालमा गरेको चीन भ्रमणका बेला समेत बेइजिङमा नेपाली पक्षलाई जीएसआई सम्झौता गर्न दबाब दिइएको थियो । तर, त्यसबेला सामरिक प्रकृतिको सम्झौता गर्ने आफ्नो देशको नीति नरहेको जवाफ नेपाली पक्षले दिएको जानकारहरू बताउँछन् ।

***लिपुलेक सम्झौताप्रति आपत्ति प्रकट गरेको एकपक्षीय दावी***

प्रधानमन्त्री ओलीको सचिवालयमार्फत दिएको भिडियो प्रतिक्रियामा परराष्ट्रसचिव राईले भनेका छन्, 'प्रधानमन्त्रीले स्पष्ट रूपमा यो विषय चीनका राष्ट्रपतिसमक्ष राख्नुभएको छ । १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभाग सार्वभौम मुलुक नेपालको हो भन्ने स्पष्ट छ । नेपाली भूभागका सम्बन्धमा भारत र चीनले सम्झौता गर्नुहुँदैनथ्यो । अब त्यो सम्झौतालाई चीनले कार्यान्वयन नगरोस् भन्दै प्रधानमन्त्रीले आपत्ति जनाउनुभयो ।'

भारत र चीनको सीमासम्बन्धी छलफल गर्ने विशेष प्रतिनिधिबिच दिल्लीमा ३ भदौमा भएको वार्तामा नेपालको लिपुपाससहित तीन नाका व्यापारिक प्रयोजनका लागि खोल्ने सहमति भएको थियो । भारत र चीनबिच विगतमा हुँदै आएका यस्तो सहमतिप्रति नेपालले आपत्ति जनाउँदै आएको छ । यसबारे प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सीको पुनः ध्यानाकर्षण गराएको दावी गरिएको छ ।

शनिबार साँझ नै बेइजिङस्थित नेपाली राजदूतावासले जारी गरेको विज्ञप्तिमा पनि लिपुलेकबारे चिनियाँ राष्ट्रपतिसँगको भेटमा प्रधानमन्त्री ओलीले उक्त सम्झौताप्रति नेपालले कडा आपत्ति जनाइसकेको स्पष्ट पारेको उल्लेख छ । 'भारत र चीनबिच लिपुलेक नाका हुँदै सीमा व्यापारसम्बन्धी नयाँ समझदारीको सन्दर्भमा प्रधानमन्त्रीले उक्त भूभाग नेपालकै भएको र यसप्रति नेपाल सरकारले कडा आपत्ति जनाइसकेको स्पष्ट पार्नुभयो,' दूतावासको विज्ञप्तिमा छ ।

राष्ट्रपति सीले नेपालले राखेको अडानसँग आफू फरक नरहेको बताउँदै लिपुलेकसम्बन्धी विवाद नेपाल-भारतबिचको छलफलमार्फत समाधान होस् भन्ने चाहना राखेको सचिव राईले बताए । 'त्यो नाका (लिपुलेक) परम्परागत रूपमा प्रयोग हुँदै आएको हो । नेपालको जुन दाबी छ, त्यसमा हाम्रो कुनै पक्ष वा दाबी हुँदैन । तपाईंहरूको सीमा विवादमा हामी पक्ष बन्न चाहँदैनौं । यो दुई पक्ष (नेपाल र भारत)ले समाधान गर्ने विषय हो,' चिनियाँ राष्ट्रपति सीलाई उद्धृत गर्दै परराष्ट्रसचिव राईले भने । तर, चिनियाँ विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भने लिपुलेकको सन्दर्भ उल्लेख छैन । राष्ट्रपति सीसँगको भेटमा प्रधानमन्त्री ओलीसँग पूर्वउपप्रधानमन्त्री तथा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, शिक्षामन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, एमाले सचिव तथा सांसद छविलाल विश्वकर्मा, परराष्ट्रसचिव अमृतबहादुर राई, चीनका लागि नेपाली राजदूत डा. कृष्णप्रसाद ओली र परराष्ट्रको चीन हेर्ने महाशाखा प्रमुख भृगु ढुंगाना थिए । विगतमा द्विपक्षीय वार्तामा सांसदलाई राख्ने चलन नभएकोमा यसपटक खड्का र विश्वकर्मालाई राखिएको छ ।

***भारतीय मिडियामा चर्चा***

भारतीय सञ्चारमाध्यमहरूले ओलीको यो कदमलाई नेपालको 'राष्ट्रवादी अडान' का रूपमा देखाएका छन् । तर साथसाथै चीनको मौनतालाई पनि उनीहरूले विशेष स्थान दिएका छन् । नेपालले लिपुलेकको विषयलाई विशेष जोडका साथ उठाए पनि चीनले यो मुद्दामा नेपालको पक्ष नलिएकोलाई भारतीय सञ्चारमाध्यमले प्राथमिकता दिएका छन् । भारतीय सञ्चारमाध्यमले यो मुद्दालाई नेपालको दाबी, चीनको मौनता र द्विपक्षीय सम्बन्धका पक्षहरूमा केन्द्रित रहेर सामग्री प्रकाशन गरेका छन् । बेइजिङस्थित नेपाली दूतावासको बयान, परराष्ट्र सचिव अमृतबहादुर राईको भनाइ र चीनको आधिकारिक 'रिडआउट'लाई आधार बनाएर सामग्री प्रकाशन गरिएको छ ।

समग्रमा, भारतीय सञ्चारमाध्यमले यो भेटलाई नेपालको 'कडा अडान' का रूपमा चित्रण गरेका छन्, तर चीनको तर्फबाट लिपुलेक मुद्दामा कुनै प्रतिक्रिया नआएको भन्दै यसलाई 'रणनीतिक मौनता' का रूपमा व्याख्या गरेका छन् ।

ओलीले लिपुलेकलाई नेपालको 'अभिन्न अंग' बताउँदै १८१६ को सुगौली सन्धिको हवाला दिएको विषय अधिकांश सञ्चारमाध्यममा उल्लेख छ । त्यस्तै गत अगस्ट १५ को सम्झौता नेपालको सहमतिबिना भएको र नेपालको सार्वभौमसत्तामाथि चुनौती भएको ओलीको भनाइलाई पनि समाचारमा समावेश गरेको छ ।

भारत २४ लाइभमा ओलीले 'दो टूक' भनेर लिपुलेक नेपालको भएको दाबी गरेको र चीनसँग सम्झौता पुनर्विचार गर्न अपील गरेको उल्लेख छ । त्यस्तै अग्निवाणीमा पनि ओलीले लिपुलेकलाई नेपालको अभिन्न हिस्सा बताउँदै भारत-चीन सम्झौतालाई 'सम्प्रभुता के लिए चुनौती' भनेको उल्लेख गरेको छ ।

नवभारतटाइम्स, न्युज १८, जागरण, पीटीआई, इटीभीभारत, जी न्युज र दी ट्रिब्युन लगायतका सञ्चारमाध्यमले ओलीले अगस्ट १५ को सम्झौतालाई लिएर चीनसँग 'कुरा काटेको' भन्ने आशयका साथ समाचार प्रकाशन गरेका छन् । भारतीय समाचार एजेन्सी पीटीआईले लिपुलेकलाई नेपालले आफ्नो भनेर दाबी गरे पनि भारतले ऐतिहासिक र प्रमाणमा आधारित नभएको भन्दै अश्वीकार गरेको उल्लेख गरेको छ ।

यसैबीच, बीबीसी हिन्दीका अनुसार, सि र मोदीबीच ड्रागन र हात्तिबीच भेटवार्तामा मानसरोवरमा डाइरेक्ट फ्लाइट गर्ने सहमति भएको छ ।

चीनका राष्ट्रपति सी चिनफिङले भने, 'संसार परिवर्तनतर्फ अघि बढिरहेको छ । चीन र भारत दुवै विश्वका सबैभन्दा पुराना सभ्यताहरू हुन् । हामी दुवै देश विश्वकै सबैभन्दा बढी जनसंख्या भएका राष्ट्र हौँ र ग्लोबल साउथको हिस्सा पनि हौँ । मित्र बनेर रहनु, असल छिमेकी बन्नु, ड्रागन र हात्तीको सहकार्य हुनु धेरै महत्त्वपूर्ण छ ।'

पूर्वी लद्दाखको सीमा क्षेत्रमा अप्रिल २०२० अघिजस्तै स्थिति अझै पुनःस्थापित भइनसकेको समयमा प्रधानमन्त्री मोदीको चीन भ्रमण भएको हो । सन् २०२० पछि चीनले पटक-पटक अरुणाचल प्रदेशका विभिन्न भूभागलाई म्यान्डारिन भाषामा नयाँ नाम दिएको छ । चीनले अरुणाचल प्रदेशलाई आफ्नो क्षेत्र ठान्दै 'दक्षिणी तिब्बत' भनी उल्लेख गर्ने गरेको छ ।

मोदीले हालैको प्रगतिलाई उल्लेख गर्दै भने, 'कैलाश मानसरोवर यात्रा फेरि सुरु भएको छ । दुवै देशबीच प्रत्यक्ष हवाई उडान (डायरेक्ट फ्लाइट) पनि पुनः सुरु हुँदैछ । हाम्रो सहकार्यसँग २.८ अर्ब जनताको हित जोडिएको छ । यसले सम्पूर्ण मानवताको कल्याणको बाटो खोल्नेछ । आपसी विश्वास, सम्मान र संवेदनशीलताका आधारमा हामी हाम्रो सम्बन्धलाई अगाडि बढाउन प्रतिबद्ध छौँ । एससीओको अध्यक्षताका लागि म तपाईंलाई धेरै-धेरै बधाई दिन्छु ।'

***ड्रागन र हात्तीको सहकार्य, मारमा गाई***

चीन र भारत मिल्दा पनि झगडा गर्दा पनि चेपुवा(मार)मा नेपालमा पर्दै आएको छ । नेपालका शासकहरूको विदेशी शक्तिकेन्द्रको दलाली गर्ने र आफ्नो सत्तास्वार्थका लागि देशको सार्वभौम सत्ता, क्षेत्रीय अण्डतालाई दाउमा राख्ने प्रवृत्तिका कारण नेपालको स्वतन्त्रता, स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामा गम्भिर संकट पैदा हुँदै आएको छ । विशाल दुई छिमेकी र अन्य पश्चिमा शक्ति राष्ट्रहरूबिच सन्तुलनकारी व्यवहार नगर्दा वा गर्न नसक्दा नेपाल विदेशी शक्तिकेन्द्रको स्वार्थको केन्द्र र उनीहरूबिचको दुश्मनीपूर्ण प्रतिस्पर्धाको अखडामा परिणत हुन पुगेको छ । चीनको जिएसआईमा समर्थनको प्रकरणले भविष्यमा अझ थप संकट पैदा गर्ने निश्चित देखिएको छ ।

## दुःखीका...

भएका हलियाहरूको सार्थक मुक्तिका लागि अझ अर्को विद्रोह गर्नु पर्ने सन्देश पनि दुःखी आफ्ना कविताका हरफहरूमा स्पष्ट बोल्छन् । हलियाहरू कागजमा मुक्त त भए तर मुखियाको जाली तमसुक तथा षड्यन्त्रको सिकार भएर मुक्त भएको यथार्थ घामजस्तै सत्य छ भन्ने कुरा पनि दुःखी आफ्नो कवितामा व्यक्त गर्छन् । कुनै न कुनै वहानामा हाम्रो देश नेपाल राष्ट्र कतै न कतैबाट इतिहासदेखि नै लुटिँदै छ । यो विभिन्न समय र सन्दर्भमा यसको अस्तित्वमा आघात पुऱ्याउने काम भएको छ भन्ने असन्तुष्टि 'हराउँदै छ मेरो देश' शीर्षकको कवितमा दुःखी व्यक्त गर्न पुग्छन् ।

'जून पस्कने यात्रामा' कविता यस कवितासङ्ग्रहको प्रतिनिधि कविता हो । यस कवितामा नेतृत्वले आफ्नो कुशलता र सीपले यस क्रान्तिलाई यस सन्दर्भसम्म ल्याइपुऱ्याएको तथ्यलाई यस कवितामार्फत् प्रस्तुत गरिएको छ । गरिब नेपालीको परिवर्तित समाज हेर्ने चाहना अत्यन्त्यै उत्कट रहेको छ । त्यस चाहनालाई पूरा गर्न थुप्रै क्रान्तिकारी मित्रहरूको बलिदान गरेको र युगनायक क्रान्तिनायक प्रचण्डले क्रान्तिलाई यस अवस्थासम्म ल्याइपुऱ्याएको र अझ पनि यसलाई निष्कर्षमा पुऱ्याउने अभियान नसकिएको तथ्यलाई पनि यस सन्दर्भमा उल्लेख गरिएको छ, दुःखीले युगनायकप्रति पूर्ण विश्वस्त हुँदै मेरो 'प्रिय क्याप्टेन्ट' भनी कवितामा सम्बोधन गरेका छन् ।

'तिम्रो जिन्दावाद मेरो मुर्दावाद' शीर्षकको कवितामा राष्ट्रलाई भड्खालोमा पुऱ्याउने राष्ट्रघातीहरूले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको कुरा गर्दै जनताको आँखामा छारो हाल्न खोज्नेहरूको खरो विरोध गरिएको छ । यस कवितामा राष्ट्रलाई माया नगर्ने व्यक्तिहरूबाट प्रजातन्त्रको नाम जपिनु भनेको हात्तीको देखाउने दाह्राजस्तो हो भन्ने तर्क पनि यस कवितामा राखिएको छ । यस कवितामा सङ्घीय गणराज्यको गलत व्याख्या गरिएकोमा पनि कवि असन्तुष्ट हुँदै सङ्घीयताको अपव्याख्या भएकोमा चिन्ता व्यक्त गरिएको छ । क्रान्ति अझै निष्कर्षमा पुगी नसकेकाले क्रान्तिको मोडेल फेरिन सक्छ तर पूर्ण साकार नभएकाले चनाखो रहन 'आह्वान' शीर्षकको कवितामा दुःखी आह्वान गर्छन् ।

यस सङ्ग्रहमा सङ्गृहीत गजलहरूमा शीर्षक दिइएको छ समन्यतया गजलमा शीर्षक नराखिने सैद्धान्तिक अवधारणा रहन्छ तर दुःखीले गजलको शीर्षक दिएर नवीनता भित्र्याएका छन् । विषयगत हिसाबले उनका गजलहरू पनि उही क्रान्ति र परिवर्तनमा नै केन्द्रित देखिन्छ । समग्रमा दुःखीका यी दुई कवितासङ्ग्रहको मूल्याङ्कन गर्दा उनी एक सफल जनवर्गीय प्रगतिवादी कवि हुन् भन्न धर्मराउनु पर्दैन । यस कृतिभित्रका कविताहरू अन्य सौन्दर्यले भन्दा पनि वैचारिक स्पष्टताले सुन्दर छन् । विभिन्न कित्ताका सारसुरे कविका लागि एक वैचारिक प्रस्तुतीकरणको दरिलो नमुनाका रूपमा दुःखीका कविता देखिएका छन् । समग्रमा उनका दुवै कवितासङ्ग्रह विचारका दृष्टिकोणले समान देखिन्छन् भने कवितात्मक परिपाकका दृष्टिले दोस्रो कवितासङ्ग्रह बढी सफल देखिन्छ । प्रथम सङ्ग्रहमा जस्तो तातो आक्रोश पछिल्लो सङ्ग्रहमा कम देखिन्छ । क्रान्तिको रूप फेरिन सक्ने सङ्केत उनले अगाडि नै दिएजस्तै यस पछिल्लो कृतिमा क्रान्तिको उपलब्धि स्वरूप अब जनतालाई केही नयाँ कुरा पस्कनुपर्ने बेला आएको कुरा पनि दुःखीले पछिल्लो कृतिमा व्यक्त गरेका छन् । आज पनि कविताका बारीभरि सिर्जनका फसल रोप्न सक्रिय कवि भएकाले दुःखीबाट भविष्यमा पनि यस्तै थुप्रै साहित्यसिर्जनाको अपेक्षा गर्न सकिन्छ ।

***सन्दर्भसूची***

१. दुःखी हिरामणि, जुन पस्कने यात्रामा, काठमाडौं : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समिति, २०६१ ।

२. दुःखी हिरामणि, परिभाषा, दाङ : देवकी पौडेल, चेतना पुस्तक केन्द्र, तुलसीपुर,२०६१ ।

३. तिमल्सिना, पशुपतिनाथ, प्रगतिवादी कविता मान्यता र प्रवृत्ति, पोखरा : ओजन बुक्स, २०६४।

४. सुवेदी, अशोक, नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत, काठमाडौं : शारदा सुवेदी र विकास आचार्य, २०६२

*(मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्यबाट साभार)*

## महानगरको...

एकता सम्मेलनले ४ जना पछि थप्ने गरि १३ पूर्ण सहित सम्मेलनबाट १७ सदस्यीय काठमाडौ महानगर समिति निर्माण गरेको छ ।

नव निवार्चित समितिलाई सपथ ग्रहण जिल्ला सचिव केदार खतिवडाले गराउनु भएको थियो । सम्मेलनले एकताबद्ध पार्टीलाई आगामी दिनमा जनताका विषयहरूलाई प्राथमिकता दिएर अघि बढाउने निर्णय गरेको छाकार्यक्रमको अध्यक्षता काठमाडौं महानगर समितिका सचिव विवेक शर्माले गर्नुभएको थियो ।

## ऊखु किसानको...

अनिश्चितकालीन धर्ना सुरु गरेका छन्।

ऊखुका लाँक्रासहित संघीय राजधानी आएका किसानले अनुदान माग गर्दै धर्ना सुरु गरेका नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनी मैनालीले जानकारी दिए ।

धर्नामा तराई/मधेसका १३ जिल्लाका अगुवा किसानको सहभागिता छा सर्लाही, महोत्तरी, सिराहा, रौतहट, बारा, सुनसरी, मोरङ, नवलपरासी, कञ्चनपुरलगायत तराई/मधेशका जिल्लाबाट आएका उखु किसान धर्नामा सहभागी छन् ।

गएको असार अन्तिमसाता बसेको मन्त्रिपरिषद् बैठकले उखु किसानले पाउँदै आएको प्रतिक्विन्टल उखुको ७० रूपैयाँ अनुदान कटौती गर्ने निर्णय गरेको थियो । गत वर्ष क्रसिङ भएको उखुको प्रतिक्विन्टल ३५ रूपैयाँका दरले अनुदान दिने निर्णय सरकारले गरे पनि चालु आर्थिक वर्षको बजेटमा भने उखुको अनुदानका लागि सरकारले कुनै बजेट विनियोजन गरेको छैन ।

यसबाट यो वर्ष क्रसिङ हुने उखुको अनुदान किसानले नपाउने निश्चित जस्तै देखिएको छा किसानले २०६६ सालदेखि उखुमा अनुदान पाउँदै आएका थिए ।

चालु आर्थिक वर्षको बजेटमा उखु किसानलाई दिने अनुदानको कुनै व्यवस्था नगरेको सरकारले गत वर्ष क्रसिङ भएको उखुकै पनि अझै अनुदान दिएको छैन । सर्लाहीका किसानले मात्रै सरकारबाट ३७ करोड ३९ लाख ९५ हजार ३७९ रूपैयाँ अनुदान पाउँन बाँकी छ । सरकारले अनुदान रकम कटौती गर्दा लाखौँ किसान उखु खेतीबाट पलायन हुने अवस्था आएको उखु किसानले बताएका छन् ।

उनीहरूले किसानले पाउँदै आएको प्रतिक्विन्टल ७० रूपैयाँ अनुदानलाई निरन्तरता दिनुपर्ने माग गरेका छन् ।

## घेराही...

तुलसीपुर घोराही सडक टरिगाउ एयरपोर्ट लगायतका बिषयमा ज्ञापनपत्र बुझाइएको हो ।

पार्टीका केन्द्रीय सदस्य नवीन खडका ,दिपक बिष्ट , जिल्ला सचिब इश्वरी प्रसाद गैरे , क्रान्तिकारी युवा संघ अध्यक्ष बिरेन्द्र,गोपाल बैद्द, ईश्वरीप्रसाद पाण्डे, बामदेब पोखेल ,रमेश महर , हिमाल डिासि।, गोबिन्द रसायली, गगन खडका, पूर्ण बहादुर खडका ,बिष्णु प्रसाद पोखेल, बालाराम कालाथोकी , हुपमान राना , उदय भण्डारी , लगायत नेता तथा कार्यकर्ताहरूको प्रतिनिधि मण्डलले नगर प्रमुखलाई ज्ञापन - पत्र बुझाएको हो ।

२०८२ भाद्र १३ गते घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीलाई क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका घोराही नगर ईन्चार्ज अमर पोखेलले ज्ञापन पत्र हस्तान्त्रण गर्नु भएको थियो । ज्ञापनपत्र बुझ्दै नगरप्रमुख नरुलाल चौधरीले यो ज्ञापनपत्र मात्रै नभई घोराही उपमहानगरपालिकाको बिकाश, निर्माणकार्यका लागि दस्तावेजका रूपमा ग्रहण गर्ने , स्थानीय स्तरबाट हल गर्न सकिने कुराहरू पुरागर्न पालिका लागिरहने , प्रदेश तथा संघिय योजनाका लागि माथिल्लो निकायसङ्ग निरन्तर समन्वयन गरिने प्रतिबद्धता ब्यक्त गर्दै सकारात्मक कार्यका लागि सधैं क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सङ्ग सहकार्य गर्दै अगाडि बढने प्रतिबद्धता ब्यक्त गर्नुभयो ।

## लिपुलेक...

प्रमाणहरू, आदि अनुसार लिम्पियाधुरादेखि पूर्वको सबै भाग नेपालको हो भन्ने स्वीकारेको तथ्य स्वतः स्पष्ट हुन्छ । सुगौली सन्धिपछि नेपाल र भारतको बीचमा सीमा सम्बन्धी कुनैपनि सन्धि सम्झौता भएको छैन ।

२- त्यस अनुसार महाकाली नदीको उद्गम ९मुहान० लिम्पियाधुरा र महाकाली नदी नेपालको हो भन्ने स्वतःस्पष्ट हुन्छ । अतः महाकाली पूर्वका कालापानी, लिपुलेक हुँदै लिम्पियाधुरासम्मका सम्पूर्ण भू(भाग नेपालको सीमा भित्रपर्ने स्वतः सिद्ध हुन्छ । नेपालको संघीय संसदद्वारा ती भू(भागलाई समेटेर बनाएको नेपालको राजनीतिक मानचित्रसमेत पारित गरी संविधानमा अंकित समेत भैसकेकोछ । तर नेपाल सरकारले उक्त मानचित्रलाई संयुक्त राष्ट्र संघ लगायत नेपालसंग दौत्य सम्बन्ध कायम भएका देशहरूमा पठाएर मान्यता दिलाउन कुटनीतिक पहलकदमी गर्नेतर्फ कुनै अग्रसरता लिने काम गरेन ।

३- भारत र चीनले नेपाली भूमि सिष्किला, नाथुला र लिपुलेक भञ्ज्याङबाट उनीहरूका बीचमा व्यापार सञ्चालन गर्ने निर्णय गरेर नेपालको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डता माथि ठाडो हस्तक्षेप गरेकाछन् र नेपालको आत्मसम्मान र स्वाभिमानमा गम्भीर आघात पुयाएका छन् । हामी सगौरव भन्न चाहान्छौं, हाम्रो भूमिको सम्बन्धमा अन्य देशले निर्णय गर्ने अधिकार हुदैन ।

४- नेपालका दुई ठूला र शक्तिशाली निकटतम् छिमेकीहरूद्वारा यस प्रकारको कार्य हुनु अत्यन्त खेदजनक विषय हो । अतः हामी निम्न अनुसारका दलहरूले उक्त सहमति खारेज गर्नका लागि दुबै देशसँग कुटनीतिक पहल गर्न सम्माननीय प्रधानमन्त्रीज्यु तथा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन यो ज्ञापनपत्र प्रस्तुत गरेका छौ । धन्यवाद ।

***ज्ञापनपत्र प्रस्तुतकर्ता पार्टी तथा संगठनहरू:***

१. सन्तबहादुर नेपाली, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल
२. रामप्रकाश पुरी, नेपाल कम्युनिस्ट पार्टी ९मसाल०
३. चिरन पुन, नेपाल कम्युनिस्ट पार्टी
४. कृष्णहरि भट्ट, नेपाल कम्युनिस्ट पार्टी
५. मनोज भट्ट, राष्ट्रिय जनमोर्चा
६. साध्य बहादुर भण्डारी, नेकपा (एकीकृत समाजवादी)
७. राजेश्वरी सुवेदी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल
८. दिपेन्द्र चलाउने, नेपाल कम्युनिस्ट पार्टी (बहुमत)
९. लक्ष्मण उप्रेती, अखिल नेपाल कम्युनिस्ट पार्टी

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## अठारौं राष्ट्रिय पुस्तकालय दिवस

**शैक्षिक पुस्तकालयले विशेषगरी विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयसँग सम्बन्धित पुस्तकालय जनाउँछ । जस्तै त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय शैक्षिक पुस्तकालय हो । स्थानीय समुदायको पहलमा सञ्चालन हुने पुस्तकालय, जसले सर्वसाधारण स्थानीयलाई ज्ञान प्राप्त गर्न पहुँच दिलाउँछ त्यसलाई सामुदायिक पुस्तकालय भनिन्छ ।**



● नरेन्द्रबहादुर थापा ●

नेपाल सरकारले २०६५ सालदेखि प्रत्येक वर्ष भदौ १५ गते राष्ट्रिय पुस्तकालय दिवस मनाउँदै आएको छ । विक्रम सम्वत १८६९ भदौ १५ गते शुक्रबार तत्कालीन राजा गिरवाण युद्ध विक्रम शाहको शासनकालमा पुस्तकालय स्थापना गर्ने कानुनमा लालमोहर लगाएको ऐतिहासिक दिन भएकोले सोही दिनको स्मृतिमा नेपालमा विसं २०६५ सालमा पहिलो गणतान्त्रिक प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) भएको बेलादेखि यो दिवस मनाउन थालिएको छ ।त्यसैले यो अठारौँ राष्ट्रिय पुस्तकालय दिवस हो ।

यस वर्षको पुस्तकालय दिवसको आदर्श नारा "हाम्रो पुस्तकालय, हाम्रो भविष्य, आवर लाइब्रेररी आवर फ्यूचर" तय गरेको बताइएको छ । देशभर विविध रचनात्मक, शैक्षिक तथा सन्देशमूलक कार्यक्रम आयोजना गरेर यो दिवस मनाइदैछ भनिएको छ ।

तत्कालीन राजा गिरिवाण युद्धविक्रमले पुस्तकालय स्थापना नगरेपनि कानुनमा लालमोहर लगाउनु र नेपालको प्रथम गणतान्त्रिक प्रधानमन्त्रीले समाजवाद उन्मुख शिक्षा नीति ल्याउन नचाहे पनि पुस्तकालय दिवस मनाउने प्रचलन बसाल्नु सकारात्मक नै मान्नुपर्दछ । यद्यपि नेपालमा समाजवाद उन्मुख शिक्षा नीतिको आवश्यकता छ । यो नीति भनेको जनवादी शिक्षा प्रणालीमा हुन्छ । जनवादी शिक्षा प्रणाली लागू गर्न यो सरकारले चाहँदैन ।

पुस्तकालय क्षेत्रका गतिविधि, चुनौती र आवश्यकताबारे जनचेतना फैलाउने, पुस्तकालय प्रयोगको संस्कृतिलाई प्रोत्साहन गर्ने र ज्ञान, शिक्षाको आधारलाई मजबुत बनाउनु यस दिवसको उद्देश्य हो र यसको विशेष महत्व रहेको कुरा पनि बताइएको छ । नेपालमा विभिन्न प्रकार र स्वरूपका पुस्तकालयहरू छन्, जसले ज्ञानको विकासको लागि हुने अध्ययन र अनुसन्धानमा महत्त्वपूर्ण योगदान पुर्याएका छन् । ती हुन् -

शैक्षिक पुस्तकालय, सामुदायिक पुस्तकालय र ई. पुस्तकालय ।

शैक्षिक पुस्तकालयले विशेषगरी विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयसँग सम्बन्धित पुस्तकालय जनाउँछ । जस्तै त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय शैक्षिक पुस्तकालय हो ।

स्थानीय समुदायको पहलमा सञ्चालन हुने पुस्तकालय, जसले सर्वसाधारण स्थानीयलाई ज्ञान प्राप्त गर्न पहुँच दिलाउँछ त्यसलाई सामुदायिक पुस्तकालय भनिन्छ ।

ई .पुस्तकालय भनेको डिजिटल माध्यमबाट पुस्तक सामग्री र जानकारी गराउने आधुनिक स्वरूपको पुस्तकालय हो ।

*बाँकी ७ पेजमा*


## बजारबाट सामग्री खरिद गर्दा ध्यानुपर्ने कुरा

**क्रेता वा सामग्री खरिदकर्ताले :**

- विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
- सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT)लगायत विवरण हेर्ने गरौं,
- विलमा मिति, विजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
- प्राप्त विल वा रसिदलाई सुरक्षित राखौं,
- विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं
- कुनै पनि वस्तु वा सेवा खरिद गरेपछि विल/बिजक माग्ने गरौं,

**बिक्रेताले :**

- ग्राहकलाई सामग्री खरिद गरेको विल अनिवार्य रूपमा दिऔं,
- विल बमोजिमको सामान उपलब्ध गराऔं,

**सामान खरिद बिक्री गर्दा बिल अनिवार्य लिने/दिने गरौं ।**

नेपाल सरकार

विज्ञापन बोर्ड


## इजरायलका...


मात्र जनतामाथि आफ्नो सत्ता थोपर्न सकिन्न भन्ने थाहा छ । जनतालाई नियन्त्रणमा राख्न जनमतमाथि नियन्त्रण गर्नुपर्छ । ग्राम्स्कीले यसलाई प्रभुत्व (हिजेमनी) भने । शासक वर्गको विचारलाई सामान्य चेत (कमन सेन्स) बनाउने प्रक्रियालाई प्रभुत्व भनिन्छ । नेतन्याहुले नेतृत्व गरेको इजरायल सरकार यो कलामा सिपालु छ । उसले जनतालाई फुटाएर शासन गरिरहेको छ । साथमा उसले लगातार गलत सूचनाले जनताको बुद्धि भाँडिरहेको हुन्छ ।

इजरायली राज्यको नीतिको मुख्य पक्ष नै प्यालेस्टिनीहरूलाई राजनीतिक, भौगोलिक र सामाजिक रूपले टुक्राटुक्रा पार्नु हो । गाजालाई पश्चिम किनारबाट अलग छ । पूर्वी जेरूसेलम एक्लो टापु जस्तो छ । इजरायलको प्यालेस्टिनी नागरिकहरू सैन्य कब्जाबिच बाँचिरहेका प्यालेस्टिनीहरूबाट अलग छन् । इजरायलभित्र पनि यही तर्कले काम गरिरहेको छ । यहुदी नागरिकहरूलाई जाति (आश्केनाजी, मिजराही र इथियोपेली यहुदी), धर्म (धर्मनिरपेक्ष र उग्र अर्थोडक्स) र राजनीतिक विचार अनुसार अलग राखिन्छ । तर, सङ्कटको बेला यी विभेदका पर्खाल हटाएर 'बाह्य शत्रु' विरुद्ध सबैलाई एकजुट पारिन्छ । त्यो 'शत्रु' जहिल्यै प्यालेस्टिनी हुन्छ ।

भ्लादिमिर लेनिनले यो चतुर्याइँबारे 'राष्ट्रिय प्रश्नबारे' लेखिएका रचनाहरूमा सचेत पार्नुभएको थियो । दमनकारी राष्ट्रका पुँजीपतिले आफूले दमन गर्ने राष्ट्रविरुद्ध घृणाको बिउ रोप्न र दुई राष्ट्रका श्रमजीवीहरूलाई एक हुन नदिन जहिल्यै भरमग्दुर प्रयास गर्छ । (पुँजीपतिहरूले सतर्कताका साथ 'शत्रु' विरुद्ध घृणा फैलाउँछन् । लेनिन, साम्राज्यवादी युद्धमा आफ्नै सरकारको पराजय, सन् १९१५) इजरायल सरकारले जहिल्यै त्यहाँका यहुदीहरू र प्यालेस्टिनीहरूबिच 'राष्ट्रिय भेद' रहेको बारम्बार दोहोर्याइरहन्छ । 'यो भेद एकदम घातक छ है' भनी चित्रण गरेर इजरायली शासक वर्गले तिनीहरूबिच ऐकता कायम हुन दिन्न ।

मार्क्स र एङ्गेल्सले 'शासक विचारहरू' मा शासनका भौतिक स्वार्थहरू अभिव्यक्त हुने व्याख्या गर्नुभयो । यहाँनिर ती भौतिक स्वार्थ हुन् पुँजीवादी सेना-उद्योग साँठगाँठ र बसोबासी बन्दोवस्त । इजरायली सरकार र खासगरी नेतन्याहुको चरम दक्षिणपन्थी सरकारले यो नियन्त्रणकारी भाष्यमा ठूलो लगानी गर्दै आएको छ । 'शान्तिको लागि तयार कुनै पक्ष छैन' र प्यालेस्टिनीहरू खालि इजरायलको विनाश चाहन्छन् - आधिकारिक भाष्य यही हो । सुन्नेलाई यो सही तथ्य हो भन्ने नलाग्दासम्म यसलाई भट्याएको भट्यायै गरिन्छ । इतिहासको पुनर्लेखन गरिन्छ । नक्बालाई पाठ्यपुस्तकबाट हटाइएको छ । जमिन कब्जा गर्दा हुने दैनिक हिंसालाई लुकाइन्छ । कुनै प्यालेस्टिनीले हमला गर्न आए त्यसलाई बढाइचढाइ गरेर सबै प्रतिरोधी घटना आतङ्कवाद हुन् भनी साबित गर्न खोजिन्छ । लेनिन पुनः रेखा कोर्नुहुन्छ - दमनकारी राष्ट्रको राष्ट्रवाद सारमा जहिल्यै विशेषाधिकारहरूको बचाउ हो । दमन गर्ने अधिकारको बचाउ हो । (लेनिन, राष्ट्रहरूको आत्मनिर्णयको अधिकार, सन् १९१४) इजरायलको हकमा राष्ट्रवादी प्रचारबाजी विशेषाधिकारको बचाउ मात्र होइन, बरु यसलाई अस्तित्वको मुद्दाको रूपमा प्रस्तुत गरिएको छ ।

जोसेफ स्तालिनले राष्ट्रियताको विषयमा गहिराइमा गएर लेख्नुभएको छ । उहाँले मनमोडाइ (मेनिपुलेसन) का खतराबारे यसरी लेख्नुभयो, "राष्ट्रमाथिको दमन बलप्रयोगबाट मात्र कायम राखिन्न बरु अविश्वास पैदा गरेर र विभिन्न राष्ट्रलाई आपसमा जुधाएर पनि कायम राखिन्छ ।" (दण्डको यो नीति यही टुङ्गिन । यो बेलाबेला दमनको 'व्यवस्था' बाट राष्ट्रहरूलाई भिडाउने 'व्यवस्था'' मा र हत्याकाण्ड र नरसंहार गर्ने 'व्यवस्था' मा फेरिइरहन्छ । स्तालिन, मार्क्सवाद र राष्ट्रको प्रश्न, सन् १९१३) इजरायली राजनीतिले यो अविश्वासलाई शिक्षा, मिडिया र कानुनको प्रयोग गरी संस्थागत गरिसकेको छ । यो अविश्वासका जरा निकै गहिरो गाडिएका छन् । त्यसैले इजरायलीहरू सरकारी विचारमाथि हत्तपत्त प्रश्न गर्दैनन् ।



इजरायल सरकारले नियोजित रूपमै युद्धपछाडि इजरायल एकजुट भएको चित्र प्रस्तुत गरिरहेको छ । तर, यसैबिच सरकारले लुकाउने अर्को इजरायल पनि छ । यो इजरायलमा कब्जालाई अस्वीकार गर्ने, गाजामा भइरहेको जातिसंहारको विरोध गर्ने र प्यालेस्टिनीहरूलाई शत्रुको रूपमा हेर्न नमान्नेहरू छन् । यो जमातमा यहुदी र अरबी दुवैथरी नागरिक छन् । उनीहरू काँधमा काँध मिलाएर सडकमा ओर्लँदै छन् । यिनीहरू प्रायः हदाश (यहुदी वामपन्थी) जस्ता आन्दोलनको झन्डा बोकेर आउँछन् । शान्ति तथा समानताका निम्ति अरब प्रजातान्त्रिक मोर्चाको छोटो रूप हो हदाश । समानता, कब्जाको अन्त्य र सन् १९६७ को सीमाका आधारमा 'दुई राज्य समाधान' को पक्षमा छ हदाश । आयमान ओदेह, ओफर कासिफ र आइमा सलिमा तुमान इजरायलको कम्युनिस्ट पार्टी तथा हदाशका चर्चित अगुवा हुन् । इजरायली संसद्मा जातिसंहारका घटनालाई पर्दाफास गरेको र त्यसको निन्दा गरेको हुनाले यी अगुवाले अनेकपल्ट सजाय भागेका छन् ।

इजरायलमा युद्धविरोधी आन्दोलन व्यापक छ । तर, यसलाई ठूलो शक्ति लगाएर दबाइएको छ । राजधानी तेल अभिव, हाइफा र ससाना नगरहरूमा पक्राउ पर्ने जोखिम मोलेरै पनि आन्दोलनकारीहरू'युद्धविराम गरिहाल' वा 'गाजामा नरहत्या बन्द गर' जस्ता नारा लगाउँदै सडकमा उत्रे । जाफा र आक्रीजस्ता मिश्रित जनता बस्ने सहरमा भुइँ तहमा काम गर्ने समूहहरूले यहुदी तथा प्यालेस्टिनी बासिन्दालाई एकसाथ ल्याए । जातिवादी आक्रमण र प्रहरी प्रताडनाबाट एकअर्कालाई जोगाउन ती बासिन्दाहरूले हातेमालो गरे । 'सँगै उभिऔँ', 'शान्तिका योद्धाहरू' र 'मौनता तोडौँ' लगायत सङ्घ-सङ्गठनले राज्यले गर्ने दुष्प्रचारलाई चुनौती दिइरहेका छन् । उनीहरू कब्जाकारी हमलाको नृशंसता र सम्झौताको आवश्यकताबारे खुलेर बोल्दै छन् ।

यो 'दोस्रोथरी इजरायल' इजरायली समाज एकनासे छैन भन्ने कुराको प्रमाण हो । किन छैन ? मार्क्सवादले यसको उत्तर पत्ता लगाउन सघाउँछ । हो, सैन्यकृत राज्यमा समेत वर्गीय र राजनीतिक विभाजन हुन्छ र त्यसले ऐक्यबद्धता फल्न-फुल्न सक्ने मैदान बनाउन सक्छ । लेनिनले जोड दिएर भन्नुभएको थियो - दमनकारी राष्ट्रमा साँचो अन्तर्राष्ट्रवादले आफ्नै शासक वर्गको अहङ्कारवादको सक्रिय विरोध गर्छ । युद्धविरोधी खेमाका धेरै इजरायलीहरूले यो कुरा मनमा राखेका छन् । यो कुरा बाहिर बोले आफूलाई कलङ्कित गरिनेछ भन्ने डर छ । हदाशको राजनीति लाइन अरब-यहुदी मैत्रीमा आधारित छ । यसमा यसको सिद्धान्त झल्किन्छ । यो दलले राष्ट्रवादी अहङ्कार र उदार उदासिनता दुवैको विरोध गर्छ । साथै, यसले न्याय, समानता र परस्पर स्वीकारमा आधारित साझा समाजको निर्माणमा जोड दिन्छ । यसका नेताहरू भन्ने गर्छन्, "शान्तिबिना प्रजातन्त्र हुन्न र भूमिकब्जा अन्त्य नगरी शान्ति हुन्न ।"

यी आवाज ठूलो सङ्ख्यामा रहेका दक्षिणपन्थी सङ्घ सङ्गठनको तुलनामा सानै छन् । तैपनि महत्वपूर्ण आवाज हुन् यी । यिनले सारा विश्वलाई इजरायलभित्रै पनि प्रतिरोध भइरहेको छ भनी देखाउँछन् । विविधताभित्रै पनि ऐक्यबद्धता हुन सक्छ र भविष्य खालि इजरायलको वर्तमान सरकारले मात्र निर्धारण गर्न सक्दैन - यही सन्देश छ 'दोस्रो इजरायल' को । यो सन्देशमा ग्राम्स्कीको 'अडानको युद्ध' (वार अफ पोजिसन) को अवधारणा झल्किन्छ । आक्रामक राज्यभित्रै 'प्रभुत्वविरोधी' शक्ति निर्माण गर्ने सुस्त र जटिल कार्यलाई ग्राम्स्की 'अडानको युद्ध' भन्छन् । (एन्टोनियो ग्राम्स्की, छानिएका जेलका रचना)

के हामी यो 'दोस्रो इजरायल' लाई भाग्त्रोसे छोडेर इजरायलभित्र चलिरहेको आन्तरिक सङ्घर्षप्रति उदासिन रहनमिल्ला ? हाम्रो उदासिनता नेतन्याहु र उसको गिरोहका लागि वरदान हुनेछ । त्यसकारण, इजरायलको आन्तरिक सङ्घर्षप्रति आँखा चिम्लिन मिल्दैन । इजरायली राज्य पुँजीपति-राष्ट्रवादी कुलिनहरूको हातमा छ । संयुक्त राष्ट्रसङ्घ, युरोपेली सङ्घ तथा तत्कालीन सोभियत सङ्घ अनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको समर्थनमा सन् १९४८ मा इजरायलको स्थापना भएको थियो ।(सन् १९४७ मे १४ मा राष्ट्रसङ्घको महासभामा सोभियत प्रतिनिधि आन्द्रेइ ग्रोमिकोले प्यालेस्टिनबारे विशेष समिति स्थापना गर्ने सम्बन्धमा राखेको मन्तव्य पढौँ ।) तर, जून सैद्धान्तिक धरालतमा यसको स्थापना भएको थियो ती आदर्शलाई अहिले लत्याइएको र मिचिएको छ । चालु जातिसंहार, ऐतिहासिक प्रमाण, मानवअधिकारका दस्तावेज तथा मार्क्सवादी सिद्धान्तले अहिले एकै ठाउँ आएर इजरायल स्थापनाको नैतिक आधारलाई ध्वस्त पारिएको पुष्टि गर्छन् । बदलामा प्यालेस्टिनी जनताविरुद्ध निरन्तर कब्जा तथा संरचनात्मक हिंसा गरिएको पुष्टि हुन्छ ।

यो विश्वासघातलाई मान्यता दिनाले इजरायलभित्र हुने कब्जा र युद्धविरोधी आन्दोलनको पक्षमा उभिनुको महत्व जाहेर हुन्छ । यो आन्दोलन यहुदी-अरबी र प्यालेस्टिनी-इजरायलीहरूमिलेर शान्तिपूर्वक बस्नुपर्ने एकताको मूल सिद्धान्तमा आधारित छ । यसकारण, प्यालेस्टिनी जनताको पीडाप्रति ऐक्यबद्धता जाहेर गर्दै गर्दा इजरायलभित्र जातिसंहार, कब्जा र युद्धको विरोधमा सङ्घर्ष गरिरहेका जनताप्रति पनि ऐक्यबद्धता व्यक्त गर्नु महत्वपूर्ण छ ।

अहिले सन् १९६७ को सीमारेखा कायम गर्दै एक सार्वभौम र स्वाधीन प्यालेस्टिनी राज्यको माग निकै महत्वपूर्ण हुन आएको छ । त्यो राज्यको राजधानी पूर्वी जेरूसेलम हुनुपर्छ र शरणार्थीहरूलाई तिनको पुर्ख्यौली थातथलोमा फर्किन दिनुपर्छ । यी मागलाई सशक्त पार्दै जुनसुकै मूल्य चुकाएर पनि साकार पार्नुपर्छ । यसो गर्न सकेन इजरायलको पुँजीवादी सत्ता र उसका साम्राज्यवादी मालिकहरूलाई ठूलो झापड हुने थियो । अनि, प्यालेस्टिनी जनताको उद्देश्यको पक्षमा त्यो एउटा बलियो कोशेढुङ्गा साबित हुने थियो ।

*(निकोस मोटास 'इन डिफेन्स अफ कम्युनिज्म' का प्रधान सम्पादक थिए । स्रोत : एमआर अनलाइन । सम्यक)*






**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।